सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ कात्तिक २०८०, बिहीबार (2 Nov 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १९६ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ नक्कली भुटानी शरणार्थी प्रकरण

दोस्रो चरणमा 'गुपचुप' अनुसन्धान, फेरियो बिचौलियाको बयान



पहिलो चरणको अनुसन्धानमा बिचौलियाहरूले सर्वसाधारणसँग पैसा उठाएर गृह मन्त्रालयका अधिकारीलगायत उच्चपदस्थलाई आर्थिक प्रभावमा पारी काम गराएको मात्र बयानमा बताएनन्, प्रमाणसमेत दिएका थिए । तर, यसपटक उनीहरूको बयान फेरिएको छ । उनीहरूले बयानमा उच्चपदस्थहरूको नाम लिएका छैनन् । साथै, इन्कारी बयान दिएका छन् । यसबाट अनुसन्धान प्रभावित भएको पीडितहरूको आशंका छ ।

नवराज मैनाली/नयाँ पत्रिका

गृह मन्त्रालयकै संलग्नतामा नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै भएको संगठित ठगी घटनामा प्रहरीले गुपचुप दोस्रो चरणको अनुसन्धान अघि बढाएको छ । पहिलो चरणको अनुसन्धान सकिएपछि परेका जाहेरीलाई आधार बनाएर जिल्ला प्रहरी परिसर, काठमाडौंले अनुसन्धान थालेको हो ।

परिसरले पुर्पक्षका लागि थुनामा रहेका बिचौलियाहरूलाई भिकाएर बयान गर्न थालेको छ । यति संवेदनशील अपराधमा प्रहरीले गुपचुप रूपमा अनुसन्धान सकाएर मुद्दा बुझाउने तयारी गरेपछि निष्पक्षताका साथ अनुसन्धान हुनेमा आशंका बढेको छ ।

काठमाडौं परिसरले यसै साता सानु भण्डारी, केशव दुलाल, सन्देश शर्मालगायतको बयान सुरु गरेको छ । साउनको अन्तिम साता १८ जना पीडितले दिएको जाहेरीका आधारमा प्रहरीले दोस्रो चरणको अनुसन्धान अघि बढाएको हो ।

किटानी जाहेरीमा नाम उल्लेख गरिएका बिचौलियाले नै सर्वसाधारणसँग पैसा उठाएर गृह मन्त्रालयका अधिकारीलगायत उच्चपदस्थलाई आर्थिक प्रभावमा पारी आफूअनुकूल काम गराउने प्रयास गरेका थिए । पहिलो चरणको अनुसन्धानमा उनीहरूले यो कुरा बयानमा मात्र बताएनन्, त्यसको प्रमाणसमेत दिएका थिए । तर, यसपटक उनीहरूको बयान फेरिएको छ । यसपटकको बयानमा उनीहरूले उच्चपदस्थहरूको नाम लिएका छैनन् । साथै, बयान पनि इन्कारी दिएका छन् । जसकारण अनुसन्धान प्रभावित भएको

» पृष्ठ ११ मा क्रमशः

थप व्यक्तिमाथि अनुसन्धान नै भएन

यो प्रकरणमा मुख्य पात्र बिचौलिया बेचन झा अझै अनुसन्धानको दायरामा तानिएका छैनन् । जब कि तत्कालीन गृहमन्त्री बालकृष्ण खाण र सचिव टेकनारायण पाण्डेलाई ठगी गिरोहसँग भेट गराइदिने व्यक्ति झा हुन् । सचिव पाण्डेले त लिखित बयानमै सो कुरा बताएका छन् । उनको बयानमा भनिएको छ, 'मन्त्रालयमा राजनीतिक रूपमा सम्पर्कमा आएका बेचन झासँग बयान लिएपछि यस विषयमा थप गहिराइमा पुग्न सकिन्छ ।' झाले सत्तागठबन्धनमै आफ्नो भूमिका रहेको भनेर सचिव पाण्डेलाई बताएका थिए ।



बेचन झा

काग्रेसका उच्च तहका नेतामार्फत नै झा खाण र पाण्डेलाई भेट्न गृह मन्त्रालय गएका थिए । खाणले बिचौलियाहरूसँग भेट्दा सो पैसा आफूले विभिन्न व्यक्तिहरूलाई बुझाउनुपर्ने पनि बताएका थिए । प्रस्ट ठेगाना खुल्न नसकेपछि प्रहरीले झालाई त्यतिबेला प्रतिवादी बनाउन सकेन । झाको नेपाल र भारत दुवैतिर नागरिकता रहेको प्रहरी अधिकारी बताउँछन् । काठमाडौंको बानेश्वरमा घर भएका उनी ठूला ठेक्कापट्टामा संलग्न रहेको उनको चिनजानका व्यक्तिहरू बताउँछन् ।

पक्राउ परेका प्रतिवादीले नाम लिएका, तर अन्य प्रमाण नभेटिएका आठजनामाथि पनि प्रहरीबाट थप अनुसन्धान हुन सकेको छैन । जसमा पूर्वगृहमन्त्री रामबहादुर थापा 'बादल', सांसदसमेत रहेकी उनकी पत्नी नैनकला थापा, एमाले अध्यक्ष केपी ओलीका स्वकीय सचिव राजेश बज्राचार्य, पूर्वप्रदेश सांसदसमेत रहेका एमालेकै नेता अजयक्रान्ति शाक्य, पूर्वगृहसचिव महेश्वर न्यौपाने, एमालेमै आबद्ध राजेश्वर स्थापितलगायत छन् । त्यस्तै, यसअघि मुद्दा दायर भएकामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट पनि थप छानबिन गर्न प्रहरीले पत्राचार गरेको थियो । दुवै निकायले सामान्य सोधपुछबाहेक गम्भीर अनुसन्धान गर्न सकेका छैनन् ।

प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायत भन्छन्-



नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धानमा प्रहरी अधिकारी फेरिँदैमा कुनै असर पर्दैन । दोस्रो चरणमा पनि सुक्ष्म अनुसन्धान नै भइरहेको छ ।

'संक्रमणकालीन न्यायसम्बन्धी विधेयक टुंग्याउन शीर्ष नेताबीच समझदारी'

एमालेको चियापानमा-

- **देउवाले मुस्कुराउँदै फोटो खिचाए, प्रतिक्रिया दिएनन्**
- **प्रचण्डसँगको सम्बन्धबारे ओलीले भने- राम्रै लक्षण छ अहिले त**

शुरोजंग पाण्डे/नयाँ पत्रिका

प्रमुख दलले शान्ति प्रक्रियाको मुख्य सरोकार रहेको संक्रमणकालीन न्यायसम्बन्धी विधेयक तत्काल टुंगो लगाउने गरी समझदारी बनेको सन्देश दिएका छन् । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस चारदिने भ्रमण सकेर अमेरिका फर्किएलगत्तै 'निर्णायक' छलफलमा जुटेका शीर्ष नेताहरूले यस्तो सन्देश दिएका हुन् ।

दसैँसहितका राष्ट्रिय चाडहरूको सन्दर्भमा बुधबार एमालेले पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरेको चियापान तथा शुभकामना कार्यक्रममा उनीहरूले संक्रमणकालीन न्याय टुंग्याउने एउटा समझदारी बनेको दाबी मात्र गरेनन्, यसअघि नै नटुंग्याएर केही कमजोरी गरेको स्वीकारसमेत गरे । बुधबारै बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारीनिवास बालुवाटारमा सत्यनिरूपण, मेलमिलाप तथा बेपत्ता छानबिनसम्बन्धी विधेयककेन्द्रित छलफल राखेका थिए । एमाले अध्यक्ष केपी ओली र काग्रेस सभापति शेरबहादुर देउवासँगको उक्त छलफलपछि एमालेको चियापानमा सहभागी प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीले विधेयक टुंग्याउने दिशामा अगाडि बढेको सन्देश दिए । तर, काग्रेस सभापति शेरबहादुर देउवा भने

» पृष्ठ ११ मा क्रमशः

■ राउन्ड टेबलमा शीर्ष नेता



एमालेले बुधबार आयोजना गरेको चियापानमा शीर्ष नेताहरू । तस्बिर : रासस

समझदारी बनेकाले संक्रमणकालीन न्याय छिट्टै टुंगिन्छ : प्रधानमन्त्री प्रचण्ड

आज बिहान मात्रै काग्रेसका सभापति, एमालेका अध्यक्ष र म बसेका थियौं, एउटा अन्डरस्ट्यान्डिङ बनेको छ, संक्रमणकालीन न्यायसम्बन्धी विधेयक छिट्टै टुंगिन्छ । हामीले पटक-पटक भिक्टिम नै सेन्टरमा रहने भनेका छौं । विधेयकमा पनि त्यही कुरा छ । मैले जहिले पनि दलहरूलाई एकैठाउँमा ल्याउन पहल गरेको छु । आज बिहानको मिटिङ पनि त्यही पहल हो । सकारात्मक भएको छ । अस्ति काग्रेसले गरेको र आज एमालेले गरेको कार्यक्रमले पार्टीहरूको बीचमा समझदारी बनाउन राम्रो वातावरण बनेको मैले महसुस गरेको छु ।

हामीले यसअघि नै नटुंग्याएर अलिकति गल्ती गरेछौं : केपी ओली

पीडितकेन्द्रित भएर सहमतिका साथ छिट्टै संक्रमणकालीन न्याय टुंगो लगाउनुपर्छ । सर्वोच्च अदालतको आदेशलाई पनि मानेर टुंग्याउनुपर्छ । अन्तर्राष्ट्रिय समुदाय खासगरी मानव अधिकार काउन्सिलका कुरा पनि ध्यान दिनुपर्छ । हामीले अलिकति के मिस्टेक गरेछौं भने यसलाई योभन्दा अगाडि नै टुंग्याउनुपर्थ्यो ।

१२ बुँदे समझदारी पक्षधर शक्तिको समीक्षा बैठक बोलाइँदै

- **अग्नि सापकोटा**
  उपाध्यक्ष, माओवादी



१२बुँदे समझदारी, अग्रगमन तथा परिवर्तनका पक्षधरहरूबीच संविधान र गणतन्त्र रक्षा एवं सुदृढ गर्न समीक्षा बैठक बोलाउने समझदारी भएको छ । अराजकता नियन्त्रण गर्न र सहमतिमा राष्ट्रिय दृष्टिकोण निर्माणका लागि बैठक हुँदै छ ।

- **मीन विश्वकर्मा**
  प्रचार विभाग प्रमुख, काग्रेस



१२ बुँदे समझदारीयताका उपलब्धिबारे जनतालाई बुझाउन नसकेको हो कि हामी आफैंले बुझ्न नसकेको हो, समीक्षा गर्नुपर्छ । उपलब्धिको रक्षाका लागि स्वच्छ प्रतिस्पर्धा हुनुपर्छ । व्यवस्थामाथि उठेका प्रश्नको सामूहिक जवाफ दिनुपर्छ भन्ने छलफलको सार हो ।

प्रेम गौतम/नयाँ पत्रिका

तीन ठूला दलका शीर्ष नेताले गणतन्त्रलगायत प्राप्त उपलब्धिको रक्षा तथा सुदृढीकरणका लागि १२ बुँदे समझदारी पक्षधर शक्तिको समीक्षा बैठक बोलाउने निर्णय गरेका छन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा बुधबार बिहान प्रधानमन्त्री एवं माओवादी अध्यक्ष प्रचण्ड, काग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओलीबीच भएको छलफलमा संविधान र गणतन्त्र सुदृढ तथा रक्षाका लागि समीक्षा बैठक बोलाउने समझदारी गरेका हुन् ।

माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले प्राप्त उपलब्धिको रक्षा र सुदृढीकरणका लागि समीक्षा बैठक बोलाउने समझदारी भएको बताए । '१२बुँदे समझदारीका पक्षधरहरू, अग्रगमनका पक्षधर, परिवर्तनका पक्षधरहरूबीच संविधान र गणतन्त्र रक्षा एवं सुदृढ गर्न समीक्षा बैठक बोलाउने समझदारी भएको छ,' सापकोटाले भने, 'अराजकता नियन्त्रण गर्न र सहमतिमा राष्ट्रिय दृष्टिकोण निर्माणका लागि बैठक हुँदै छ ।'

» पृष्ठ ११ मा क्रमशः

कर्नर किक

- रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपालमा २७ वर्ष देखि पैसा भुक्तानी गर्दै
Western Union
दशैंमा १० गुणा
नेपालभर रहेका वेस्टर्न युनियनका कुनै पनि रकम भुक्तानी काउन्टरबाट ढुक्कै पैसा प्राप्त गरी आठ हप्तासम्म ६४ भाग्यशाली ग्राहकहरुले रु २५००० सम्मको कारोबारमा दुई गुणा र सो भन्दा बढीमा रु २५००० पुरस्कार पाउनुहोस्। साथै बम्परमा रु एक लाख सम्मको कारोबारमा दश गुणा पाउनुहोस् र पचास हजार भन्दा कम कारोबारमा निश्चित पुरस्कार रु पाँच लाख पाउनुहोस्।
हरेक हप्ता २* गुणा
बम्परमा १०* गुणा
* शर्तहरु लागू हुनेछन्।
ढुक्कै पैसा पाऔं।
यो योजना २०८० असोज ८ देखि मंसिर १० गते सम्म लागू हुनेछ।
प्रमुख एजेण्टहरुः
ATT REMIT
CG फिन्को विश्वसनीयताको अनुभूति
Digitek Remittance (P.) Ltd.
HULAS Remittance
MAYA REMIT
NABIL BANK TOGETHER AHEAD
SURYA REMIT PVT.LTD.

■ घटुवा हुनबाट जोगियो मानव अधिकार आयोग

'क' श्रेणी नै कायम

पदाधिकारी नियुक्ति अपारदर्शी भएको भन्दै एक वर्षअघि 'ख' श्रेणीमा घटुवा सिफारिसमा परेको राष्ट्रिय मानव अधिकार आयोगलाई 'क' श्रेणीमै राख्ने गानरीको निर्णय

अनिल यादव/नयाँ पत्रिका

नेपालको राष्ट्रिय मानव अधिकार आयोग 'ख' श्रेणीमा घटुवा हुनबाट जोगिएको छ । नियुक्ति अपारदर्शी भएपछि घटुवा सिफारिसमा परेको आयोगलाई जेनेभास्थित राष्ट्रिय मानव अधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय सञ्जाल (गानरी) ले नेपालको आयोगलाई 'क' श्रेणीमा राख्ने निर्णय गरेको हो ।

आयोगका प्रवक्ता एवं सहसचिव डा. टीकाराम पोखरेलले बुधबार गानरीबाट 'क' श्रेणीमै राख्ने निर्णय भएको पत्र प्राप्त भएको बताए । 'गानरीले सोधेको स्पष्टीकरणमा हामीले पठाएको जवाफ गानरीले चित्त बुझायो,' उनले भने, 'पेरिस सिद्धान्तअनुसार काम गर्छौं भन्ने आयोगको प्रतिबद्धता र आयोगसम्बन्धी कानुन संशोधनमा सरकारको सकारात्मकताको प्रशंसा गर्दै गानरीले हामीलाई 'क' श्रेणीमै राख्ने निर्णय गरेको पत्र पठाएको छ, यो खुसीको कुरा हो । '

आयोगका पदाधिकारीको नियुक्ति अपारदर्शी भएको भन्दै एक वर्षअघि (गानरी)को स्तर



निर्धारणसम्बन्धी उपसमितिले नेपालको आयोगलाई 'ख' श्रेणीमा घटुवा गर्न सिफारिस गरेको थियो । २१ वर्षदेखि 'क' श्रेणीमा रहेको आयोग 'ख' श्रेणीमा सिफारिस भएपछि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि धमिलिएको भन्दै नेपालका मानव अधिकारकर्मीले चिन्ता व्यक्त गरेका थिए ।

गानरीको स्तर निर्धारणसम्बन्धी उपसमितिले पेरिस सिद्धान्तको विश्वव्यापी मान्यताअनुसार राष्ट्रिय मानव अधिकार आयोगहरूमा हुने नियुक्ति, स्वायत्तता र स्वतन्त्रताबारे आधार तय गर्ने र सोबमोजिम भए-नभएको मूल्यांकन

» पृष्ठ ११ मा क्रमशः

आयोगका प्रवक्ता एवं सहसचिव **डा. टीकाराम पोखरे**ल भन्छन्-



गानरीले सोधेको स्पष्टीकरणमा हामीले पठाएको जवाफ गानरीले चित्त बुझायो । पेरिस सिद्धान्तअनुसार काम गर्छौं भन्ने आयोगको प्रतिबद्धता र आयोगसम्बन्धी कानुन संशोधनमा सरकारको सकारात्मकताको प्रशंसा गर्दै गानरीले हामीलाई 'क' श्रेणीमै राख्ने निर्णय गरेको पत्र पठाएको छ, यो खुसीको कुरा हो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विराटनगरमा प्रा.फ.र.नं.. १४४५५/०५६/५७ अन्तर्गत मिति २०५७/०२/११ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, पथरी गा.वि.स. वडा नं. १ स्थित **खरेल हार्डवेयर स्टोर्स** **प्रोप्राईटर तथा जमानतकर्ता: लोक नाथ खरेल**

धितोको विवरण

१) जोगीन्द्र प्रसाद खरेलको नाति, वाशुदेव खरेलको छोरा, मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला पथरीशनिश्चरे न.पा वडा नं. १ बस्ने लोक नाथ खरेलको नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स वडा नं.९क (हाल पथरीशनिश्चरे न.पा वडा नं. ८), स्थित कित्ता नं. ७६६ को क्षेत्रफल ०-१-० (विगाह)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) ललित ब. वस्नेतकी छोरी, वाशुदेव खरेलकी बुहारी, लोक नाथ खरेलकी पत्नि मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला पथरीशनिश्चरे न.पा वडा नं. १ बस्ने मीना वस्नेत(खरेल)को नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स वडा नं.९क (हाल पथरीशनिश्चरे न.पा वडा नं. १), स्थित कित्ता नं. ७७२ र ३१७९ को क्षेत्रफल ०-०-३-२ र ०-०-१३-३ (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) ललित ब. वस्नेतकी छोरी, वाशुदेव खरेलकी बुहारी, लोक नाथ खरेलकी पत्नि मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला पथरीशनिश्चरे न.पा वडा नं. १ बस्ने मीना वस्नेत(खरेल)को नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला बयरवन गा.वि.स वडा नं.९आ (हाल पथरीशनिश्चरे न.पा वडा नं. ९), स्थित कित्ता नं. ४१३ र ४१५ को क्षेत्रफल ०-०-७-२ र ०-०-१०-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
३) ललित ब. वस्नेतकी छोरी, वाशुदेव खरेलकी बुहारी, लोक नाथ खरेलकी पत्नि मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला पथरीशनिश्चरे न.पा वडा नं. १ बस्ने मीना वस्नेत(खरेल)को नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला बयरवन गा.वि.स वडा नं.९ध (हाल पथरीशनिश्चरे न.पा वडा नं. ८), स्थित कित्ता नं. ९०५ र ९५६ को क्षेत्रफल ०-१-०-० र ०-०-३-२ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) खरेल हार्डवेयर स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	धितोको विवरण
२) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्रा.फ.र.नं.. २७९३६ अर्न्तगत मिति २०७२/११/१७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा वडा नं. १ स्थित **अमीसा ट्रेडर्स** **प्रोप्राईटर तथा जमानतकर्ता: मीना वस्नेत खरेल**	१) ललित ब. वस्नेतकी छोरी, वाशुदेव खरेलकी बुहारी, लोक नाथ खरेलकी पत्नि मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला पथरीशनिश्चरे न.पा वडा नं. १ बस्ने मीना वस्नेत(खरेल)को नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला बयरवन गा.वि.स वडा नं.९आ (हाल पथरीशनिश्चरे न.पा वडा नं.०४), स्थित कित्ता नं. ५२७, ५२८ र ८८१ को क्षेत्रफल ०-१-१३-२, ०-३-६-२, र ०-१-०-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अमीसा ट्रेडर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) लोक नाथ खरेल	२) मीना वस्नेत(खरेल)	३) अनीश खरेल
स्थायी ठेगाना : मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. ५ हालको ठेगाना : मोरङ जिल्ला पथरीशनिश्चरे न.पा वडा नं. १ बाबु : वाशुदेव खरेल बाजे : जोगीन्द्र प्रसाद खरेल	स्थायी ठेगाना : मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. ५ हालको ठेगाना : मोरङ जिल्ला पथरीशनिश्चरे न.पा वडा नं. १ बाबु : ललित ब. वस्नेत ससुरा : वाशुदेव खरेल पति : लोक नाथ खरेल	स्थायी ठेगाना : मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. ५ हालको ठेगाना : मोरङ जिल्ला पथरीशनिश्चरे न.पा वडा नं. १ बाबु : लोक नाथ खरेल बाजे : वाशुदेव खरेल

ऋणीको विवरण	धितोको विवरण
३) लोक नाथ खरेल स्थायी ठेगाना : मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. ५ हालको ठेगाना : मोरङ जिल्ला पथरीशनिश्चरे न.पा वडा नं. १ बाबु : वाशुदेव खरेल बाजे : जोगीन्द्र प्रसाद खरेल	जोगेन्द्र प्रसाद खरेलको नाति, वाशुदेव खरेलको छोरा, मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला पथरीशनिश्चरे न.पा वडा नं. १ बस्ने लोक नाथ खरेलको नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला मधुमल्ला गा.वि.स वडा नं.९क (हाल पथरीशनिश्चरे न.पा वडा नं. ८), स्थित कित्ता नं. ७६६ को क्षेत्रफल ०-१-० (विगाहा)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) समीर बिष्ट (क्रेडिट कार्ड कर्जा समेत)	२) ममता बस्नेत
स्थायी ठेगाना: सोलुखुम्बु जिल्ला, कांगेल गा.वि.स. वडा नं. ३ हालको ठेगाना:काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ८ बाबु : रण ध्वज बस्नेत बाजे : वीर बहादुर बस्नेत	स्थायी ठेगाना: सोलुखुम्बु जिल्ला, कांगेल गा.वि.स. वडा नं. ३ हालको ठेगाना: काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ८, कपन बाबु : रण ध्वज बस्नेत बाजे : वीर बहादुर बस्नेत

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) ममता बस्नेत स्थायी ठेगाना: सोलुखुम्बु जिल्ला, कांगेल गा.वि.स. वडा नं. ३ हालको ठेगाना:काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ८ बाबु : रण ध्वज बस्नेत बाजे : वीर बहादुर बस्नेत	**समिक्षा बस्नेत** स्थायी ठेगाना: सोलुखुम्बु जिल्ला, कांगेल गा.वि.स. वडा नं. ३ हालको ठेगाना: काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ६, कपन बाबु : रण ध्वज बस्नेत बाजे : वीर बहादुर बस्नेत

ऋणीको विवरण

३)	१) समीर बिष्ट स्थायी ठेगाना : डडेल्धुरा जिल्ला, मणिलेक गा.वि.स. वडा नं. ५ हालको ठेगाना: डोटी जिल्ला, दिपायल सिलगाढी न.पा. वडा नं. ४ बाबु : प्रेम सिह बिष्ट बाजे : जय सिह बिष्ट तथा **भुमा थापा** स्थायी ठेगाना: कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं. ८ हालको ठेगाना: डोटी जिल्ला, दिपायल सिलगाढी न.पा. वडा नं. ४ बाबु : चम बहादुर थापा ससुरा : प्रेम सिह बिष्ट पति : समीर बिष्ट	२) नेपाल सरकार,उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकाश समिती मुख्य शाखा कार्यालय राजपुर,डोटीमा प्रा.फ.नं.: ९३१/०७०/०७१ अन्तर्गत मिति २०७१/०४/१४ मा प्राईभेट फर्म रजिस्ट्रेशन ऐन २०१४ बमोजिम रजिस्टर भएको डोटी जिल्ला, दिपायल सिलगाढी न.पा. वडा नं. ७, स्थित **श्री विष्ट फ्रेश हाउस** **प्रोप्राईटर तथा जमानतकर्ता: समीर बिष्ट**

धितोको विवरण

धितोको विवरण	धितोको विवरण
जय सिह बिष्टको नाती, प्रेम सिह बिष्टको छोरा, डडेल्धुरा जिल्ला, मणिलेक गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल डोटी जिल्ला, दिपायल सिलगाढी न.पा. वडा नं. ४ बस्ने समीर बिष्टको नाममा मालपोत कार्यालय डोटीको लगतमा दर्ता कायम रहेको डोटी जिल्ला, दिपायल सिलगाढी न.पा. वडा नं. ९स्थित कित्ता नं. १८० को क्षेत्रफल ०-१४-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	१) चम बहादुर थापाकी छोरी, प्रेम सिह बिष्टकी बुहारी, समीर बिष्टकी पत्नी, कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल डोटी जिल्ला, दिपायल सिलगाढी न.पा. वडा नं. ४ बस्ने भुमा थापाको नाममा मालपोत कार्यालय डोटीको लगतमा दर्ता कायम रहेको डोटी जिल्ला, दिपायल सिलगाढी न.पा. वडा नं. ९ख स्थित कित्ता नं.१४९ र १८१ को क्षेत्रफल क्रमश: ०-१०-० (विगाह)र १९०.७८ (ब.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) श्री विष्ट फ्रेश हाउसको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) समीर बिष्ट (क्रेडिट कार्ड कर्जा समेत)	२) भुमा थापा
स्थायी ठेगाना: डडेल्धुरा जिल्ला, मणिलेक गा.वि.स. वडा नं. ५ हालको ठेगाना: डोटी जिल्ला, दिपायल सिलगाढी न.पा. वडा नं. ४ बाबु : प्रेम सिह बिष्ट बाजे : जय सिह बिष्ट	स्थायी ठेगाना: कैलाली जिल्ला, बलिया गा.वि.स. वडा नं. ८ हालको ठेगाना: डोटी जिल्ला, दिपायल सिलगाढी न.पा. वडा नं. ४ बाबु : चम बहादुर थापा ससुरा : प्रेम सिह बिष्ट पति : समीर बिष्ट

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

काठमाडौं महानगर युनेस्कोको रचनात्मक सहरमा छनोट

नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने अवसर, नेपालले अवसरको सदुपयोग गर्ने युनेस्कोको विश्वास



● **माइकल क्रप्ट**, युनेस्को नेपालका आवासीय प्रतिनिधि

नेपाल आउनुअघि यहाँको प्राकृतिक र सांस्कृतिक विविधताका विषय थाहा थिएन । यहाँ आएपछि बुझें, यहाँको प्रकृति र सम्पदा अलौकिक रहेछन् । मजस्तै नेपाल विषयमा जानकारी नहुनेलाई चलचित्र विधाबाट गरिने क्रियाकलाप प्रवर्द्धनका लागि उपयोगी हुनेछन् । यो काठमाडौंका लागि अवसर हो । यसलाई उपयोग गर्नुपर्छ ।



● **नवीन मानन्धर**, प्रवक्ता, काठमाडौं महानगरपालिका

निर्धारित सातमध्ये चलचित्र विधाले बाँकीलाई पनि समेट्ने भएकाले यो छनोट गरेका थियौं । काठमाडौं चलचित्र सहरको रूपमा छनोट भएसँगै राष्ट्रलाई निकै फाइदा हुने ठानेका छौं । सिंगो देशलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन अवसर प्राप्त भएको छ ।



विश्व सम्पदा सूचीमा सूचीकृत काठमाडौंको वसन्तपुर दरबार क्षेत्र

शान्ति तामाङ / नयाँ पत्रिका

चलचित्र विधाबाट युनेस्कोको रचनात्मक सहर सञ्जाल (क्रिएटिभ सिटिज नेटवर्क)मा काठमाडौं महानगर छनोट भएको छ । हरेक वर्ष २१ अक्टोबरमा मनाइँदै आएको विश्व सहर दिवसको अवसरमा युनेस्कोले मंगलबार काठमाडौंलाई सिर्जनशील सहरमा छनोट गरेको हो ।

रचनात्मक सहरका लागि तोकिएका सात क्षेत्रमध्ये काठमाडौं महानगरले चलचित्र विधा चयन गरेको थियो । युसिसिएन (युनेस्को क्रिएटिभ सिटिज नेटवर्क)मा आबद्ध हुन शील्प तथा लोककला, संगीत, चलचित्र, साहित्य, ग्यास्ट्रोनमी (खानाका परिकार), मिडिया कला र डिजाइनमध्ये एक विधालाई छान्नुपर्ने प्रावधान थियो । यीमध्ये महानगरले चलचित्र विधा छानेको थियो । सञ्जालमा एक सय देशका तीन सय ५० सहर आबद्ध छन् । यसपटक ५५ वटा सहर थपिएका छन् । रचनात्मक सहरका सबै विधा काठमाडौंसँग सम्बन्धित भएकाले चलचित्र विधाबाट सबै क्षेत्र समेट्न सकिने हुँदा यो विधा छानेको महानगरका प्रवक्ता नवीन मानन्धरले बताए । 'सातमध्ये चलचित्र विधाले बाँकीलाई समेट्ने भएकाले हामीले यो छनोट गरेका थियौं,' प्रवक्ता मानन्धरले भने, 'काठमाडौं चलचित्र सहरको रूपमा छनोट भएसँगै राष्ट्रलाई निकै फाइदा हुने भएको छ । सिंगो देशलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन अवसर प्राप्त भएको छ ।'

रचनात्मक सहरमा आबद्ध हुन महानगरले गत ४० पृष्ठको फाराम भरेको थियो । काठमाडौंसहित ललितपुर महानगरले पनि विधामा फाराम भरेको थियो, तर काठमाडौं मात्र छनोट भएको हो । यस वर्ष सञ्जालमा जोडिएका सहरमध्ये काठमाडौंसहित पाँच सहर चलचित्र विधातर्फका छन् । यस्तै, संगीत विधामा १६ वटा, डिजाइनमा ६ वटा, शिल्प तथा लोककलामा सातवटा, साहित्यमा १० वटा, ग्यास्ट्रोनमी (खानाका परिकार)मा सात, मिडिया कलामा चार सहर जोडिएका छन् । महानगरले रचनात्मक सहरमा आबद्ध हुने निर्णय गरेपछि व्यवस्थापन केन्द्र स्थापना गरेर सरोकारवालाको पहिचान गरिएको थियो । सरोकारवालाबीच परामर्श समूह निर्माण, विषय र रचनात्मक सम्पत्तिको नक्सांकनसहित चार वर्षका लागि कार्ययोजना तयार पारेर प्रस्तावसहित पेस गरिएको थियो ।

■ युनेस्को रचनात्मक सहरमा छानिए के हुन्छ ?

कार्यक्रमअन्तर्गत चलचित्र क्षेत्रको विकास र विस्तार तथा यससँग सम्बन्धित उद्योग सन्चालन, संरक्षण र प्रवर्द्धनका लागि आवश्यक नीति, अनुसन्धान र विकासका लागि काठमाडौं क्रिएटिभ आर्ट्स काउन्सिल (केसिएसी, केएमसी) स्थापना हुनेछ । यसले सांस्कृतिक र रचनात्मक कलाअन्तर्गतका सबै कार्यक्रम र गतिविधि कार्यान्वयन गर्नेछ । उद्योगमा आबद्ध क्षेत्रगत जनशक्तिको शैक्षिक क्षमता सुधार, प्रशिक्षण, चलचित्र विषय अध्ययन हुने विद्यालय तथा विश्वविद्यालयबीच समन्वय सहकार्य गरेर स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चलचित्र निर्माणलाई प्रतिभाको रूपमा प्रोत्साहन गरिनेछ । चलचित्र उद्योगको विकासका लागि आवश्यक नीति-तर्जुमा र वकालत गर्ने, सहरका लागि सांस्कृतिक र रचनात्मक रणनीति विकास गर्ने, अनुसन्धानकर्ताहरूका लागि वार्षिक रूपमा अनुसन्धान फेलोसिप प्रदान गर्ने, सीमान्तकृत समुदायसहित लक्षित वर्गलाई यसमा सहभागी हुन छात्रवृत्ति प्रदान गरिनेछ ।

चलचित्र र अन्य रचनात्मक उद्योगका लागि विद्यमान पूर्वाधारलाई सुधार र स्तरोन्नति गरिनेछ । पारम्परिक वास्तुकला झल्काउने, सुन्दरता अभिवृद्धि हुने सहर निर्माण गरेर लागतप्रभावी चलचित्र निर्माणको वातावरण बनाइनेछ । ल्यान्डस्केप डिजाइन, विश्व सम्पदा क्षेत्रहरूको सुधार, पूर्वाधार स्तरवृद्धि, वास्तुकला संवर्द्धन, चलचित्र निर्माणको कथा कथन र सौन्दर्यशास्त्रमा योगदान पुऱ्याउने दृश्यात्मक मनमोहक स्थानहरू उपलब्ध गराइनेछ । चलचित्र स्टुडियो, पोस्ट उत्पादन सुविधा, चलचित्र विद्यालय, उद्योगका विधागत सीप र सिकाइहरूलाई सञ्जालमा आबद्ध गरेर प्रवर्द्धन गरिनेछ । अभिलेख, पुस्तकालय र संग्रहालयको विकास हुनेछ । स्थानीय सांस्कृतिक र रचनात्मक उद्यमीलाई र साना र मध्यम आकारका उद्योग सञ्चालन गर्न सहयोग पुग्नेछ । व्यञ्जन, कला र शिल्प, हस्तकला उद्योगको प्रवर्द्धन र मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण गर्न महोत्सव र प्रदर्शनीको आयोजना गरिनेछ । अन्तर्राष्ट्रियस्तरका उद्यमीलाई सञ्जालमा जोड्न अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, फिल्म एक्स्पो, फिल्म समिटजस्ता कार्यक्रम सञ्चालन हुनेछन् ।

■ युनेस्को क्रिएटिभ सिटिज नेटवर्कका लागि पाँच करोड बजेट

कार्यक्रम सञ्चालनका लागि महानगरले पाँच करोड रुपैयाँ विनियोजन गरेको छ । महानगरले बजेट अभाव हुन नदिनेसमेत प्रतिबद्धता जनाएको छ । युनेस्को नेपालका आवासीय प्रतिनिधि माइकल क्रप्टले नेपाल प्रकृति र सम्पदामा अलौकिक रहेको भन्दै यो विधालाई उपयोग गर्नुपर्ने बताए । 'नेपाल आउनुअघि यहाँको प्राकृतिक र सांस्कृतिक विविधताका विषय थाहा थिएन । यहाँ आएपछि बुझें, यहाँको प्रकृति र सम्पदा अलौकिक रहेछन् । मजस्तै नेपाल र काठमाडौंका विषयमा जानकारी नहुनेलाई चलचित्र विधाबाट गरिने क्रियाकलाप प्रवर्द्धनका लागि उपयोगी हुनेछन् । यो काठमाडौंका लागि अवसर हो । यसलाई उपयोग गर्नुपर्छ,' उनले भने ।

संक्षेपमा उपत्यका

सानेपा : ललितपुर मनपा- २ सानेपा डेरा गरी बस्ने जर्मन नागरिक डेनियल फुचको कोठा मंगलबार राति चोरी भएको छ । कोठबाट ल्यापटप तीन थान, क्यामेरा एक थान र नगद ४७ हजार रुपैयाँ गएराति चोरी भएको प्रहरीले जनाएको छ । चोरीमा संलग्न व्यक्तिको प्रहरीले खोजी गर्नुका साथै आवश्यक अनुसन्धान गरिरहेको छ ।

किमडोल : काठमाडौं मनपा- १५ किमडोलस्थित थुप्टेन घलेको द सेफ हाउस रेस्टुरेन्ट एन्ड बारमा जुवातास खेलिरहेका मनाङ निस्याङ गापा- २ का ४१ वर्षीय आसुन गुरुङसहित सात जुवाडेलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले उनीहरूलाई नगद एक लाख एक हजार ६ सय रुपैयाँ र सात बुक तासहित पक्राउ गरेको हो ।

गोदावरी : ललितपुरको गोदावरी नपा-१० टौखेल पानीट्यांकीनजिक बस्ने कुमार भन्ने टुकनाथ घिमिरेको घरमा जुवातास खेलिरहेको ३७ वर्षीय निराजन न्यौपानेसहित आठजना जुवाडेलाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त चापागाउँबाट खटिएको प्रहरीले उनीहरूलाई नगद दुई लाख सात हजार रुपैयाँ र तीन बुक तासहित पक्राउ गरेको हो । घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

गोली प्रहार गरी लागुऔषध कारोबारी पक्राउ

काठमाडौं/ प्रहरीले कागेश्वरी मनोहरा नपा-९ गोठाटारबाट दुई लागुऔषध कारोबारीलाई गोली प्रहार गरी पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारत वेस्ट बंगाल नक्सालबारीका ४८ वर्षीय मोहमद करिम र झापा कचनकवल गापा- ७ का ३७ वर्षीय हर्कबहादुर लिम्बू रहेका छन् ।

पक्राउ परेकामध्ये करिमको दाहिने गोडामा गोली लागेको छ । उनको पेप्सीकोलास्थित मदरल्यान्ड अस्पतालमा उपचार भइरहेको छ । उनीहरूको साथबाट प्रहरीले पेस्तोल र गोली, डिजिटल तराजु, ब्राउन सुगर र ५० हजार रुपैयाँ बरामद गरेको छ । पक्राउ पर्नेमध्ये लिम्बू मानव बेचबिखन मुद्दा पाँच वर्ष कैद सजाय भुक्तान गरी छुटेका प्रतिवादी हुन् । उनीहरूलाई काठमाडौं अपराध अनुसन्धान कार्यालयबाट खटिएका प्रहरीले पक्राउ गरेको हो । प्रहरीका अनुसार उनीहरूले प्रहरीलाई लक्षित गरी गोली प्रहार गरेका थिए । जवाफी फायर गर्ने क्रममा प्रहरीको गोली करिमलाई लागेको प्रहरीको भनाइ छ ।

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुन्सेरा दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल
Website: www.vyansmun.gov.np
E mail: infovyansrm@gmail.com

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति : २०८०/०७/१६ गते

प्रस्तुत विषय सम्बन्धमा ब्याँस गाँउपालिका, गाँउकार्यपालिकाको कार्यालय सुन्सेरा दार्चुलाको मिति २०८०/०५/१९ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ताहुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावहरुको मुल्यांकनमा सारभुत रुपले प्रभावग्राही भएका तपशिलका बोलपत्र दाताहरुको आर्थिक प्रस्ताव मिति २०८०/०७/२३ गतेका दिन दिनको २ बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संसोधन सहित) को नियम ३१ (ज) को उपनियम (५) र (६) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र. स.	ठेक्का नं	कामको विवरण	प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु
1	01-VRM-NCB-2080/81	Construction of Shree Himalaya Higher Secondary School, Byans -06 Huti	1. Aabaran Metal Engineering construction Pvt. Ltd. Bharatpur-9 Chitwan 2. Gokuleshwar - Bhumiraj kedar -M.B J.V. Saileshikar-09, Darchula 3. Chandra bikash - Sunrise -Masta J.V. Dhangadhi-03 Kailali 4. Koju Engineering & Builders Pvt. Ltd., Taulachhe-1 Bhaktpur 5. Puspanjali-RR JV ,Amarpur- 07, Gulmi 6. M/s Ramechhap-Rithgade JV, Byas-05 Darchula

रिगललाई आममाफी दिने निर्णयविरुद्धको रिटमा सुनुवाइ सकियो, आज फैसला आउने

टेकराज थामी/नयाँ पत्रिका

व्यक्ति हत्यामा जन्मकैद सजाय पाएका योगराज ढकाल 'रिगल'लाई कैद कट्टा गरी जेलमुक्त गर्ने राष्ट्रपतिको निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेको रिटमा बिहीबार फैसला हुँदै छ। रिटमा सर्वोच्चले कस्तो निर्णय सुनुवाइ गर्ला भन्ने प्रश्नले यतिवेला भारती मानन्धरलाई बेचैन बनाएको छ।

भारती गत शुक्रबारदेखि नै माइतीघर मण्डलामा आमरण अनशन बस्दै आएकी छिन्। अनशनका कारण उनको शरीर गलेको छ। कमजोरीले हातखुट्टाका मांसपेशी बाउँडिन थालेका छन्। उभिने तागत शरीरमा छैन। न आगन्तुकसँग कुरा गर्ने सामर्थ्य नै उनीसँग छ। शरीरमा ग्लुकोजको मात्रा घटेको छ। मांसपेशीलाई सामान्य अवस्थामा ल्याउन अस्पताल गइरहनुपर्छ। उनको सहयोगमा जुटेकी वसन्ती नेपालीले भनिन्, 'आमरण अनशन बसेको पाँच दिन भयो। उहाँको शरीर पूरै कमजोर भएको छ। शरीरमा मांसपेशी बाउँडिन थालेका छन्। सामान्य अवस्थामा ल्याउन मसाज गरिरहनुपर्छ। ग्लुकोजको मात्रा पनि शरीरमा छैन। पुर्ताल गर्न अस्पताल गइरहनुपर्छ,' उनले भनिन्।

भारतीले थालेकी यो दोस्रो आमरण अनशन हो। यसअघि उनले गत असोजमा रिले अनशन गरेकी थिइन्। यही क्रममा दसैँ सुरु भयो। उनको अनशन प्रभावित बन्यो। त्यसलगत्तै स्थगित उनको दोस्रो चरणको अनशन गत शुक्रबारबाट सुरु भयो। यसपटक आमरण अनशनमा उत्रिएकी उनको स्वास्थ्य अवस्था निकै कमजोर बन्न पुगेको छ। अनशनस्थलमा भेटिएका उनका अर्का सहयोगी आशिष मल्ल ठकुरीले भने, 'उहाँको यो दोस्रो चरणको अनशन हो। यसअघि गत असोजमा उहाँले रिले अनशन सुरु गर्नुभएको थियो। चाडपर्वका कारण अनशन प्रभावित बन्यो। अहिले भने आमरण अनशन नै सुरु गर्नुभएको छ। जसले गर्दा उहाँको शरीर जीर्ण बन्दै गएको छ।' २८ असार ०७२ मा नेपालगन्जका चेतन मानन्धरको खुँडा प्रहार गरी हत्या भयो। हत्याका मुख्य योजनाकार थिए रिगल। जिल्ला अदालत बाँकेले घटनामा संलग्न रहेको निष्कर्ष निकाल्दै रिगललाई जन्मकैदको फैसला गऱ्यो। तर, गत ३ असोजमा संविधान दिवसका दिन कैद सजाय कट्टा भई उनी जेलमुक्त भए। सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले उनको कैद सजाय कट्टा गर्ने निर्णय गरेका थिए।



मृतक उनै चेतनकी श्रीमती हुन् भारती। सरकारको अप्रत्याशित निर्णयले भारतीलाई मर्माहत तुल्यायो। आहत बनेकी उनले सरकारको निर्णयविरुद्ध सर्वोच्चमा रिट निवेदन त दिइन्। तर, सर्वोच्चमा भरोसा गर्ने ठाउँ उनले देखिनन्। किनकि रिगलको रिहाइ कांग्रेस सभापति शेरबहादुर देउवा र उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काको दबाबमा भएको थियो। हारगुहार गर्दै उनी त्यही दिनदेखि चरणबद्ध अनशन बस्दै आएकी छिन्। भारतीका सहयोगी मल्लले भने, 'रिगलको मुद्दा सर्वोच्चमा छ। फैसला के आउँछ भन्न सकिने अवस्था छैन। रिगल ठूलै राजनीतिक चलखेलका कारण छुटे। अदालतमा पनि त्यस्तै चलखेल नहोला भन्न सकिन्न। तर, आशा छ।'



■ **कमलप्रसाद पाण्डे**, प्रवक्ता, कारागार व्यवस्थापन विभाग

कैद कट्टा निश्चित मापदण्डका आधारमा हुन्छन्। यसका लागि सम्बन्धित व्यक्तिले निश्चित कानुनी प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। यसरी छुटेकाहरू पुनः अपराधमा संलग्न हुनु सोचनीय विषय हो। यस्ता विषयमा राज्यले फरक ढंगले सोच्न आवश्यक छ।



■ **हेमन्त मल्ल**, पूर्वडिआइजी

कैद सजाय कट्टा गर्ने निश्चित मापदण्ड छन्, तर त्यसलाई फलो गरिन्न। राजनीतिक चलखेलका आधारमा कैद कट्टा गरिन्छ। र, अपराधी सजिलै कैदमुक्त हुन्छ। यसले अपराधीलाई अपराध गर्न प्रोत्साहन गर्छ।



रिगललाई आममाफी दिने राष्ट्रपतिको निर्णयविरुद्ध माइतीघर मण्डलामा अनसन बसेकी भारती मानन्धर। **फाइल तस्बिर**

■ कैद सजाय कट्टामा राजनीतिक चलखेल

कारागार व्यवस्थापन विभागका निमित्त प्रमुख तथा प्रवक्ता कमलप्रसाद पाण्डेले कैद सजाय कट्टा भई जेलबाट छुटेकाहरू पुनः अपराधमा संलग्न हुनु सोचनीय रहेको बताए। 'कैद कट्टा निश्चित मापदण्डका आधारमा हुन्छन्। यसका लागि सम्बन्धित व्यक्तिले निश्चित कानुनी प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। यसरी छुटेकाहरू पुनः अपराधमा संलग्न हुनु सोचनीय विषय हो। यस्ता विषयमा राज्यले फरक ढंगले सोच्न आवश्यक छ। कैद कट्टाका लागि अपनाइने विधि प्रक्रिया मात्र नभई कैदीबन्दीको व्यवहार सुधारका लागि गरिने तौरतरिका पनि बदल्नु आवश्यक देखिन्छ,' उनले भने। नेपाल प्रहरीका पूर्वडिआइजी तथा सुरक्षाविद् हेमन्त मल्ल पनि कैद कट्टा भई जेलबाट छुटेका कैदी पुनः अपराधमा संलग्न हुनु दुःखद विषय रहेको बताए। जेलबाट छुटेलगत्तै प्रतिवादी अपराधमा संलग्न हुनु राजनीतिक चलखेलको परिणाम भएको उनी ठान्छन्। 'कैद सजाय कट्टा गर्ने निश्चित मापदण्ड छन्, तर त्यसलाई फलो गरिन्न। राजनीतिक चलखेलका आधारमा कैद कट्टा गरिन्छ। र, अपराधी सजिलै कैदमुक्त हुन्छ। यसले अपराधीलाई अपराध गर्न प्रोत्साहन गर्छ। जेलबाट छुटेलगत्तै पुनः अपराधमा फर्कनुको खास कारण यही देखिन्छ,' उनले भने।

■ जो कैद कट्टा भई जेलबाट छुटे, लगत्तै अपराधमा संलग्न भए

लोकबहादुर विक रुकुम पश्चिम सानीभेरी गाउँपालिका-९ सिम्लीका हुन्। बहुविवाह कसुरमा उनी जेल परे। ६ महिना कैद सजाय भुक्तानपछि उनको कैद सजाय कट्टा गर्ने निर्णय भयो। नभन्दै उनी गत ३ असोजमा संविधान दिवसका दिन जेलबाट छुटे, तर उनी सुध्रिएनन्। जेलबाट छुटेको महिना दिन नपुग्दै रुकुम पश्चिम मुसिकोट नगरपालिका- ७ साँखकी २८ वर्षीया भावना विकको हत्या गरे। प्रहरीका अनुसार उनले भावनालाई होटेलमा लगेर घाँटी काटेका थिए।

यस्तै, गणतन्त्र दिवसमा असल चालचलनका आधारमा छुटेका हेटौंडा उपमहानगरपालिका- २ का रामचन्द्र थापा फिरौती रकम माग गरेको अभियोगमा पक्राउ परेका छन्। चितवन बस्दै आएका उनी कैद कट्टा भई गत १५ जेठमा गणतन्त्र दिवसका दिन जेलबाट छुटेका थिए। डाँका मुद्दामा पक्राउ परेर नौ वर्ष कैद सजाय पाएका थापा सरकारको सिफारिसमा राष्ट्रपतिबाट ५० प्रतिशत कैद छुट पाएर रिहा भएका थिए। उनी साढे चार वर्षमै कैदमुक्त भए। प्रहरीका अनुसार उनले चितवनका औषधि पसल सञ्चालक सोमराज सुवेदीलाई धम्क्याउँदै रकम मागेपछि पक्राउ परेका हुन्। थापाले सुवेदीसँग ८ कात्तिकमा २५ लाख रुपैयाँ माग गरेका थिए। पैसा नदिए सुवेदी र उनका छोरालाई समेत सुट गरेर मार्ने धम्की थापाले दिएपछि प्रहरीलाई खबर गरेका थिए। चितवन प्रहरी प्रवक्ता डिएसपी विजयराज पण्डितले थापालाई पक्राउ गरेर अनुसन्धान भइरहेको बताए।

थापा यसअघि पनि विभिन्न अपराधमा पटक-पटक पक्राउ परेका व्यक्ति हुन्। डिएसपी पण्डितका अनुसार थापाविरुद्ध पहिलोपटक २७ जेठ ०६६ मा चितवन प्रहरीले चोरी मुद्दा दर्ता गराएको थियो। सोही वर्षको ३ असारमा अवैध हातहतियार देखाएर डाँका गरेको अभियोग पनि उनलाई लागेको थियो। त्यसैगरी, २२ वैशाख ०७३ मा ललितपुरको सातदोबाटो प्रहरी वृत्तले थापाविरुद्ध लागुऔषध अपराधमा मुद्दा दर्ता गरेको डिएसपी पण्डितले बताए। १३ मंसिर ०७५ मा चितवन प्रहरीले डाँकासम्बन्धी कसुरमा मुद्दा दायर गरेको थियो। उक्त मुद्दामा उनी जेल गएका थिए।

हजुरआमा र काकीको हत्या गरेको प्रमाणित भएपछि नवलपुर गैँडाकोट टोलटोलेका ३४ वर्षीय सुरेशबहादुर कुमालविरुद्ध सर्वस्वसहित जन्मकैदको फैसला भयो। उनी जेल चलन भए। पछि उनको चलचलन ठीक भएको भन्दै कैट सजाय कट्टा गरी जेलमुक्त गर्ने निर्णय भयो। नभन्दै उनी १५ जेठ ०७९ मा कैद मुक्त भए, तर उनी सुध्रिएनन्। जेलबाट छुटेको महिना दिन नबित्दै उनले चितवनस्थित माडी नगरपालिका- ४ शीतलपुर घुँसेरीका ३४ वर्षीय जीवन नेपालीको हत्या गरे। प्रहरीका अनुसार उनले नेपालीलाई धारिलो हतियारले टाउकोमा प्रहार गरेका थिए।

न्युयोर्क फर्किए राष्ट्रसंघीय महासचिव

काठमाडौं/ नेपाल भ्रमणमा रहेका संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेरेस फिर्ता फिर्ता भएका छन्। चारदिने औपचारिक भ्रमणमा नेपाल आएका उनलाई बुधबार उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड् काले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलम बिदाइ गरेका छन्। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निमन्त्रणामा नेपाल आएका गुटेरेसले सगरमाथा र अन्नपूर्ण क्षेत्र, लुम्बिनी र पोखराको भ्रमण गरेका थिए। उनले गौतम बुद्धको जन्मस्थल लुम्बिनी र संसारको अग्लो चुचुरो सगरमाथा रहेको क्षेत्रबाट विश्वलाई क्रमशः शान्ति र जलवायु परिवर्तनको गम्भीरताबारे सन्देश जारी गरेका थिए।

महासचिव गुटेरेसले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिना, उपप्रधानमन्त्रीद्वय खड्का र नारायणकाजी श्रेष्ठ र परराष्ट्रमन्त्री एनपी साउदसँग भेटवार्ता गरेका थिए। गुटेरेसले मंगलबार प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त बैठकलाई सम्बोधन गरेका थिए। परराष्ट्र मन्त्रालयले महासचिव गुटेरेसको भ्रमणबाट नेपाल र राष्ट्रसंघबीच दशकौं लामो साझेदारी थप सुदृढ भएको जनाएको छ।

डब्लुएचओ दक्षिण-पूर्वी एसिया निर्देशकमा नेपाल पराजित

काठमाडौं/ विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को दक्षिण-पूर्वी एसिया निर्देशकको प्रतिस्पर्धामा बंगलादेशसँग नेपाल पराजित भएको छ। नेपालले जेनेभास्थित वरिष्ठ जनस्वास्थ्यविज्ञ डा. शम्भुप्रसाद आचार्यलाई निर्देशकका लागि उम्मेदवारी दिएकोमा बुधबार नयाँदिल्लीमा भएको मतदानमा उनी पराजित भएका छन्। उनका प्रतिस्पर्धी बंगलादेशका उम्मेदवार साइमा बाजेद हुसैन निर्वाचित भएकी छिन्।

साइमा बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाकी छोरी हुन्। डब्लुएचओको दक्षिण-पूर्वी एसिया निर्देशक निर्वाचित पद हो। आचार्य विश्व स्वास्थ्य संगठनका देशगत रणनीति तथा सहायतासम्बन्धी विभागमा निर्देशकका रूपमा कार्यरत छन्। उनी बेतलबी बिदामा चुनावमा प्रतिस्पर्धा गरेका थिए। यसका मतदाता मुलुकहरू नेपाल, भारत, भुटान, बंगलादेश, माल्दिभ्स, श्रीलंका, इन्डोनेसिया, थाइल्यान्ड, पूर्वी टिमोर, म्यानमार, उत्तर कोरिया हुन्। यीमध्ये म्यानमारले मत दिएन भने बाँकी १० मुलुकमध्ये नेपालका उम्मेदवारलाई जम्मा दुई मत परेको छ। साइमाले आठ मत पाइन्। परराष्ट्र मन्त्रालयले ७ साउनमा संयुक्त राष्ट्रसंघ मुख्यालयलाई आचार्यको उम्मेदवारीबारे जानकारी दिएको थियो। तर, आचार्यका लागि पर्याप्त कूटनीतिक प्रयास भएको थिएन। बंगलादेशको राज्यसंयन्त्र साइमालाई जिताउन सक्रिय रहेकोमा नेपाली उम्मेदवार आचार्यले भने आफ्नै खर्चमा चुनावी अभियान चलाएका थिए। क्षेत्रीय निर्देशकको कार्यकाल पाँच वर्षको हुनेछ।

संक्षेप

संघीय संसद् अधिवेशन अन्त्यको तयारी

काठमाडौं/ सरकारले संघीय संसद्को बजेट अधिवेशन अन्त्य गर्ने तयारी गरेको छ। २४ वैशाखदेखि सुरु भएको बर्खे अधिवेशनमा बजेटबाहेक एउटा मात्रै कानुन बनेको छ। कांग्रेस प्रमुख सचेतक रमेश लेखकले बिहीबार संघीय संसद्को बर्खे अधिवेशन अन्त्य हुने बताए। संसद् सचिवालयका अनुसार दुवै सदनको अन्तिम बैठक बिहीबार बस्दै छ। प्रतिनिधिसभाको ११ बजे र राष्ट्रिय सभाको १ बजे बैठक बस्दै छ। नेताहरूका अनुसार बिहीबारै बस्ने मन्त्रिपरिषद् बैठकले अधिवेशन अन्त्यको निर्णय गरेर राष्ट्रपतिलाई सिफारिस गर्नेछ। राष्ट्रपतिले स्वीकृत गरेपछि अधिवेशन अन्त्य हुने संवैधानिक व्यवस्था छ। बिहीबारको अन्तिम बैठकमा शीर्ष नेताहरूले सम्बोधन गर्ने तयारी छ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार दलीय आधारमा बोल्न दुई घन्टा विशेष समय छुट्याइएको छ। यो अधिवेशनमा बजेटबाहेक एउटा कानुन बनाएको संघीय संसद्मा २२ वटा विधेयक विचाराधीन छन्। प्रतिनिधिसभामा १८ र राष्ट्रिय सभामा चार विधेयक छन्। मन्त्रिपरिषद्बाट पारित भएको संघीय निजामती विधेयक भने अझै संसद्मा दर्ता भएको छैन। सर्वाधिक चासो र महत्त्वको संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पनि यो अधिवेशनमा टुंगोमा पुग्न सकेन। यो विधेयक कानुन समितिमा छ। केही विषयमा दलहरूबीच सहमति जुटेको छैन।

३३ करोड हिनामिना आरोपमा सहकारीका व्यवस्थापक पक्राउ

काठमाडौं/ आफू कार्यरत सहकारी संस्थाको ३३ करोड रुपैयाँभन्दा धेरै हिनामिना गरेको आरोपमा व्यवस्थापक र लेखा समितिका संयोजक पक्राउ परेका छन्। ललितपुरको गाबहालमा रहेको नेसनल डेभलपमेन्ट को-अपरेटिभ सोसाइटीका व्यवस्थापक दिनेशकुमार पन्त र लेखा समिति संयोजक रवीन्द्रकुमार नेम्कुलालाई प्रहरीले पक्राउ गरेको हो। उनीहरूले आफन्तका नाममा नियमविपरीत कर्जा प्रवाह गरी संस्थालाई धराशायी बनाएको प्रहरीले जनाएको छ। केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सो सहकारीमा भएको हिनामिनाको अनुसन्धान पूरा गरी जिल्ला सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाएको छ। ३३ करोड २२ लाख ५८ हजार दुई सय ८३ रुपैयाँ बिगो कायम गरी ठगी मुद्दा चलाउनुपर्ने रायसहितको प्रतिवेदन बुझाइएको सिआइबीका प्रवक्ता एसपी नवराज अधिकारीले बताए। व्यवस्थापक पन्तले श्रीमती एकता पन्त, छोरा दिवश पन्त, भाइ उत्तम पन्तलाई विनाधितो कर्जा प्रवाह गरेका थिए। त्यस्तै, लेखा समितिकै संयोजक रहेका नेम्कुलका साथै कृष्ण खत्री र रूपा घिमिरेको नाममा पनि कर्जा प्रवाह भएको थियो। रूपा घिमिरे तथा गोपालरन पहेली र अनुप राजथलालाई एउटै जग्गा धितो राखी कर्जा दिएका थिए। कर्जा नै नतिरी घिमिरेको नाममा रहेको जग्गा फुकुवा गरेकोसमेत सिआइबीले जनाएको छ। यस्तो ठगीमा संस्थाका तत्कालीन कार्यकारी अध्यक्ष स्वर्गीय राजेशहरि जोशीको पनि मिलेमतो देखिएको सिआइबीको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ।

उपरथी पाण्डेविरुद्ध परेन उजुरी

काठमाडौं/ नेपाली सेनाका उपरथी ताराध्वज पाण्डेविरुद्ध बढुवा समितिमा उजुरी नपरेपछि बढुवा प्रक्रिया अघि बढ्ने भएको छ। प्रधानसेनापति प्रभुराम शर्मा बिहीबार चीनबाट फर्केपछि रथी पदमा बढुवाका लागि रक्षा मन्त्रालयमा सिफारिस गर्ने गरी जंगी अड्डाले तयारी गरेको छ। उपरथी पाण्डेको बढुवा भावी प्रधानसेनापतिको लाइनसँग सम्बन्धित भएकाले यो प्रक्रियालाई सेनाभित्र र बाहिर महत्त्वसाथ हेरिएको छ। बलाधिकृत रथी सरोजप्रताप राणाको अवकाशसँगै रिक्त रथी पदका लागि वरीयताका सेनाको बढुवा बोर्डले पाण्डेलाई सिफारिस गर्ने निर्णय गरिसकेको छ। रथी राणा १२ कात्तिकदेखि सेवानिवृत्त भएका छन्। रथी बढुवा प्रक्रियाका लागि प्रधानसेनापति शर्मा अध्यक्ष रहेको बढुवासम्बन्धी समितिले पाण्डेको नाम सिफारिस गर्ने निर्णय गरेको थियो। बढुवा समितिले एक साता समय दिएर पाण्डेविरुद्ध उजुरी वा गुनासो गर्न सूचना टाँसेको थियो। तर, कुनै उजुरी नपरेपछि उनको बढुवाका लागि बाटो खुलेको छ। सरकारले बढुवा गरेमा पाण्डे आगामी भदौ अन्तिम सातादेखि नेपाली सेनाको ४५औं प्रधानसेनापतिको प्रबल दाबेदार हुनेछन्।

■ एमालेको चियापानमा नेताहरूको जमघट





(१) पार्टी कार्यालय च्यासलमा आयोजित चियापानमा पाहुनालाई मिठाई बाँड्दै एमाले अध्यक्ष केपी ओली, (२) कांग्रेस सभापति शेरबहादुर देउवा र नेकपा अध्यक्ष विप्लवसँग भलाकुसारी गर्दै ओली।

तस्बिर : अमूल थापा र संजित परियार/नयाँ पत्रिका

प्रधानाध्यापक स्वर्णकारको हत्यामा संलग्न पाँचजना सार्वजनिक

विवाहेत्तर सम्बन्ध हत्याको मूल कारण रहेको प्रहरीको भनाइ, पीडित परिवारको अस्वीकार

वीरगन्जमा **तिवारी यादव**

बाल एकता बोर्डिङ स्कुलका प्रधानाध्यापक रूपेश स्वर्णकारको हत्यामा संलग्न पाँचजनालाई प्रहरीले सार्वजनिक गरेको छ। बुधबार प्रहरीले पत्रकार सम्मेलन गरी हत्यामा संलग्न कलैया उपमहानगरपालिकाकी २२ वर्षीया राधा गुप्ता, ३४ वर्षीय जामिल अख्तर, २६ वर्षीय रियाज अन्सारी, भारत मोतीहारी पूर्वी चम्पारनका २३ वर्षीय अभिनवकुमार राजपुत र २३ वर्षीय चन्दकुमारलाई सार्वजनिक गरेको हो। राधा गुप्ता स्वर्णकारको हत्याको मुख्य योजनाकार रहेको प्रहरीले जनाएको छ।

विद्यालयका कर्मचारी जामिल र रियाजले घटनामा सहयोगी भूमिका खेलेको बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेले जानकारी दिए। उनले घटनामा संलग्न रहेका भारतीय नागरिक अभिनवकुमार र चन्दकुमार सुटर समूहका सदस्य रहेको बताए। गोली प्रहार गर्ने चारजना भने फरार रहेको प्रहरीले जनाएको छ। फरार रहेका चारजना सुटर गत सोमबार दिउँसो पौने १ बजे मदरसा टोलमा मोटरसाइकलमा आएर प्रधानाध्यापक स्वर्णकारमाथि गोली प्रहार गरेका थिए। घटनामा धेरै व्यक्ति संलग्न रहेको आशंकामा नियन्त्रणमा लिएर अनुसन्धान भएको उनको भनाइ छ।



स्वर्णकारको हत्या विवाहेत्तर प्रेम सम्बन्ध र रिसइबीका कारण भएको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरी उपरीक्षक काफ्लेले बताए। राधा गुप्ता तीन वर्षदेखि भारतीय नागरिक मनोज गुप्तासँग प्रेममा रहेको देखिएको उनको भनाइ छ। मनोज पनि विवाहित हुन्। स्वर्णकार र राधाबीच सम्बन्ध देखिएको पाइएको काफ्लेले बताए। उनले त्यही विषयलाई लिएर राधा, मनोज र रूपेशबीच विवाद बढ्दै गएर हत्या भएको प्रारम्भिक अनुसन्धानमा देखिएको बताए।

प्रहरीले सार्वजनिक गरिएकाबाहेक थप पाँचजनालाई नियन्त्रणमा राखे पनि अनुसन्धान प्रक्रियामा रहेकाले सार्वजनिक गरेको छैन। 'हामीले फरार रहेका अरू सुटरको निगरानी बढाएका छौं,' काफ्लेले भने, 'उनीहरू छिट्टै पक्राउ पर्छन्।' अनुसन्धानबाट मुख्य योजनाकार भारतीय नागरिक मनोज गुप्ताले भारु एक लाखको सुपारी सुटरलाई दिएको पाइएको प्रहरीको भनाइ छ।

■ प्रहरीको अनुसन्धानमा पीडित परिवारले उठायो प्रश्न

स्वर्णकारको हत्यामा संलग्नलाई प्रहरीले पक्राउ गरेर कारबाही गर्नुको साटो उनको चरित्र हत्या गरेको परिवारका सदस्यले आरोप लगाएका छन्। प्रहरीले पत्रकार सम्मेलन गरेर स्वर्णकारको हत्यामा संलग्नलाई सार्वजनिक गरेको एक घन्टामै पीडित परिवारले आपत्ति जनाएको हो। रूपेशका दाजु सुमोध सर्राफले प्रहरीले भाइको हत्यामा संलग्न नभएका विद्यालयका दुईजना कर्मचारीलाई सार्वजनिक गरेर हत्यारालाई उन्मुक्ति दिन लागेको आरोप लगाए। 'प्रहरीको अनुसन्धानमा विश्वास छैन। स्वर्णकारले न्याय पाउनुको सट्टा चरित्र हत्या भएको अवस्था छ,' उनले भने, 'प्रहरीले घटनाको यथार्थ लुकाउन खोजेको छ।'

रूपेशका दाजु सुमोध सर्राफले प्रहरी र स्थानीय प्रशासनको अनुसन्धानमा शंका र अविश्वास देखाउँदै आठबुँदे असहमति राखेका छन्। जसमा केही दिन पहिले पचरौता नगरपालिकामा भएको घटनामा संलग्न व्यक्तिहरूको नाम तथा मोटरसाइकललाई यो घटनासँग जोडी अन्यत्र मोड्न खोजेको, दिनदहाडै भएको हत्याबाट सिर्जित हुन सक्ने अवस्था तथा सुरक्षा चुनौतीलाई थेग्न अवस्थाबाट मुक्ति पाउन मुद्दालाई अन्यत्र मोड्ने प्रयास भएको, विनाप्रमाण मृतक स्वर्णकारको चरित्र हत्या गरिएको स्वर्णकारको घटनामा प्रहरी र प्रमुख जिल्ला अधिकारीको अभिव्यक्तिमा भिन्नता देखिएकोलगायत उल्लेख छ।

निर्वाचन व्यवस्थापन विधेयक चार महिनादेखि गृहमा अलपत्र

एक वर्षभित्र ऐन नबने ०८४ को चुनावमा सुधार कठिन

कमलराज भट्ट/नयाँ पत्रिका

निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयक चार महिनादेखि गृह मन्त्रालयमा अलपत्र परेको छ। १४ पुस ०७८ मा मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति पाएको निर्वाचन आयोगले निर्वाचनसँग सम्बन्धित कानुनलाई समेटेर समयानुकूल एकीकृत निर्वाचन व्यवस्थापन विधेयक तयार पारी १८ असार ०८० मा संसद्मा दर्ताका लागि गृहमा पठाएको थियो। चार महिनादेखि विधेयक गृहमा अलपत्र परेको हो।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले निर्वाचन कानुनमा आमूल सुधार गरी स्वतन्त्र, निष्पक्ष, सहज र प्रभावकारी चुनाव गराउने उद्देश्यले चार महिनाअघि नै निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयक गृह मन्त्रालयमा पेस गरेको र अझै संसद्मा दर्ता नभएको जानकारी दिए। 'अहिले हामीसँग सातवटा कानुन छन्। एउटै बनाएर व्यवस्थित गर्न खोजेका छौं। आयोगले असारमै गृहलाई एकीकृत विधेयक बुझाएको हो। समय त धेरै भयो। सायद छलफलकै क्रममा रहेको होला,' प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बुधबारको बैठक थपलियाले भने।

बैठकमा सांसदहरूले चुनाव खर्चिलो भएको, समानुपातिक समावेशी प्रतिनिधित्वलाई धनाढ्यले कब्जा गरेको, मतदाता शिक्षा प्रभावकारी नभएको, मौन अवधिको दुरुपयोग भएको गुनासो गरेपछि प्रमुख आयुक्त थपलियाले यी सबै समस्याको समाधान तथा सुधार हुने गरी आयोगले विधेयकको मस्यौदा गरेको जानकारी गराए। 'यहाँ उठेका सबै मुद्दा निर्वाचन व्यवस्थापन विधेयकमा समावेश गरिएको छ। यो एक वर्षभित्रमा यो कानुन बनेन भने आउँदो ०८४ को निर्वाचनमा पनि हामीले भनेजस्तो चुनाव गर्न सक्दैनौं। तीन वर्ष त हामीलाई नयाँ व्यवस्थामा तयारी गर्न समय लाग्छ। त्यसैले एक वर्ष थोरै समय हो। हिउँदे अधिवेशनमै भए पनि यसलाई पारित गर्न पहल गरिदिनुपर्‍यो। कहाँ कतिवटा छलफल गर्नुपर्छ हामी तयार छौं,' उनले भने।

थपलियाले निर्वाचन शिक्षा र मतदाता शिक्षा चुनावका बेला मात्र नभई निरन्तर हुनुपर्छ भनेर आयोगले कार्यविधिको मस्यौदा बनाएको पनि जानकारी गराए। चुनावमा देखिएका कमजोरी दलहरूकै कारण उत्पन्न भएको भन्दै थपलियाले संसद्ले कानुन दिएमा आयोग कार्यान्वयन गर्न तयार रहेको जवाफ दिए। तीनै तहको निर्वाचन एकैपटक गर्न सम्भव नभएको आफूहरूको अध्ययनबाट देखिएको उनले जानकारी गराए। राष्ट्रिय सभाको चुनाव माघ दोस्रो साता गर्ने तयारीमा आयोग रहेको र सरकारले मिति घोषणा गरे संघ, प्रदेश र स्थानीय तहका रिक्त २४ स्थानमा उपनिर्वाचन गर्न आयोग तयारै रहेको उनको भनाइ थियो।



अहिले हामीसँग सातवटा कानुन छन्। एउटै बनाएर व्यवस्थित गर्न खोजेका छौं। आयोगले असारमै गृहलाई एकीकृत विधेयक बुझाएको हो। समय त धेरै भयो। सायद छलफलकै क्रममा रहेको होला।

● दिनेश थपलिया
प्रमुख निर्वाचन आयुक्त

गृहसचिव दिनेश भट्टराईले विधेयकमा सरकारले अध्ययन, विश्लेषण र अनुसन्धान गरिरहेको बताए। 'सातवटा कानुनमा के-के अपडेट गर्ने, थप्ने कुरा अध्ययनमै छौं। प्रशासकहरू, एक्सपर्ट बोलाएर छलफल गरिरहेका छौं। सर्वोच्च र संसद्का निर्देशन पनि अध्ययन गरिरहेका छौं,' उनले भने, 'कार्यान्वयनयोग्य, निर्वाचन सुरक्षाको पक्ष, भौतिक संरचना, डिजिटल संरचना कसरी प्रयोग गर्ने भनेर छलफल गरिरहेका छौं। चाँडै टुंग्याउँछौं।' बैठकमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले नयाँ ऐनको मस्यौदाले सुधारको सकारात्मकता दिएको भन्दै सरकारले चाँडै टुंग्याउने बताइन्। 'भएका बेथितिलाई थितिमा बदलेर निर्वाचन तटस्थ र निष्पक्ष बनाउनुपर्छ,' उनले भनिन्।

■ खर्चिलो निर्वाचन प्रणाली सुधार गर्न सांसदहरूको माग

सांसदहरूले निर्वाचनमा आफूले भोगेका समस्या र सुधार गर्नुपर्ने विषय राखेका थिए। जनमोर्चा अध्यक्ष चित्रबहादुर केसीले निर्वाचन प्रणाली खर्चिलो भएको र योग्य तथा क्षमतावान व्यक्तिले उम्मेदवार हुने अवस्था नरहेको बताए। समानुपातिक प्रणालीको पनि दुरुपयोग भएको धनाढ्य, शक्ति र पावरमा हुनेहरूको बोलवाला रहेको उनको भनाइ थियो। केसीले विदेशमा रहेकामा नेपालीलाई मतदानको अधिकार सरकारले नै दिन नचाहेको दाबी गरे।

कांग्रेस सांसद दिलेन्द्रप्रसाद बडूले मतदाता शिक्षा प्रभावकारी बनाउनुपर्नेमा जोड दिए। 'विद्यालयको पाठ्यक्रममैत्रि निर्वाचन शिक्षा राखेर बजेट जोगाउन सकिन्छ। बदर मतको समस्या सधैंका निम्ति समाधान हुन सक्छ,' उनले भने। माओवादी सांसद हितराज पाण्डेले निर्वाचनको नतिजा आउन समय लाग्ने गरेकोमा आयोगको ध्यानाकर्षण गराए। 'निर्वाचन सकिएपछि पनि रिजल्टमा धेरै समय लाग्छ, यसको डिजिटलाइजेसनबारे आयोगले के सोचेको छ ?' उनले सोधे।

एमालेका बलराम अधिकारी समानुपातिक समावेशीमा महिला मात्रै मनोनयन भइरहेको भन्दै प्रत्यक्षतर्फ महिलाका लागि छुट्टै निर्वाचन क्षेत्र तोकेर सन्तुलन कायम गर्नुपर्ने धारणा राखे। निर्वाचन प्रचारको समय लामो भएकाले १५ दिन मात्रै राख्न उनले माग गरे। एमालेकै वासुदेव घिमिरेले डिजिटल प्रचारमा जोड दिनुपर्ने बताए।

रास्वपा सभापति रवि लामिछानेले समानुपातिक प्रणालीमा शक्तिशाली र परिवारवादको हालिमुहाली भएकाले निर्मम समीक्षा जरुरी रहेको बताए। यसमा संविधानको उल्लंघन भएको भन्दै सरकारलाई निर्देशन दिनुपर्ने माग गरे। लामिछानेले बदर मत घटाउनुपर्ने, निधन भइसकेको मान्छेको मत खस्न नहुने, विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने कुरा लागू हुनुपर्ने बताए। लामिछानेले निर्वाचनअगाडि गर्ने गठबन्धन गर्न नपाइने कानुनी प्रावधान लागू गर्न पनि माग गरे। 'चुनावी परिणामपछि सरकार बनाउन गठबन्धन गर्न सकिन्छ। तर, चुनावमा गठबन्धन गर्दा मत बदर भएको छ। यसकारण कानुनमै गठबन्धन रोक्नुपर्छ। यसले धेरै विकृति रोक्छ,' उनले भने।

गुटेरेसको सुरक्षामा खटिएका असइको लेक लागेर मृत्यु

कास्की/ संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको सुरक्षार्थ खटिएका एक प्रहरी सहायक निरीक्षक (असइ)को लेक लागेर बुधबार मृत्यु भएको छ। मृत्यु हुनेमा पर्वत मोदी गाउँपालिका- ६ घर भई घान्द्रुक प्रहरी चौकीका इन्चार्ज रहेका टीकाराम ढुंगाना रहेका छन्। महासचिव गुटेरेसले मंगलबार अन्नपूर्ण आधार शिविरको भ्रमण गरेका थिए। ढुंगाना ४,१३० मिटर उचाइमा रहेको कास्कीको अन्नपूर्ण गाउँपालिका- ११ स्थित आधार शिविरमा ११ कात्तिकदेखि सुरक्षार्थ खटिएका थिए।

आधार शिविरबाट मंगलबार उनीसहित अन्य दुईजना प्रहरी २,३५० मिटर उचाइमा रहेको हिमालयस्थित होटेल हिमालय गेस्टहाउसमा आएर वास बसेका थिए। ४२ वर्षका ढुंगाना बुधबार बिहान पैदल मार्ग हुँदै हिमालयबाट पोखरा फर्किने क्रममा बिहान श्वासप्रश्वासमा समस्या देखिएपछि उपचारका लागि हेलिकोप्टरमार्फत पोखरामा रहेको मणिपाल शिक्षण अस्पताल पुर्‍याइएको थियो। तर, बिहान ९:४६ मा थापालाई चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता श्रवणकुमार विकले जानकारी दिए।

स्थानीय पर्यटन व्यवसायी दिलीप गुरुङका अनुसार मंगलबार आधार शिविरबाट फर्ने क्रममा ढुंगानाले सँगै रहेका अरूलाई 'म बिस्तारै आउँछु, तपाईंहरू जाँदै गर्नुस्' भनेका थिए। बुधबार बिहान उनले वास बसेको होटेलमा सुप खाएका थिए।

स्रोत नखुलेको करिब पाँच लाखसहित भारतीय पक्राउ

लहान/ सिराहाको सखुवानन्कारकट्टी गाउँपालिका-५ महेशबारीबाट प्रहरीले स्रोत नखुलेको झन्डै पाँच लाख नगदसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ।

भारतको बिहारका २९ वर्षीय सन्तोषकुमार महतोलाई स्रोत नखुलेको चार लाख ९७ हजार नौ सय रुपैयाँसहित पक्राउ गरिएको सिराहा प्रहरीका सूचना अधिकारी रवीन्द्रराज पाण्डेले जानकारी दिए। उनका अनुसार सिराहाको सीमावर्ती ठाढी बजारबाट अनटेस्ट अटो चढेर लहानतर्फ आउँदै गरेका वेला झोला खानतलासी गर्दा स्रोत नखुलेको रकम बरामद भएको हो।

महतोलाई थप कारबाहीका लागि सुनसरीको इटहरीस्थित राजस्व अनुसन्धान कार्यालय पठाइएको प्रहरीले जनाएको छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	१) नेपाल सरकार, प्रदेश सरकार लुम्बिनी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सिद्धाथनगर, रुपन्देहीमा प्रा.फ.र.नं. २४०४५/०७९/८० अन्तर्गत मिति २०७९/०७/२८ मा प्राइभेट फर्म दर्ता ऐन २०७६ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ३ स्थित **पि.आर. एग्रो फर्म** **प्रोप्राईटर तथा जमानीकर्ता: शुमादेवी पाण्डे चापागाई** **धितोको विवरण** १) नुरदेव पाण्डेकी छोरी, लोकनाथ चापागाईकी बुहारी, रुक्मागात चापागाईकी पत्नी, रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ०५ बस्ने भुमिदेवी पाण्डे चापागाईको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. ८ (हाल देवदह न.पा वडा नं. ७) स्थित कित्ता नं. ३५०७, ३९३७, र ३९३८ को क्षेत्रफल क्रमश: ०-०-६.७५, ०-०-५.७५, र ०-०-५.७५ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) पि.आर. एग्रो फर्म को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **ऋणीको विवरण** २) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय , वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय रुपन्देहीमा, प्रा.फ.र.नं.३५०६५/०७२/०७३ अन्तर्गत मिति २०७२/०५/१० मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७ स्थित **न्यु पि.आर सप्लायर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: जीव लाल चापागाई** **३) जीव लाल चापागाई (क्रेडिट कार्ड सहित)** स्थायी ठेगाना : रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. ०१ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ०५ बाबु : लोक नाथ चापागाई बाजे : देव भक्त चापागाई **धितोको विवरण** १) नुरदेव पाण्डेकी छोरी, लोकनाथ चापागाईकी बुहारी, रुक्मागात चापागाईकी पत्नी, रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ०५ बस्ने भुमिदेवी पाण्डे चापागाईको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. ८ (हाल देवदह न.पा वडा नं. ७) स्थित कित्ता नं. ३५०७, ३९३७, र ३९३८ को क्षेत्रफल क्रमश: ०-०-६.७५, ०-०-५.७५, र ०-०-५.७५ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) रामचन्द्र न्यौपानेकी छोरी, देव भक्त चापागाईकी बुहारी, लोक नाथ चापागाईकी पत्नी, रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. ०७ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बस्ने शोभा चापागाईको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगातमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स. वडा नं. ७ (हाल देवदह न.पा वडा नं. ०५) स्थित कित्ता नं. ११९८ को क्षेत्रफल : ०-०-११-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) देव भक्त चापागाईको नाती, लोक नाथ चापागाईको छोरा, रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. ०६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बस्ने रुक्मागात चापागाईको नाममा मालपोत कार्यालय भुमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, जहदा गा.वि.स. वडा नं. ३ (हाल बर्दघाट न.पा वडा नं. १३) स्थित कित्ता नं. २९८ को क्षेत्रफल: ०-५-०-३ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ४) न्यु पि.आर सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **जमानीकर्ताहरुको विवरण** **१) भुमिदेवी पाण्डे चापागाई** ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु : नुरदेव पाण्डे ससुरा : लोकनाथ चापागाई पति : रुक्मागात चापागाई **२) रुक्मागात चापागाई** स्थायी ठेगाना: रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु : लोक नाथ चापागाई बाजे : देव भक्त चापागाई **३) जीव लाल चापागाई** स्थायी ठेगाना: रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. १ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु : लोक नाथ चापागाई बाजे : देव भक्त चापागाई **४) शोभा चापागाई** स्थायी ठेगाना: रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. १ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु : रामचन्द्र न्यौपाने ससुरा : देव भक्त चापागाई पति : लोक नाथ चापागाई **५) लोक नाथ चापागाई** स्थायी ठेगाना:स्याङजा जिल्ला, पिडीखोला गा.वि.स. वडा नं. ३ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु : देव भक्त चापागाई बाजे: राम भक्त चापागाई **६) पदमनाथ चापागाई** स्थायी ठेगाना:रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. १ हालको ठेगाना: रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु : लोक नाथ चापागाई बाजे : देव भक्त चापागाइ **७) सिता चापागाई** स्थायी ठेगाना: रुपन्देही जिल्ला, देवदह गा.वि.स. वडा नं. ६ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु : ज्ञानपति लुईटेल ससुरा : लोक नाथ चापागाई पति : पदमनाथ चापागाई **८) हुमाकान्त चापागाई** स्थायी ठेगाना: रुपन्देही जिल्ला, देवदह गा.वि.स वडा नं. १ हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ५ बाबु : लोक नाथ चापागाई बाजे : देव भक्त चापागाई **ऋणीको विवरण** २) १) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, काभ्रेपलाञ्चोक, प्रा.फ.र.नं. ५९७/०६५/०६६ (स्थानिय व्यापार) अर्न्तगत मितिः २०६५/०८/२५ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०७४ बमोजिम दर्ता भएको काभ्रेपलाञ्चोक जिल्ला,बनेपा न.पा. वडा नं.८ स्थित **प्रधान इम्पेक्स** **प्रोप्राईटर तथा जमानीकर्ता: प्रज्वल प्रधान** **२) प्रज्वल प्रधान (क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना : काभ्रे जिल्ला, बनेपा गा.वि.स.वडा नं.८ हालको ठेगाना :काभ्रे जिल्ला, बनेपा न.पा.वडा नं.८ बाबु : प्रकाश चौं प्रधान बाजे : चिनिया लाल चौं प्रधान **जमानीकर्ताहरुको विवरण** **१) प्रकाश चौं प्रधान** स्थायी ठेगाना: काभ्रे जिल्ला, बनेपा गा.वि.स. वडा नं. ८ हालको ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं.८ बाबु: चिनिया लाल चौं प्रधान बाजे: लक्ष्मी लाल प्रधान **२) कल्पना श्रेष्ठ** स्थायी ठेगाना: ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ८ हालको ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. ८ बाबु: रत्न बहादुर श्रेष्ठ ससुरा: प्रकाश चौं प्रधान पति: प्रज्वल प्रधान **३) राधा देवी चौं प्रधान** स्थायी ठेगाना: काभ्रे जिल्ला, बनेपा गा.वि.स. वडा नं. ८, हालको ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा.वडा नं.८ ससुरा: चिनिया लाल चौं प्रधान पति: प्रकाश चौं प्रधान **४) प्रज्वल प्रधान** स्थायी ठेगाना: काभ्रे जिल्ला, बनेपा गा.वि.स.वडा नं. ८ हालको ठेगाना: काभ्रे जिल्ला, बनेपा न.पा.वडानं.८ बाबु : प्रकाश चौं प्रधान बाजे : चिनिया लाल चौं प्रधान **धितोको विवरण** १) लक्ष्मी लाल प्रधानको नाति, चिनिया लाल चौं प्रधानको छोरा काभ्रे जिल्ला, नगर/गाउँ पञ्चायत वडा नं.८, स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला, बनेपा गा.वि.स. वडा नं.८, बस्ने प्रकाश चौं प्रधानको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगातमा दर्ता कायम रहेको काभ्रे जिल्ला, बनेपा न.पा.वडा नं.८(हाल बनेपा न.पा.वडा नं.७) स्थित कित्ता नं. ७९ र ३०५ को क्षेत्रफल ६७.७२ र १६.८५ (व.मी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) चिनिया लाल चौं प्रधानको बुहारी, प्रकाश चौं प्रधानको पत्नी काभ्रे जिल्ला, बनेपा नगर/गाउँ पञ्चायत वडा नं.८, स्थायी ठेगाना भई हाल काभ्रे जिल्ला, बनेपा गा.वि.स. वडा नं.८, बस्ने राधा देवी चौं प्रधानको नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकको लगातमा दर्ता कायम रहेको काभ्रे जिल्ला, बनेपा न.पा.वडा नं.८ (हाल बनेपा न.पा.वडा नं.७) स्थित कित्ता नं. २४९ को क्षेत्रफल ६.७०(व.मी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) प्रधान इम्पेक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **ऋणीको विवरण** ३) १) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्रा.फ.नं. ४९९२/१३८-०७५/७६ अर्न्तगत मिति २०७५/०७/०८ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ स्थित **सौरभ छापा खाना** **प्रोप्राइटर तथा जमानीकर्ता : रबि विक्रम शर्मा** स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ४ हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु : पंचलाल ठाकुर बाजे : साधु ठाकुर **धितोको विवरण** १) मनु ठाकुरको नाती, साधु ठाकुरको छोरा, महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं १ बस्ने पंचलाल ठाकुरको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगातमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, निजौल गा.वि.स. वडा नं. ८/ख (हाल गौशाला न.पा. वडा नं. २) स्थित कित्ता नं. ३४४ र ३४६ को क्षेत्रफल क्रमश: १-०-० र ०-१०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सौरभ छापा खानाको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । **जमानीकर्ताहरुको विवरण** **१) पंचलाल ठाकुर (क्रेडिट कार्ड कर्जा समेत)** स्थायी ठेगाना:महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ४ हालको ठेगाना: महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु : साधु ठाकुर बाजे : मनु ठाकुर **२) अरविन्द कुमार शर्मा** स्थायी ठेगाना:महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ४ हालको ठेगाना: महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु : नवल किशोर ठाकुर बाजे : साधु ठाकुर **३) सरिता कुमारी ठाकुर** स्थायी ठेगाना:महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ४ हालको ठेगाना: महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु : नवल किशोर ठाकुर ससुरा : पंचलाल ठाकुर पति : रवि विक्रम शर्मा **४) शिव कुमारी ठाकुर** स्थायी ठेगाना:महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. ४ हालको ठेगाना: महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ बाबु : राम बहादुर ठाकुर ससुरा : साधु ठाकुर पति : पंचलाल ठाकुर

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

आसय सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८०/०७/१६

यस गाउँपालिका अन्तर्गत पर्ने तपसिल अनुसारको ठेक्का नम्बरमा उल्लिखित कार्यको लागि मिति २०८० साल भाद्र २५ गतेको लुम्बिनी राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार अनलाइन मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनार्थ बोलपत्र पेस गर्ने सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि. नं.	ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम (मू.अ.कर सहित) (रु.)
1	SRM-GUL-W-NCB-1-2080-81	Construction of Shahghat-Limgha-Budisatyawati-kwang Tourism Road	दानु कन्सट्रक्सन फर्म, सत्यवती-७, जुनिया	३९६०९८१.७५/-

---

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मन्थलीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०७/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (सांविक एन.सी.सी.बैंक लि.) शाखा कार्यालय मन्थलीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्ने पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगताथं अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:
खाँडादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, व्यवसाय दर्ता कार्यविधि २०७६ बमोजीम मिति २०७६/०९/२१ मा साझेदारी फर्म दर्ता नं. १०८/२०७६/०७७ कायम भई दर्ता रहेको रामेछाप जिल्ला, खाँडादेवी गा.पा. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **मिलिजुली कृषि तथा पशुपन्छी फार

१२ नोभेम्बरमा 'टाइगर-३'

सलमान खानको बहुप्रतीक्षित फिल्म 'टाइगर-३' नोभेम्बर १२ मा रिलिज हुँदै छ। यस फिल्मको एड्भान्स बुकिङ ५ नोभेम्बरबाटै सुरु हुने भएको छ। मनीष शर्माको निर्देशनमा बनेको फिल्ममा कटि्रना कैफ र इमरान हासमी पनि मुख्य भूमिकामा छन्।



'सामबहादुर'मा विक्की

बायोपिक फिल्म 'सामबहादुर' मा भारतका पहिलो फिल्ड मार्सल साम मनेकशाको भूमिकामा विक्की कौशल देखिँदै छन्। यस फिल्मको ट्रेलर ७ नोभेम्बरमा रिलिज हुने निर्माण पक्षले जनाएको छ। मेग्ना गुल्जारको निर्देशनमा बनेको यस फिल्ममा फतिमा साना सेख, सन्या मल्होत्रा, नीरज कविलगायतको अभिनय छ।

मिर्गौंलामा समस्या कारण र बच्ने उपाय

डाक्टरको सल्लाह




डा. रमेशकुमार चौरसिया
मिर्गौंला रोग विशेषज्ञ
गोल्डेन हस्पिटल, विराटनगर

मिर्गौंला रोगलाई पाँच चरणमा विभाजन गरिन्छ। पहिलो, दोस्रो र तेस्रोलाई प्रारम्भिक चरण भनिन्छ। पहिलो र दोस्रो चरणमा अधिकांशमा खास कुनै लक्षण देखिँदैन। यद्यपि, कसै-कसैलाई शरीर सुन्निने, शरीरको मासु दुख्ने, भोक नलाग्ने, थकान लाग्ने, बिस्तारै समस्या बढ्दै गएर श्वास फेर्न गाह्रो हुने, प्रेसर बढेर जानेजस्ता लक्षण देखिन्छ। एड्भान्स स्टेज (चौथो-पाँचौं) मा गएपछि रगतको कमी हुने, हिँड्न गाह्रो हुने, खानेकुरा नपच्ने, बान्ता हुनेजस्ता समस्या देखिन्छन्। अन्तिम अवस्थामा पुगेपछि हाइपर केलेमिया भएर मुटु बन्द हुने अवस्था आउँछ, ज्यानै जाने जोखिम पनि हुन्छ।

कारण

- मिर्गौंला रोगको प्रमुख कारण मधुमेह हो। संसारभरको डाटाले यही देखाउँछ। मधुमेह दीर्घकालीन रोग हो। तसर्थ, सुगरको मात्रालाई नियन्त्रण गरिएन भने मिर्गौंलामा समस्या आउन सक्छ।
- उच्च रक्तचापले पनि मिर्गौंलामा समस्या निम्त्याउँछ। उच्च रक्तचापलाई नियन्त्रण गरेन भने पनि समस्या निम्त्याउँछ।
- कतिपयलाई वंशानुगत वा जन्मिदै दुवै मिर्गौंलामा स-सानो पानीको फोका हुन्छ। उमेरअनुसार बढ्दै जान्छ। जसले गर्दा मिर्गौंलामा समस्या देखिन्छ।
- बारम्बार पिसाबको इन्फेक्सन हुँदा पनि मिर्गौंलामा समस्या हुन्छ। पिसाबको बाटो ब्लक हुनु, पिसाबनलीमा ढुंगा बढ्नुले पनि समस्या देखिन्छ। मिर्गौंलामा पत्थरी हुँदा पनि समस्या हुन्छ।
- लामो समयसम्म पेनकिलर सेवन गर्दा पनि समस्या आउँछ। पानीको मात्रा नपुग्दा पनि समस्या देखिन्छ।



बच्ने उपाय

पहिलो आफू शारीरिक रूपमा स्वस्थ रहनुपर्छ। यसका लागि पर्याप्त शारीरिक अभ्यास गर्ने, समयमै सुत्ने र समयमै उठ्ने, सन्तुलित भोजन गर्नेलगायत काम गर्नुपर्छ।

दैनिक कम्तीमा ४० मिनेट शारीरिक व्यायाम गर्नुपर्छ। जगिङ, साइक्लिङजस्ता व्यायाम गर्न सकिन्छ।

मधुमेह भएका बिरामीले चिकित्सकको परामर्शमा खानपिन र औषधि सेवन गरेर यसलाई नियन्त्रणमा राख्नुपर्छ।

उच्च रक्तचापलाई नियन्त्रणमा राख्नुपर्छ। रक्तचाप धेरै छ भने औषधि सेवन गर्नुपर्छ। शरीरको तौल पनि सन्तुलनमा राख्नुपर्छ।

मासु कम खानुपर्छ। त्यस्तै, खानामा नुनको मात्रा कम गर्नुपर्छ।

फलफूलको मात्रा बढाउनुपर्छ। प्रोटिन, फाइबर, आइरनले भरिपूर्ण खाद्य पदार्थ धेरै खानुपर्छ। जंकफुडको सेवन गर्नुहुँदैन। यसले स्वास्थ्यमा नकारात्मक असर गर्छ।

धूम्रपान र मद्यपान गर्नुहुँदैन। पर्याप्त मात्रामा पानी पिउनुपर्छ। पानीले शरीरमा रहेका विकारलाई बाहिर निकाल्न सहयोग गर्छ। त्यस्तै, शरीरलाई हाइड्रेट राख्छ। मिर्गौंलाका लागि पनि यो फाइदाजनक छ।

डाक्टरको सल्लाहविना जथाभावी औषधि सेवन गर्नुहुँदैन।

पढ्ने कोठा यसरी सजाउनुस्





सुरेश रिजाल
वास्तुविज्ञ

> पढ्ने कोठामा सकभर भोजन कहिल्यै नगर्नुस्। यदि, कहिलेकाहीं भोजन गरिहाल्नुभयो भने जुठो भाँडालाई तत्कालै बाहिर लग्नुस्। अध्ययन कक्षमा जुठो भाँडा राख्दा पढाइमा मन लाग्दैन। विद्यार्थीको ध्यानलाई यस्ता सामग्रीले पटक-पटक भंग गर्छ।

ब्रह्म मुहूर्तको समय पढ्नका लागि सबैभन्दा राम्रो हो। सूर्योदयअघिको समय अर्थात् ४:३० बजेदेखि बिहान १० बजेसम्म पढ्नु लाभदायी मानिन्छ। राति धेरै ढिलासम्म पढ्नु स्वास्थ्यका लागि ठीक होइन।

पढाई राम्रो हुनका लागि घरको वातावरण राम्रो हुनुपर्छ। यसका लागि अध्ययन कक्षलाई व्यवस्थित बनाउन जरुरी हुन्छ। विद्यार्थीले ईशान कोण (उत्तर-पूर्व)तर्फ फर्किएर पढाइ गर्नुपर्छ। यस दिशामा पढ्न सम्भव नभए पूर्व, उत्तर वा पश्चिम दिशामा फर्किएर पढ्नुपर्छ। दक्षिण दिशामा फर्किएर पढ्नु शुभ मानिदैन।

अध्ययन कक्षमा पूर्व-उत्तरतर्फ झ्याल राख्नु सबैभन्दा राम्रो मानिन्छ। यस कोठाको छत पिरामिड आकारको छ भने निकै राम्रो हुन्छ। स्टडी टेबलमा सानो पिरामिड पनि राख्न सकिन्छ।

पढ्दाको समय आसपासको वातावरण शुद्ध र सुगन्धित हुनुपर्छ, कोठामा दुर्गन्ध हुनुहुँदैन। पढ्ने कोठामा सकभर भोजन कहिल्यै नगर्नुस्। यदि, कहिलेकाहीं भोजन गरिहाल्नुभयो भने जुठो भाँडालाई तत्कालै बाहिर लग्नुस्। अध्ययन कक्षमा जुठो भाँडा राख्दा पढाइमा मन लाग्दैन। विद्यार्थीको ध्यानलाई यस्ता सामग्रीले पटक-पटक भंग गर्छ।

पढाइको टेबलमा आवश्यक सामग्री मात्रै हुनुपर्छ। अनावश्यक सामग्री तत्कालै हटाउनुस्। नत्र, मन भड्किन सक्छ। अध्ययन कक्षमा आफ्ना प्रिय देवी-देवता तथा प्रेरक व्यक्तिहरूका फोटो राख्न सकिन्छ।

स्याउ बगैंचा हेर्न पर्यटक लालायित

• शान्ता कमली

मनाङ डिस्याङ गाउँपालिका-१ भ्राताङको स्याउ बगैंचा आन्तरिक तथा बाहिरी पर्यटकको रोजाइमा पर्ने गरेको छ। अन्नपूर्ण पदमार्ग तथा मनाङ घुम्न आउनेहरू भ्राताङको स्याउ बगैंचा घुमेर फर्कने गरेका छन्।



भ्राताङस्थित एग्रो मनाङ प्रालिका अध्यक्ष समराज गुरुङले बगैंचा हेर्न आउनेको भिड लाग्न थालेपछि पछिल्लो समय शुल्क लिन थालिएको बताए। 'दिनहुँ ६०-७० जना आन्तरिक र ३०-४० जना विदेशी पर्यटक स्याउबारी हेर्न आउन थाले। यही कारण बगैंचा घुम्न, बगैंचामा फोटो खिच्न पाउने गरी आन्तरिक पर्यटकका लागि प्रतिव्यक्ति दुई सय र बाह्य पर्यटकका लागि प्रतिव्यक्ति चार सय रुपैयाँ टिकट शुल्क तोकेका छौं,' गुरुङले भने।

एग्रो मनाङका अध्यक्ष गुरुङले विशेषगरी बिदाको समयमा स्याउ बगैंचा घुम्न आउनेको घुइँचो लाग्ने गरेको बताए। उनले भने, 'कोही घुम्न त कोही स्याउखेतीबारे जानकारी लिन आउँछन्। टिकट काटेर स्याउबारीमा प्रवेश गरेका पर्यटकलाई उनीहरूको जिज्ञासाअनुसार स्याउबारे जानकारी, स्याउ रोप्ने तरिका, हुर्काउने विधि, टिप्ने तरिका, भण्डारण, फार्म हाउसका साथै ग्रेडिङ प्रणालीबारे पनि जानकारी दिने गरेका छौं।'

७३५ रोपनीमा स्याउखेती

एग्रो मनाङले सात सय ३५ रोपनी जग्गामा स्याउखेती गरेको छ। एग्रो मनाङले सात वर्षअगाडि इटाली र सर्बियाबाट बिरुवा ल्याएर रोपेको हो। स्याउ फर्ममा गाला, गोल्डेन र फुजी जातका स्याउ लगाइएको छ।

चेसले बनाउँछ फ्रेस





श्यामसुन्दर श्रेष्ठ
अध्यक्ष
मध्यपुर चेस क्लब

सोच्ने कलाको विकास : चेसमा रणनीतिक भएर सोच्नुपर्छ। समस्या समाधान गर्ने खुबीलाई यसले बढावा दिन्छ। यसले योजनाबद्ध रूपमा सोच्न पनि सिकाउँछ। त्यही कारण चेस खेलाडीको मस्तिष्क निकै सक्रिय रहन्छ। खेलाडीले विभिन्न सम्भाव्यताको विश्लेषण गर्न, आफूले चालेका मुभहरूको सम्भावित परिणामबारे सोच्न र संकटमा पनि सोच्ने सामर्थ्य विकास गर्न सिक्छन्।

ध्यानको विकास : चेस खेलाडीले बोर्डमा आफ्नो ध्यान र लगाव केन्द्रित गर्न जरुरी हुन्छ। उनीहरूले विपक्षीका मुभ हेर्ने र आफ्नो रणनीति बनाउने गर्नुपर्छ। तसर्थ, नियमित रूपमा चेस खेल्नेहरूको ध्यानशक्ति निकै राम्रो हुन्छ।

स्मरणशक्ति : चेस खेल्दा विपक्षी तथा आफूले चालेका चालहरूलाई सम्झेर त्यहीअनुसार रणनीति बनाइराख्नुपर्छ। त्यही कारण मस्तिष्क निकै सक्रिय रहन्छ। यसले स्मरणशक्तिलाई तेज बनाउन सहयोग गर्छ।

सिर्जनात्मक क्षमताको वृद्धि : चेसले खेलाडीलाई फरक खाले मुभ चाल्न सिकाउँछ। जसकारण सिर्जनात्मक क्षमता वृद्धि भएर जान्छ। खेलाडीले फरक ढंगले सोच्ने सामर्थ्यको विकास गर्न थाल्छन्। कठिन समस्याहरूको पनि सिर्जनात्मक समाधान खोज्ने प्रयास गर्छन्।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०७/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसीलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसीलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्रि गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

सिराहा शाखा, सिराहा

ऋणीको विवरण

१. प्रदेश सरकार, प्रदेश २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.न.घ.उ.सि. ५९६८/०७१/०७२ अन्तर्गत मिति २०७१/१०/१४ मा दर्ता कायम भएको **एम.एम. सनराइज ज्वेलर्स**
फर्म दर्ता ठेगाना : सिराहा न.पा. - ४, सिराहा
स्थायी लेखा नं. ६०२९६०७२६, मिति २०७१/१०/१४
प्रोप्राइटर : मनजर हसन
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा

२. प्रदेश सरकार, प्रदेश २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.न. १३७१०/२०७७/०७८ अन्तर्गत मिति २०७७/१०/२६ मा दर्ता कायम भएको **रमौल जनरल स्टोर**
फर्म दर्ता ठेगाना : सिराहा न.पा. - ४, सिराहा
स्थायी लेखा नं. ६०२९६०७२६ मिति २०७७/१०/२६
प्रोप्राइटर : मनजर हसन
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

मनजर हसन
ना.प्र.नं. १५१०८७/१६६३०, जारी मिति २०६६/०५/२५
जि.प्र.का. सिराहा
बाबुको नाम : अब्दुल रहिम
बाजेको नाम : सेख आसीन
स्थायी ठेगाना : सिराहा न.पा. - ४, सिराहा

अब्दुल रहिम
ना.प्र.नं. ६०६६१८४९, जारी मिति २०४३/०८/१०
जि.प्र.का. सिराहा
बाबुको नाम : सेख आसीन
बाजेको नाम : सेख अजिजुल
स्थायी ठेगाना : सिराहा न.पा. - ४, सिराहा

हन्जला हसन
ना.प्र.नं. १५-०१-७४-०६६४५, जारी मिति २०७४/०६/२३
जि.प्र.का. सिराहा
बाबुको नाम : अब्दुल रहिम
बाजेको नाम : सेख आसीन
स्थायी ठेगाना : सिराहा न.पा. - ४, सिराहा

मोहम्मद रेजा हसन
ना.प्र.नं. १५१०८७/१२९६, जारी मिति २०६६/०९/२९
जि.प्र.का. सिराहा
बाबुको नाम : अब्दुल रहिम
बाजेको नाम : सेख आसीन
स्थायी ठेगाना : सिराहा न.पा. - ४, सिराहा

मलका सिद्दिकी
ना.प्र.नं. १५-०१-७७-०६७८६, जारी मिति २०७७/०९/२७, जि.प्र.का. सिरहा
बाबुको नाम : क्रमरे आलम
पतिको नाम : मनजर हसन
ससुराको नाम : अब्दुल रहिम
स्थायी ठेगाना : सिराहा न.पा. - ४, सिराहा
(ऋणी रमौल जनरल स्टोरका लागि मात्र व्यक्तिगत जमानत)

राजबिराज शाखा, सप्तरी

ऋणीको विवरण

प्रमोद कुमार यादव
ना.प्र.नं. १६४८०९, जारी मिति २०५९/०३/१८, जि.प्र.का. सप्तरी
बाबुको नाम : त्रिभुवन यादव
बाजेको नाम : मोती किसान यादव
स्थायी ठेगाना : राजबिराज न.पा. - ६, सप्तरी
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

त्रिभुवन यादव
ना.प्र.नं. ७६०८४३४०, जारी मिति २०३८/०३/१४
जि.प्र.का. सप्तरी
बाबुको नाम : मोती किसान यादव
बाजेको नाम : लेनहाइ यादव
स्थायी ठेगाना : राजबिराज - ६, सप्तरी

सुर्जी देवी यादव
ना.प्र.नं. ५१२८, जारी मिति २०४६/०३/१०
जि.प्र.का. सप्तरी
पतिको नाम : त्रिभुवन यादव
ससुराको नाम : मोती किसान यादव
स्थायी ठेगाना : राजबिराज - ६, सप्तरी

कमलादी शाखा, काठमाडौं

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा प्रा.फ.नं. ३२५०३/३८०३ अन्तर्गत मिति २०६६/०३/३० मा दर्ता कायम भएको **तामाकोशी फर्निचर**
फर्म दर्ता ठेगाना : गोठाटार - ८, काठमाडौं
स्थायी लेखा नं. ३०४०१३५५३, मिति २०६६/१०/२०
प्रोप्राइटर : सबिर अहमद
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

सबिर अहमद
ना.प्र.नं. २८७२२५०४, जारी मिति २०५७/०१/२२
जि.प्र.का. पर्सा
बाबुको नाम : जालिम मिया मनसुरी
बाजेको नाम : राजाबल मिया मनसुरी
स्थायी ठेगाना : जगरनाथपुर - १, पर्सा

नुमैसा खातुन
ना.प्र.नं. ४७२२, जारी मिति २०६६/१२/३०
जि.प्र.का. पर्सा
बाबुको नाम : महमद रइस
पतिको नाम : सबिर अहमद
ससुराको नाम : जालिम मिया मनसुरी
स्थायी ठेगाना : जगरनाथपुर - १, पर्सा

ईटहरी शाखा, सुनसरी

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा सा.फ.द.प्र.नं. १४२/२०७२/०७३ अन्तर्गत मिति २०७२/०४/१५ मा दर्ता कायम भएको **श्याम पाथीभरा ड्रिङ्किङ्ग वाटर उद्योग**
फर्म दर्ता ठेगाना : इनरुवा - ३, सुनसरी
स्थायी लेखा नं. ६०३३२०२८२, मिति २०७२/०४/१७
साझेदारहरु : राजेन्द्र कुमार गुप्ता र प्रितम अटल
कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा

साझेदार तथा व्यक्तिगत जमानत दिनेको विवरण

प्रितम अटल
ना.प्र.नं. ०६१०३७/१२०४००, जारी मिति २०६४/०२/२३
जि.प्र.का. सुनसरी
बाबुको नाम : हनुमान प्रसाद अटल
बाजेको नाम : भुरामल अटल
स्थायी ठेगाना : ईनरुवा न.पा. - २, सुनसरी

राजेन्द्र कुमार गुप्ता
ना.प्र.नं. ५८५००/५९५००, जारी मिति २०५७/११/०१
जि.प्र.का. सुनसरी
बाबुको नाम : पशुपति प्र. गुप्ता
बाजेको नाम : कुसम लाल प्रसाद गुप्ता
स्थायी ठेगाना : रा.भु. - ६, सुनसरी

व्यक्तिगत जमानत दिनेको विवरण

किरण देवि अटल
ना.प्र.नं. ०६१०३७/६३००
जारी मिति २०६६/०९/२७
जि.प्र.का. सुनसरी
बाबुको नाम : पन्ना लाल झवर
पतिको नाम : हनुमान प्रसाद अटल
ससुराको नाम : भुरामल अटल
स्थायी ठेगाना : ईनरुवा न.पा. - २, सुनसरी

हनुमान प्रसाद अटल
ना.प्र.नं. ११०९३/६२५६(४५५)/१२३८
जारी मिति २०३६/०८/१६
जि.प्र.का. सुनसरी
बाबुको नाम : भुरामल अटल
बाजेको नाम : कानीराम अटल
स्थायी ठेगाना : ईनरुवा न.पा. - २, सुनसरी

सुधा गुप्ता
ना.प्र.नं. १५३०८८/२०१
जारी मिति २०६३/११/२९
जि.प्र.का. सुनसरी
बाबुको नाम : लाल बाबु साह
पतिको नाम : राजेन्द्र कुमार गुप्ता
ससुराको नाम : पशुपति प्रसाद गुप्ता
स्थायी ठेगाना : ईनरुवा न.पा. - २, सुनसरी

ऋणीको विवरण

२. प्रदेश सरकार, प्रदेश नं. १, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फ.र.नं. १५१६/०६८/६९ अन्तर्गत मिति २०६८/०६/१३ मा दर्ता कायम भएको **श्री हनुमान वस्त्रालय**
फर्म दर्ता ठेगाना : इनरुवा - २, सुनसरी
स्थायी लेखा नं. ३०५५४०२३६, मिति २०७०/०५/२८
प्रोप्राइटर : हनुमान प्रसाद अटल
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

हनुमान प्रसाद अटल
ना.प्र.नं. ११०९३/६२५६(४५५)/१२३८
जारी मिति २०३६/०८/१६
जि.प्र.का. सुनसरी
बाबुको नाम : भुरामल अटल
बाजेको नाम : कानीराम अटल
स्थायी ठेगाना : ईनरुवा न.पा. - २, सुनसरी

किरण देवि अटल
ना.प्र.नं. ०६१०३७/६३००
जारी मिति २०६६/०९/२७, जि.प्र.का. सुनसरी
बाबुको नाम : पन्ना लाल झवर
पतिको नाम : हनुमान प्रसाद अटल
ससुराको नाम : भुरामल अटल
स्थायी ठेगाना : ईनरुवा न.पा. - २, सुनसरी

प्रितम अटल
ना.प्र.नं. ०६१०३७/१२०४००
जारी मिति २०६४/०२/२३
जि.प्र.का. सुनसरी
बाबुको नाम : हनुमान प्रसाद अटल
बाजेको नाम : भुरामल अटल
स्थायी ठेगाना : ईनरुवा न.पा. - २, सुनसरी

ऋणीको विवरण

३. प्रितम अटल
ना.प्र.नं. ०६१०३७/१२०४००, जारी मिति २०६४/०२/२३
जि.प्र.का. सुनसरी
बाबुको नाम : हनुमान प्रसाद अटल
बाजेको नाम : भुरामल अटल
स्थायी ठेगाना : ईनरुवा न.पा. - २, सुनसरी
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

हनुमान प्रसाद अटल
ना.प्र.नं. ११०९३/६२५६(४५५)/१२३८, जारी मिति २०३६/०८/१६
जि.प्र.का. सुनसरी
बाबुको नाम : भुरामल अटल
बाजेको नाम : कानीराम अटल
स्थायी ठेगाना : ईनरुवा न.पा. - २, सुनसरी

(ऋणी प्रितम अटलका लागि श्री हनुमान वस्त्रालयको सस्थागत जमानत रहेको)

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

पारिवारिक इजलास : न्यायिक विशिष्टीकरणको कडी

नेपालको सन्दर्भमा हेर्दा भन्न् पछि भन्न् न्यायालयलाई विकेन्द्रित गरी लैजानुपर्नेमा केन्द्रीकृत गर्दै लगिएको छ



● अनन्त डुम्रे

अग्रलेख



राज्यको प्रमुख र ऐतिहासिक कार्य भनेकै पीडितलाई न्याय दिनु हो । आफ्नो भूभाग वा राज्यमा शान्ति सुरक्षा एवं अमन-चयन कायम गर्ने, शान्ति भंग भइहाल्यो भने त्यसबाट पीडितलाई तत्कालै न्याय दिने र अपराधीलाई दण्डित गर्ने कार्य राज्यको उत्पत्तिसँग जोडिएको विषय हो । समाज विकासका क्रममा जब राज्यमा लोककल्याणको विषयले प्रवेश पायो, तब राज्यको दायरा पनि बढ्दै गयो । दायरा बढ्नुको अर्थ मूल कुरालाई बिर्सनु वा अवमूल्यन गर्नु भन्ने होइन । त्यसलाई भन्न्-भन्न् परिष्कृत र परिमार्जन गर्दै जानुपर्छ भन्ने हो । यही कुरा नै विज्ञानसम्मत हुन्छ ।

संसारमा न्याय सम्पादन गर्ने विषयमा विभिन्न प्रणालीको अवलम्बन हुँदै आएको पाइन्छ । हाम्रो पूर्वीय दर्शनमा न्याय निरुपणको आफ्नै प्रणाली थियो । सो प्रणाली विकेन्द्रित मात्रै होइन, विशिष्टीकृत पनि थियो । कोटिलिङ, इटाचपली त्यसका सुन्दर नमुना हुन् । विक्रम युगको बीसौँ शताब्दीको सुरुवातसँगसँगै नेपालमा बाह्य प्रभाव बढ्न थाल्यो । नेपोलियनको संहिताबाट प्रभावित भएर १९१० सालमा मुलुकी ऐन बन्यो । एक्काइसौँ शताब्दीको सुरुवातपश्चात् अन्य थुप्रै नयाँ ऐन बन्न थाले । सरकारवादी हुने मुद्दासम्बन्धी विषयलाई व्यवस्थित गर्न ०१७ सालमा सरकारी मुद्दासम्बन्धी ऐन आयो । ०३१ सालमा प्रमाण ऐन आएपछि मुलुकी ऐनमा भएका कैयौँ विषय विस्थापित भए । अदालती संरचनामा पनि निकै फेरबदल भए । ०४७ सालमा भएको फेरबदलको जगमा आजको हाम्रो न्याय व्यवस्था अडेको छ ।

०६२-०७२ को परिवर्तनले न्यायालयलाई खासै छोएन । साबिक पुनरावेदन अदालतलाई रूपान्तरण गरी उच्च अदालत बनाइयो भने पञ्चायतकालमा नै असफलसिद्ध भइसकेको स्थानीय तहमा भएको राजनीतिक निकायको दोस्रो दर्जाको व्यक्तिलाई न्यायिक निरुपण गर्ने जिम्मा दिने गरी कानुनी तथा संवैधानिक व्यवस्था गरियो । जुन शक्ति पृथकीकरणको सिद्धान्तसमेतको बर्खिलाप रहेको छ ।

न्यायलाई स्वतन्त्र, निष्पक्ष, कम खर्चिलो र आमनागरिकको सहज पहुँचयोग्य बनाउनुपर्ने विषयमा संसारभरमा कहींकतै विमति देखिँदैन । कार्यान्वयन पक्षलाई हेर्दा राज्य विशेषका आ-आफ्नै प्रणाली, पद्धति तौरतरिका अवलम्बन हुँदै आएको पाइन्छ । कतिपय विकसित मुलुकमा सर्वोच्च अदालतदेखि स्थानीयस्तरमा विषयगत अदालत रहेको पाइन्छ । ती मुलुकले आफ्नो परिवेशअनुसार न्यायलाई विशिष्टीकरणको साथ साथै विकेन्द्रीकरण पनि गर्दै लगेका छन् । मुलुकको आ-आफ्नो विशेषताअनुसारका लोक अदालत, स्मल कजेजकोर्ट, समरी ट्रायल कोर्ट कन्जुमरकोर्ट, फेमिलीकोर्टजस्ता विविध नाम गरेका अदालत प्रचलनमा रहेको पाइन्छ ।

नेपालको सन्दर्भमा हेर्दा भन्न् पछि भन्न् न्यायालयलाई विकेन्द्रित गरी लैजानुपर्नेमा केन्द्रीकृत गर्दै लगेको पाइन्छ । हामी न्यायिक पहुँचका ठुल्दूला कुरा गर्न पनि छाड्दैनौँ । आमनागरिकको न्यायमा सरल, सहज पहुँच हुने कुनै काम कुरा पनि गर्दैनौँ । विदेशीको इसारालाई भने बडो ध्यान दिएर लागू गर्दै जान्छौँ । त्यो नेपालको परिवेशअनुकूल होस् या नहोस्, त्यसमा कुनै मतलब नै छैन जस्तो गर्छौं । त्यसको नमुना हो, उच्च अदालतमा रहेको वाणिज्य इजलास । त्यसै विषयमा एकातिर तत्कालीन पुनरावेदन अदालतका मुख्य न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय कार्यदल गठन भई काम गरिरहेकै थियो, अर्कोतर्फ त्यसको प्रारम्भिक प्रतिवेदनसमेत नआउँदै वाणिज्य इजलासको गठन नगरी भएन । वैदेशिक शक्तिको आडमा उनीहरूले चाहेको विषय मात्र समावेश गरेर अझ भनौं, न्यायाधीश पनि यथासम्भव उनीहरूकै इच्छाअनुसारको राख्ने गरी वाणिज्य इजलास गठन गरियो ।

न्यायमा सहज पहुँचका लागि अप्रजातान्त्रिक भनिएका शासकले बरु २०१४ सालमा नै दौडाहा अदालतको अवधारणा मात्रै अगाडि ल्याएनन्, त्यसको कुशल कार्यान्वयन गरेको गौरवशाली इतिहास पनि हामीसँग छ । त्यसको बेवास्ता गर्दै कोर्ट इन हि्वल, कोर्ट इन कम्युनिटी भन्नेजस्ता अल्पिल्टा कार्यक्रम पनि विदेशीहरूकै आडमा बैसाखी टेकेर ल्यायौँ । त्यो कार्यक्रम न्यायिक पहुँचका दृष्टिले कति सार्थक भयो भन्ने कुरा यकिनसाथ भन्न त अनुसन्धानलाई नै पर्खनुपर्ला । कतिपय कार्यक्रममा आफू पनि संलग्न भएको नाताले यतिसम्म भन्न सकिन्छ, यो कार्यक्रमले विषयवस्तुलाई बिल्कुल सम्बोधन गर्न सकेको छैन । विगतमा न्यायलाई विशिष्टीकरण गर्ने नाममा देवानी तथा फौजदारी इजलासको केही नमुना अभ्यास गर्दै नगरेको पनि होइन । तर, त्यो पनि बाह्य शक्तिकै आडभरोसा र बैसाखीमा भएकाले त्यसले कुनै विशिष्टता हासिल गर्न नसकेको मात्र होइन, धेरै समय टिक्न पनि सकेन । न्यायाधीशको क्षमता योग्यता र अनुभवभन्दा पनि पहुँचको आधारमा न्यायाधीशहरू परिवर्तन हुँदै जान थाले । एउटा अदालतमा रहँदा देवानी इजलासमा र अर्कोमा जाँदा फौजदारी इजलासमा पुग्ने भयो । जुन उद्देश्यका लागि भनेर अभ्यास सुरु गरिएको थियो, त्यसअनुरूप बिल्कुलै भएन ।

> न्यायाधीशको योग्यता, क्षमता, अनुभव र इच्छासमेतलाई विचार गरी यथासम्भव पहिलोपटक विषय रोज्न दिने र विशेषज्ञ बनाउने गरी विगतका तितामिठा अनुभवको विश्लेषण गर्दै विसंगति र विकृति न्यून हुने गरी इजलास गठन भएमा पारिवारिक इजलास गठन गर्ने यो कदम न्यायिक इतिहासमा विशिष्टीकरणका दृष्टिले कोसेढुंगा सावित हुनेछ ।

न्यायिक विशिष्टीकरणका दृष्टिले सर्वोच्च अदालतमा संवैधानिक तथा प्रशासनिक, देवानी, फौजदारी तथा अर्थवाणिज्य र उच्च अदालतमा देवानी, फौजदारी, अर्थवाणिज्यका अलावा प्रशासनिक र पारिवारिक तथा प्रदेशस्तरमा श्रम रोजगार र कर्मचारीसम्बन्धी मुद्दा हेर्ने प्रशासकीय अदालतजस्ता न्यायाधीकरणहरू र जिल्लास्तरमा पनि देवानी फौजदारी तथा पारिवारिक इजलास तथा सवारी दुर्घटना, नापतौल खाद्य मिसावटजस्ता कतिपय विषयमा तत्कालै न्याय निसाफ दिनुपर्ने हुनाले इलाकास्तरमा उपभोक्त अदालत अहोरात्र चलाउनुपर्ने हुन सक्छ । यस विषयमा सर्वोच्च अदालतदेखि नै, जहाँ इजलासको विशिष्टीकरण हुने सम्भव छ, त्यहाँ स्थायी इजलासको गठन गर्ने र जहाँ इजलासको गठनबाट मात्रै विषयवस्तुको सम्बोधन गर्न सकिँदैन, त्यस्तो अवस्थामा छुट्टै अदालत वा न्यायाधीकरणको गठन गर्नुपर्ने हुन्छ । यस्तो अभ्यास संयुक्त अधिराज्य बेलायत र फिलिपिन्समा पहिलेदेखि नै भइआएको छ । जर्मनीको कुरा अझ बेग्लै छ । खास गरेर न्यायिक पहुँचका दृष्टिले वञ्चितीकरणमा परेका आमजनसमुदायको हितलाई ध्यानमा राखेर भौगोलिक दृष्टिले समेत पहुँचयोग्य बनाइएन भने अदालतमा उपलब्ध अन्य सरसुविधा निरर्थक हुन जाने देखिन्छ ।

राम्रो काम गर्न कहिल्यै पनि ढिला हुँदैन । नवनियुक्त प्रधानन्यायाधीशले ढिलै भए पनि काठमाडौं जिल्ला अदालतमा पारिवारिक इजलास गठन गरेर आफ्नो प्रतिबद्धता पूरा गर्नुभएको छ । नवनियुक्त प्रधानन्यायाधीशलाई यस्तै राम्रा कामको सुरुवात गर्ने वा पुनर्जीवित गर्ने कुरामा सफलता मिलोस् भन्ने शुभकामना पनि छ । अब ढिलो नगरी देवानी तथा फौजदारी इजलास पनि स्थायी रूपमा नै गठन गर्नुपर्छ । न्यायाधीशको योग्यता, क्षमता, अनुभव र इच्छासमेतलाई विचार गरी यथासम्भव पहिलोपटक विषय रोज्न दिने र विशेषज्ञ बनाउने गरी विगतका तितामिठा अनुभवको विश्लेषण गर्दै विसंगति र विकृति न्यून हुने गरी इजलास गठन भएमा पारिवारिक इजलास गठन गर्ने यो कदम न्यायिक इतिहासमा विशिष्टीकरणका दृष्टिले कोसेढुंगा सावित हुनेछ । दार्चुलादेखि ताप्लेजुङ र झापादेखि कञ्चनपुरका कार्यालय सहयोगीको मुद्दा हेर्न प्रशासकीय अदालतलाई सिंहदरबारभित्र राखेर न्यायिक सहजता र पहुँचको कुरा गर्नु वीरबलको खिचडी पकाउने कुराको पुनरुत्थान गर्नु मात्रै हुनेछ । तसर्थ श्रम रोजगार र प्रशासकीय अदालतको क्षेत्राधिकार विस्तार गरी कमसेकम प्रदेशस्तरमा लैजानु नितान्त जरुरी भइसकेको छ ।

(डुम्रे उच्च अदालतका पूर्वन्यायाधीश हुन्)

३ प्रश्न

पूर्वराजदूत **डा. दिनेश भट्टराई**लाई तीन प्रश्न



तपाईलाई राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसको भ्रमण नेपालका लागि कत्तिको फलदायी भयो भन्ने लाग्छ ?

एउटा त, डाग ह्यार्मक्सजोल्डदेखि अहिलेसम्मका महासचिवबाट नेपालको भ्रमण हुँदै आएकाले परम्पराको निरन्तरता कायम भएको छ । अर्को महत्त्वपूर्ण कुरा, गुटेरेसको भ्रमणले विश्वमा नेपालबाट जलवायु परिवर्तनबारे तात्कालिकताको सन्देश गएको छ । जलवायुका भयावह असरलाई उजागर गरिदिएर महासचिवले विश्वको ध्यानाकर्षण गराउनुभएको छ । अब हाम्रो प्रयास यो मुद्दालाई अगाडि बढाउने हुनुपर्छ ।

संक्रमणकालीन न्याय टुंग्याउन महासचिव गुटेरेसको भ्रमणले झकझक्याउने काम गरेको छ, के अब टुंगिएला ?

युएनले सद्भावसम्म राख्न त सक्ला, तर टुंग्याउने काम हाम्रा नेताहरूकै हो । र, उनीहरूले नै जतिसक्दो छिटो निष्कर्षमा पुऱ्याउनुपर्छ । सर्वोच्च अदालतको आदेश, अन्तर्राष्ट्रिय मापदण्ड र पीडितकेन्द्रित बनाउँदा मात्रै संक्रमणकालीन न्याय निष्कर्षमा पुग्छ भनेर गुटेरेसले स्पष्ट शब्दमा भनिसक्नुभएको छ । नेताहरूले यसको गाम्भीर्य बुझेर जतिसक्दो चाँडो टुंग्याउँछन्, त्यति नै देश र जनताको हितमा हुन्छ । यो निकै जटिल विषय हो । यो कुनै पनि समय शक्तिराष्ट्रहरूबाट भूराजनीतिक कार्डका रूपमा प्रयोग नहोला भन्न सकिन्न । यदि देशलाई चलखेलबाट बचाउने हो भने संक्रमणकालीन न्यायलाई टुंग्याइहाल्नुपर्छ ।

गुटेरेस भ्रमणको लाभ लिन नेपालले के गर्नुपर्छ ?

महासचिवले लुम्बिनी पुगेर राष्ट्रसंघको बडापत्रमा अन्तरनिहित सिद्धान्त बुद्धको सन्देश, पञ्चशीलको सिद्धान्तबाट प्रेरित रहेको भनेर विश्वशान्तिको जुन सन्देश दिनुभएको छ, त्यो निकै महत्त्वपूर्ण छ । अन्तर्राष्ट्रिय जगत्मा लुम्बिनीको प्रभावकारी प्रचार भएको छ । युएनका महासचिव उ थान्तको भ्रमणपछि युएनमा 'इन्टरनेसनल कमिटी फर दि डिभलपमेन्ट अफ लुम्बिनी' भन्ने एउटा कमिटी नै बनेको छ । त्यसलाई पुनर्जीवित गराउन सकियो भने लुम्बिनीको विकासमा धेरै काम गर्न सकिन्छ ।

प्रेरक प्रसंग

भाग्य कि पुरुषार्थ ?

धेरै समयअघिको कुरा हो । एउटा जंगलमा चल्तीको गुरुकुल थियो । जहाँ थुप्रै बालक पढ्न आउथे । एकदिन गुरुले सबै विद्यार्थीलाई एकैठाउँ राखेर पढाइरहेका थिए । तर, एउटा विधार्थीले भने बारम्बार बुझाउँदा पनि पाठलाई बुझ्न सकिरहेको थिएन । उसको बोधोपनबाट दिक्क भएर गुरुलाई ती विद्यार्थीसँग एकदमै रिस उठ्छ । उनले उक्त विद्यार्थीलाई तिम्रो हात देखाऊ त भन्छन् । विद्यार्थीले आफ्नो हत्केला गुरुको अगाडि फैलाइदिन्छ । उसको हातका रेखा हेरेर गुरु उसलाई बाबु तिमीले पढेर खान सक्दैनौ, तिम्रो भाग्यमा विद्या छैन, तिमी घर जाऊ भन्छन् ।



उक्त विद्यार्थीले गुरुलाई किन र गुरुजी भनेर सोध्छ । गुरुले एउटा पदैया विद्यार्थीको हत्केला देखाउँदै तिम्रो हातमा उसकोजस्तो विद्याको रेखा नै छैन, त्यसैले तिमीले पढ्ने दुःख नगरेकै जाती, तिमी घर गए हुन्छ भन्छन् ।

यो कुरा सुनेर उक्त विद्यार्थीले खल्तीबाट एउटा धारिलो चक्कु निकाल्छ, जुन उसले हरेक दिन दतिवन काट्न प्रयोग गर्थ्यो । उसले आफ्नो हातमा चक्कुले चिरेर एउटा गहिरो रेखा बनाउँछ र गुरुलाई देखाउँदै भन्छ, गुरुजी हेर्नुस् त मैले आफ्नो हातमा विद्याको रेखा बनाएँ ।

यो देखेर गुरु भावविह्वल हुन्छन् र बाबु तिमीलाई विद्या आर्जन गर्न कुनै ताकतले रोक्न सक्दैन । दृढ निश्चय र परिश्रमले भाग्यका रेखा बदलिदिन्छ भन्छन् । ती विद्यार्थी पछि महर्षि पाणिनिका नामले सुप्रसिद्ध भए । उनले विश्वप्रसिद्ध व्याकरण अष्टाध्यायीको रचना गरे । भनिन्छ, अहिलेसम्म विश्वका कुनै पनि भाषामा यतिको उत्कृष्ट र पूर्ण ग्रन्थ अहिलेसम्म लेखिएको छैन । हामीले चाह्यौं भने लगन, दृढ निश्चय र कठिन परिश्रमको बलमा कुनै पनि कुरा हासिल गर्न सकिन्छ । पुरुषार्थी व्यक्ति कहिल्यै भाग्यको भरोसामा चल्दैन । यस्तो व्यक्तिको मार्ग लगन र परिश्रमले तय हुन्छ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मुस्ताङ पुग्ने सडक छिटो बनाइदेऊ

यात्राका लागि उपयुक्त मौसम भएकाले हिजोआज सामाजिक सञ्जालका भित्तामा मनाङ-मुस्ताङका सुन्दर भूदृश्य छाएका छन् । ती सुन्दर दृश्य देख्दा जोकोही मन्त्रमुग्ध बन्छ । लाग्छ, पृथ्वीको स्वर्ग नै यही हो । तस्बिरमा देखिएको दृश्यलाई आँखैअगाडि देख्दा कस्तो महसुस हुँदो हो भन्ने हुटहुटीले यो पत्रलेखक पनि यसपालिको दसैँमा मुस्ताङ घुम्न गयो । वास्तवमै गजब रहेछ, त्यहाँको सुन्दरता । यसै मनाङ मुस्ताङले वार्षिक हजारौँ आन्तरिक एवं बाह्य पर्यटक तानेका रहेनछन् । तर, सुधार गर्नुपर्ने केही कुरा पनि टड्कारो देखियो । सुधारको पहिलो आवश्यकता सडकमार्गमा देखियो । मुस्ताङ र म्याग्दीको बीचमा रहेको काग्बेभिर र त्यसवरपरको करिब ५० किलोमिटर बाटो यति नाजुक अवस्थामा रहेछ कि आङ नै सिरिङ हुन्छ । बीच बाटोबाटै फर्कौं झैं लाग्छ । लेतेपछि भने जापान सरकारले बनाइदिएको कोटेश्वर-जगातेको ६ लेन भन्दा पनि राम्रो बाटो रहेछ ।

हुन त सरकारले चीनको कोरला नाकासम्म नै राम्रो बाटो बनाउन ठेक्का लगाएको छ । तर, ती ठेकेदारले सहज रहेको ठाउँमा पिच बनाएका छन्, भिर र अप्ठ्यारो ठाउँमा कुनै काम नगरेको देखियो । सरकार कडा रूपमा प्रस्तुत नभए ती बाटा अझै केही वर्ष बन्न नसक्ने अवस्था छ । दिनमा पाँच हजारको हाराहारीमा पर्यटक आएको रेकर्ड रहेछ यसपालि । सरकारले यसतर्फ विचार गरोस् र यथाशीघ्र मुक्तिनाथ हुँदै कोरालासम्म पुग्ने राजमार्गलाई सम्पन्न गर्ने काम गरोस् । मुक्तिनाथ मन्दिरको भौतिक संरचनामा पनि सुधार गर्नुपर्ने देखिन्छ । १०८ धाराबाट बग्ने पानी मन्दिरकै वरिपरि छताछुल्ल हुँदा त्यसले दर्शनार्थीलाई समस्यामा पर्दो रहेछ ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं

दुराशययुक्त सूचनाको फैलावट र बढ्दो प्यालेस्टाइन द्वेष

अफवाह र इस्लामद्वेषको सर्वव्यापकताले सबै मुसलमान, प्यालेस्टिनी र गैरमुसलमान प्यालेस्टिनीलाई समेत आतंककारीका रूपमा पेस गरेको छ



देश / विदेश

● जेस्मिन जाइन

(जाइन विल्फ्रेड लौरियर विश्वविद्यालयकी समाजशास्त्रकी प्राध्यापक हुन्)

राजनीतिक सञ्चारमा ठूलो झूटलाई 'भ्रामक सत्य प्रभाव' भनेर चिनिन्छ । यो प्रभाव तब देखिन्छ, जब बारम्बार मिथ्या सूचनालाई फैलाइन्छ र आममानिसले त्यस सूचनालाई सत्य ठानेर विश्वास गर्छन् । बारम्बार फैलाउँदा झुटले स्वीकृति हासिल गर्ने गर्छ । आममानिसले जति धेरैपटक झुटमा आधारित विचार र विषयवस्तुबारे जानकारी पाउँछन्, त्यति धेरैपटक मिथ्या सूचनालाई वास्तविकताको रूपमा ग्रहण गरिने सम्भावना बढ्छ । इन्टरनेट र सामाजिक सञ्जालमा मिथ्या समाचार अत्यधिक मात्रामा फैलिने गर्छ । मिथ्या सूचनाले गलत वा अपूरो जानकारीलाई जनाउँछ र त्यसैगरी दुराशययुक्त सूचना अभियानले नियतवश भय र शंका उत्पन्न गर्न प्रोपोगान्डाको प्रसार गर्छ । दुराशययुक्त सूचना उद्योग चलाउने र झुटको कारोबार गर्ने दलालमाझ बृहत् सार्वजनिक वृत्तमा प्रोपोगान्डा र षड्यन्त्रका सिद्धान्त फैलाउने ठुलै खुबी हुने गर्छ ।

सामाजिक आख्यानको उत्पादन

इस्लामद्वेषी र प्यालेस्टाइनविरोधी विचार एवं षड्यन्त्र मिडिया च्यानल र संगठित सञ्जालमार्फत फैलिँदै आएको छ । फैलावटका क्रममा विशेषतः युद्ध, द्वन्द्व र बढ्दो राजनीतिक तनावको समयमा यस्ता विचार एवं षड्यन्त्र सामाजिक तथ्यको रूपमा ग्रहण हुने गर्छ । उल्लिखित तनावका समयमा हिंसालाई बढ्दो रूपमा फैलिने अमानवीकृत भाष्य र 'भयका कथा'ले बल पुऱ्याउने काम गर्छ । यस्ता लक्षित प्रोपागान्डाले सम्पूर्ण जनसंख्यालाई नै अपराध र सामाजिक समस्या फैलाउने पथभ्रष्ट 'लोक सैतान'का रूपमा चित्रण गर्छ । फलतः नैतिक सन्त्रासको उत्पादन हुन्छ र उत्पीडन जायज ठहरिन पुग्छन् ।

हिंसात्मक जोखिम

मेरो पुस्तक 'अन्डर सिज : इस्लामोफोबिया एन्ड द ९/११ जेनेरेसन'मा मैले अमेरिकामा सेप्टेम्बर ११, २००१ मा भएको आतंककारी घटनापछि विश्वभरका दुई अर्ब मुसलमानले सामूहिक दण्ड पाएका थिए भन्ने उल्लेख गरेकी छु । मुसलमानलाई पश्चिमा समाजलाई क्षति पुऱ्याउने लोक सैतान बनाइयो अर्थात् मुसलमान समुदायलाई हिंसालाई समर्थन गर्ने र फैलाउने समूहका रूपमा चिनाइयो । हालैका दिनमा यस्तो भाष्यलाई प्रधानमन्त्री जस्टिन ट्रुडोलगायत अन्य क्यानेडेली नेताले सार्वजनिक भाषणमा व्यक्त गरिरहेका छन् । टोरोन्टोका मेयर ओलिभिया चाउले हालैका प्यालेस्टाइन ऐक्यबद्धता च्याली र आन्दोलनलाई 'हिंसा'को महिमामण्डन गर्ने काम भन्दै यस्ता कार्यक्रममा साहभागिता जनाउने व्यक्तिलाई 'हमास समर्थक'को बिल्ला भिराएका छन् । इस्लामद्वेषको सर्वव्यापकताले सबै मुसलमान, प्यालेस्टिनी र गैरमुसलमान प्यालेस्टिनीलाई समेत सम्भावित हिंस्रक एवं आतंककारीका रूपमा पेस गरेको छ । जब यस्ता नश्लभेदी भाष्यलाई नेताले प्रयोग गर्छन्, तब प्यालेस्टिनी जनतालाई दिइने समर्थनलाई आतंकवादलाई समर्थन गरेको अर्थ लगाइन्छ । मुलुकभित्र र अन्यत्रका मुसलमानविरुद्ध भय र नैतिक सन्त्रासको सिर्जना गरिन्छ ।

मुसलमानविरोधी नीति

मिडिया र मुसलमानविरोधी भाष्य प्रवर्द्धन गर्ने विभिन्न सामाजिक मञ्चबाट नियमित रूपमा पूर्वाग्रही एवं पक्षपाती समाचार उपभोग गर्ने व्यक्तिले स्वाभाविक रूपमा मुसलमान हिंसात्मक हुन्छन् भन्ने धारणामा विश्वास गर्छन् । मुसलमानप्रतिको नकारात्मक धारणा क्यानडामा पनि देख्न सकिन्छ । सन् २०१७ मा रेडियो क्यानडाको सर्वेक्षणले धेरै क्यानेडेली र क्युबेक क्षेत्रका क्यानेडेलीले मुलुकका मुसलमानलाई लिएर



तस्बिरः न्याम वाई ह्यू

चिन्ता व्यक्त गरेको देखाएको छ । क्यानडका आधा उत्तरदाता र क्युबेकका आधाभन्दा बढीले मुसलमानको उपस्थितिका कारण सुरक्षाबारे चिन्ता महसुस गरेको बताएका छन् । यसबाहेक करिब एकचौथाइ क्यानेडेली र क्युबेकवासी एकतिहाइले मुलुकमा मुसलमान आप्रवासीलाई प्रतिबन्ध लगाउनुपर्ने कुरा गरेका छन् । व्यापक इस्लामद्वेषी भावना मुसलमानविरोधी नीति र अभ्यासमा प्रतिबिम्बित हुने गर्छ । हालै क्यानडा ओन्टारियोको मार्कहम पब्लिक लाइब्रेरीले आफ्ना शाखाबाट अस्थायी रूपमा इस्लामिक सम्पदा प्रदर्शनमा रोक लगाएको छ । रोक लगाउने क्रममा कर्मचारीलाई 'मध्यपूर्वको वर्तमान अवस्थालाई ध्यानमा राख्दै, इस्लामिक सम्पदा महिनालाई सक्रिय रूपमा प्रवर्द्धन नगर्नु हाम्रो लागि उत्तम हो' भन्ने व्यहोरासहित इमेल लेखिएको छ ।

क्यानडामा इस्लामद्वेषका घातक परिणाम पनि सतहमा आएका छन् । ओन्टारियो सहरमा सन् २०२१ मा ट्रकले कुल्चेर पाकिस्तानी मूलका क्यानेडेली परिवारका चार सदस्यको हत्या गरिएको थियो । हत्याको अभियोग लगाइएको व्यक्तिले अनुसन्धानका क्रममा अपराध गर्नुका पछाडि मुसलमान 'ग्रुमिङ गिरोह' अर्थात् बालबालिका अपहरण गरेर यौन दुर्व्यवहार गर्ने गिरोहका कारण गरेको बताएका थिए । जबकि यस्ता मुसलमान 'ग्रुमिङ गिरोह'का भाष्यमा कुनै पनि किसिमको सत्यता मौजुद छैन ।

अनलाइन अफवाह र दुराशययुक्त सूचना

हमासले ४० इजरायली बालबालिका घाँटी रेटेर जलाएको भन्ने अपुष्ट दाबीलाई विभिन्न मुलुकका नेतृत्वदायी भूमिकाका व्यक्ति, सेलिब्रेटी र मिडियाले फैलाएका थिए । जबकि यो नृशंस अपराधको दाबीलाई इजरायली अधिकारीले समेत कुनै औपचारिक पुष्टि गरेको थिएन । यसका बाबजुद फैलिएको मिथ्या सूचनाले प्यालेस्टिनी जनताको अमानवीकरण गरेको छ । नतिजा प्यालेस्टिनीलाई 'रक्तप्यासी राक्षस' र 'पशु मानव'को संज्ञा दिइएको छ । यसकारण प्यालेस्टाइनविरोधी नश्लभेद अत्यधिक बढेको छ । दुराशययुक्त सूचना र राक्षसीकरणको अभियानले अमेरिकाको प्लेनफिल्डमा प्यालेस्टिनी मूलका ६ वर्षीय अमेरिकी मुसलमान बालक वदिया अल-फयुमीको दुःखद हत्या निम्त्याएको थियो । यी बालकलाई गोरा घरबेटीले २६ पटक छुरा घोपेका थिए र बालककी आमालाई 'तिमी मुसलमानहरू मर्नैपर्छ !' भनेका थिए ।

युद्धका हताहती

यी हिंसात्मक परिणामले ग्रिक नाटककार एस्किलसको 'युद्धमा सबैभन्दा पहिला सत्यको हत्या हुन्छ' भन्ने सैन्य भनाइको सम्झना गराउँछ । युद्ध र द्वन्द्वका वेला दुराशययुक्त सूचना सबैभन्दा पहिले प्रयोग गरिने अस्त्र हो । राजनीतिक नेता र मिडियाका भाष्यलाई आँखा चिम्लेर पत्याउने सुविधा हामीसँग छैन । यो कहालीलाग्दो समयमा आममानिसले सत्य र असत्य आख्यानबीचको भेदलाई छुट्याउन सक्नुपर्छ ।

द कन्भर्सेसनबाट

संक्रमणकालीन न्याय छिटो टुंग्याऊ

माओवादी शान्ति प्रक्रियामा आएको १७ वर्ष पुगिसक्यो । तर, संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याएर टुंग्याउने इमानदार प्रयास भने कहिल्यै भएन । संक्रमणकालीन न्यायको विषयलाई जति लम्ब्यायो, त्यति गिजोलिँदै जाने र टुंगिन कठिन हुने परिस्थिति निर्माण हुँदै जान्छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेसको भ्रमणले संक्रमणकालीन न्यायको विषयलाई किनारा लगाउने अवसर पुनः एकपटक सिर्जना गरिदिएको छ । शान्ति प्रक्रियाका पक्षहरू तत्कालीन विद्रोही समूहका सुप्रिमो प्रचण्ड नै प्रधानमन्त्री रहेको र तत्कालीन सत्तापक्ष नेपाली कांग्रेसका सभापति पनि सत्तारुढ गठबन्धनमा रहेको परिप्रेक्ष्यमा प्रमुख प्रतिपक्षी नेकपा एमालेलाई विश्वासमा लिएर छिटोभन्दा छिटो टुंग्याउनुपर्छ । द्वन्द्वका घाउलाई मलम लगाउन ढिला गरिनु किमार्थ उचित होइन ।

● **श्रीप्रसाद न्यौपाने**, काठमाडौं

'आजाद भिसा' संकट नबनोस्

यहीबाट काम गर्ने कम्पनी यकिन गरेर जानुनपर्ने र राम्रो पैसा पाइने कम्पनी रोजेर काम गर्न पाइने प्रलोभनमा कतार गइरहेका नेपाली समस्यामा पर्न थालेको समाचार आएको छ । सरकारले उचित कदम चालेर यस्तो अभ्यासलाई निरुत्साहित गर्नुपर्छ । कतारको 'आजाद' भिसाले अर्को संकट ननिम्त्याओस् भन्नेतर्फ वेलैमा सचेत हुनुपर्छ ।

● **वसन्त श्रेष्ठ**, तनहुँ

एनआरएनलाई बदनाम नगर

गैरआवासीय नेपाली संघ(एनआरएन)को बालुवाटारस्थित कार्यालयमा असन्तुष्ट र संस्थापनबीच हात हालाहालसम्मको घटना हुनु दुःखद छ । एनआएएनको यस्ता हर्कत यो संस्थाको पतनको सुरुवात बन्न सक्छ । अति राजनीतीकरणका कारण एनआरएनको छवि पछिल्लो समय धुमिलिँदै गएको छ । राजनीति र व्यक्तिगत लाभका लागि संस्थाको दुरुपयोग गर्ने क्रम नरोकिए पतन धेरै पर छैन । हेक्का रहोस् ।

● **अशोक तमाङ**, जोरपाटी

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पाकिस्तानले लाखौँ अफगान आप्रवासीलाई देशनिकाला गर्ने

इस्लामाबाद / पाकिस्तानले अक्टोबरको प्रारम्भमा एक महिनाभित्र सबै 'अवैध' आप्रवासीलाई देश छाड्ने चेतावनी दिएको थियो । पाकिस्तानका अन्तरिम(चुनावी सरकारका) गृहमन्त्री सरफराज बुग्तीले अवैध आप्रवासीका कारण देशमा असुरक्षा बढेकाले सरकार यस्तो कदम चाल्न बाध्य भएको बताएका थिए । यस चेतावनीमा तोकिएको सयमसीमा अक्टोबर ३१ मा सकिएको छ । सो दिनसम्म दसौँ हजार अफगानी देश फर्किएका पाकिस्तानी मिडियाले बताएका छन् । मिडियाका अनुसार सरकारले चेतावनी दिएपछिको झन्डै एक महिनामा (अक्टोबर ३१ सम्म) करिब एक लाख अफगान खैबर पख्तुनख्वा राज्यको तारखाम नाका र बलोचिस्तानस्थित चमन नाकाबाट देश फर्किसकेका छन् ।

एक महिनामा देश छाड्ने सरकारी चेतावनी मुख्यतः अफगान शरणार्थीप्रति लक्षित भएकाले देश छाड्ने पनि अफगानी भएको विश्लेषण गरिँदै छ । तथापि मन्त्री बुग्तीले आप्रवासीप्रतिको कडाइ अफगानीहरूप्रति मात्र लक्षित भएको आरोपलाई खण्ड गरे ।


पाकिस्तानमा ठूलो संख्यामा अफगान आप्रवासी बसोवास गर्छन् । पाकिस्तानमा अफगान आप्रवासी र शरणार्थीको कुल संख्या ४० लाख रहेको र तीमध्ये १७ लाख अप्रमाणित रहेको गृह मन्त्रालयले बताएको छ ।



बिहीबारदेखि देशभित्र कागजातविना भेटिने आप्रवासीलाई पक्राउ र निष्कासन सुरु गर्ने पाकिस्तानी गृहमन्त्रीले बताए । मन्त्री बुग्तीले मंगलबार एक भिडियो विज्ञप्ति जारी गर्दै 'स्वेच्छिक फिर्ताका लागि दुई दिन बाँकी रहेको' जानकारी दिएका थिए । यो अभियान 'लामो र निरन्तर चल्नेछ' बुग्तीले जानकारी दिए । 'हामीले शरणार्थीलाई देशनिकाला गर्न लागेको होइन । गैरकानुनी रूपमा पाकिस्तान बसिरहेकाहरूलाई मात्र निकालिनेछ,' गृहमन्त्री बुग्तीले भने । देशमा बढिरहेको आतंकवादी आक्रमण, तस्करी र अन्य अपराधमा आप्रवासीको हात देखिएकाले कठोर कदम चाल्न बाध्य भएको सरकारले स्पष्टीकरण दिएको छ । गैरकानुनी गतिविधिमा मुख्यतः अफगानी नागरिकको संलग्नता पाइएको अधिकारीहरू बताउँछन् ।

'यो वर्ष जनवरीयता २४ आत्मघाती बम आक्रमण भए र तीमध्ये १४ वटा अफगान नागरिकले गराएका थिए,' अक्टोबर ३ मा अवैध आप्रवासीलाई निकाल्ने योजना घोषणा गर्दा मन्त्री बुग्तीले बताएका थिए । आत्मघाती विस्फोटलगायत सानातिना आक्रमण गरेर यो वर्ष पाकिस्तानमा ३०० आक्रमणका घटना भइसकेका छन् । ती घटना मुख्यतः अफगानिस्तानसँग सिमाना जोडिएका उत्तरपश्चिम राज्य खैबर पख्तुनख्वा र दक्षिणपश्चिम राज्य बलोचिस्तानमा घटेको पाइएको छ ।

इतिहासमा आज



नोभेम्बर २

Foreign Office,
November 2nd, 19

Dear Lord Rothschild,

I have much pleasure in conveying to you behalf of His Majesty's Government, the following declaration of sympathy with Jewish Zionist aspirat which has been submitted to, and approved by, the C

"His Majesty's Government view with favour t establishment in Palestine of a national home fo Jewish people, and will use their best endeavours facilitate the achievement of this object, it be clearly understood that nothing shall be done wh may prejudice the civil and religious rights of existing non-Jewish communities in Palestine, or rights and political status enjoyed by Jews in a other country"

I should be grateful if you would bring this declaration to the knowledge of the Zionist Federati

सन् १९१७ : तत्कालीन ब्रिटिस विदेशमन्त्री अर्थर बालफोरले देशका व्यापारी तथा यहुदी अभियन्ता वाल्टर रोथ्सचाइल्डलाई सम्बोधन गरेर एक विज्ञप्ति जारी गरे । बालफोर घोषणाको नामले चिनिने यस विज्ञप्तिमा जारी युद्ध(पहिलो विश्वयुद्ध)मा अटोमन साम्राज्यको कब्जामा रहेको प्यालेस्टाइन आफूहरूको हातमा आए यहुदीलाई राज्य निर्माणका लागि दिने प्रतिबद्धता थियो ।

सन् १७८९ : फ्रेन्च क्रान्तिपछि गठित क्रान्तिकारी विधायिकाले देशभरका चर्चको सम्पत्ति राष्ट्रियकरण गऱ्यो ।

सन् १८८६ : जर्मन प्याटेन्ट प्रदायक निकायले कार्ल बेन्चलाई 'ग्यास इन्जिनले चल्ने वाहन' अर्थात् पहिलो सवारीसाधन निर्माताको प्याटेन्ट आजकै दिन प्रदान गरेको थियो ।

सन् १८८९ : अमेरिकी संसद्ले साउथ डेकोटा र नर्थ डेकोटालाई क्रमशः ३९औँ र ४०औँ राज्य घोषित गऱ्यो ।

सन् १९२० : अमेरिकामा पहिलो रेडियो प्रसारण पिटसवर्गबाट आजकै दिन भएको थियो ।

सन् १९४९ : नेदरल्यान्डले आफ्नो उपनिवेश इन्डोनेसियालाई स्वतन्त्रता प्रदान गऱ्यो ।

सन् १९५० : ब्रिटिस अदालतले पेन्गुइन प्रकाशन गृहले छापेको 'लेडी च्याटर्लिज लभर' अश्लील रहेको भन्ने मुद्दामा सुनुवाइ गर्दै सो पुस्तक दाबी गरिएअनुरूप नभएको निर्णय सुनायो ।

सन् १९६३ : दक्षिण भियतनामका राष्ट्रपति न्गो दिन्ह दियमको हत्या भयो । पश्चिम समर्थक क्याथोलिक सम्प्रदायका दियमको शासनमा भ्रष्टाचार बढेको र बहुसंख्यक बौद्धमार्गीमाथि दमन भएको भन्दै सेनाले कु गरेको थियो । सोही क्रममा दियम मारिएका थिए ।

सन् १९७६ : जिम्मी कार्टर अमेरिकाको ३९औँ राष्ट्रपतिका रूपमा विजयी भए ।

सन् १९८३ : अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनले अश्वेत आन्दोलनका एक नेता मार्टिन लुथर किंग, जुनियरको जन्मदिनलाई राष्ट्रिय बिदाको रूपमा मान्यता दिने विधेयकमा हस्ताक्षर गरे ।

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले एक दिवसीय बिजनेस रिभ्यु मिट आयोजना गरेको छ। कम्पनीले 'पराक्रमी गति आक्रामक नीति' भन्ने नाराका साथ आयोजना गरेको कार्यक्रममा चालू आवको पहिलो त्रैमासको व्यापार समीक्षा गर्दै आर्थिक वर्ष ०८०/८१ को बाँकी समयावधिका लागि सेल्स रणनीति तर्जुमा गरेको हो।

कार्यक्रम कम्पनीका वरिष्ठ सञ्चालक कमलेशकुमार अग्रवाल, प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुली, नायब प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयाल, नेसनल सेल्स हेड उमापति पोखरेललगायतका उच्च व्यवस्थापक तथा प्रादेशिक प्रमुखहरूको सहभागितामा आयोजना भएको जनाइएको छ। वरिष्ठ सञ्चालक अग्रवालले देश आर्थिक मन्दीबाट गुज्रिरहेको समयमा पनि कम्पनीले गरेको व्यवसाय उत्साहप्रद रहेको बताए। अहिलेको विषम परिस्थितिमा कम्पनीले



जीवन बिमा बजारको २७ प्रतिशत बजार हिस्सा ओगट्दै बजारको लिडरका रूपमा आफूलाई स्थापित गराउन सफल भएको भन्दै सरोकारवालाको उनले प्रसंशा गरे। कम्पनीको सेल्स टिम तथा अभिकर्ता अत्यन्तै अनुभवी र परिपक्व भएको कारण आहिलेको विषम अवस्थामा पनि कम्पनीले उत्कृष्ट व्यापार गर्ने उनले विश्वास व्यक्त गरे।

प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले कर्मचारी तथा अभिकर्ताहरूलाई चालू आवको पहिलो त्रैमासको कार्यसम्पादनका लागि धन्यवाद दिँदै वर्षिक व्यापार लक्ष्य पूरा गर्न आह्वान गरेको जनाइएको छ। उनले कम्पनीले आफ्नो आन्तरिक तथा बाह्य प्रणालीलाई समयसापेक्ष बनाउनका निम्ति डिजिटलाइजेसनको काम थालनी गरिसकेको बताए। निकट भविष्यमा बिमितहरूले कम्पनीद्वारा प्रदान गरिने सेवा प्राप्त गर्न शाखा धाउनुपर्ने अवस्थाको अन्त्य हुने र बिमितहरूले घरमै बसीबसी सम्पूर्ण थप सेवा चुस्त-दुरुस्त तवरले प्राप्त गर्ने तयारी गरिरहेको उनको भनाइ थियो।

कार्यक्रममा नेसनल सेल्स हेडसमक्ष सम्बन्धित विभागीय प्रमुखहरू तथा प्रादेशिक प्रमुखहरूले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गरेको जनाइएको छ। नेसनल सेल्स हेड पोखरेलले उच्च व्यवस्थापनले दिएको मार्गदर्शनअनुसार सेल्स टिम दत्तचित्त भई जीवन बिमा बजारको बजारीकरण तथा बिमाको पहुँचलाई बढाई कम्पनीको विरासतलाई निरन्तरता प्रदान गर्न कुनै कसर बाँकी नराखी कार्यसम्पादन गर्न सम्पूर्ण नेपाललाइफ कर्मी तयार रहेको बताए।

आइएफसी र एनसिएचएलबीच सहकार्य

काठमाडौं/ अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी) र नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)बीच डिजिटल भुक्तानी इकोसिस्टमलाई सुदृढ बनाउँदै नेपालमा डिजिटल भुक्तानीको क्षेत्रलाई प्रवर्द्धन गर्ने सम्झौता भएको छ। सम्झौतामा आइएफसी नेपालका आवासीय प्रतिनिधि बाबाकार सेदिखफाये र एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार आइएफसीले एनसिएचएललाई नेसनल पेमेन्ट स्विच (एनपिएस)को प्रारम्भिक रोलआउटलगायत कार्यान्वयनका लागि विभिन्न गतिविधिमा प्राविधिक सहायता उपलब्ध गराउनेछ। उक्त सहायताअनुरूप आइएफसीले मुख्य सञ्चालन नियम, प्राविधिक तथा सुरक्षा मापदण्डको समीक्षाका लागि एडभाइजरीको भूमिका निर्वाह गर्ने उल्लेख छ।

एनसिएचएलको नयाँ डिजिटल पहल डिजाइन र सञ्चालन गर्न, क्रस-बोर्डर पेमेन्ट, इन्डस्ट्री स्यान्डबक्स स्थापना गर्न र विभिन्न वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने जनाइएको छ। आइएफसी र एनसिएचएलबीचको सम्झौतालाई डिजिटल भुक्तानी इकोसिस्टममा एक महत्त्वपूर्ण कोसेढुंगाको रूपमा लिइएको एनसिएचएलले जनाएको छ। साथै, नेपालमा डिजिटल पहललाई थप सुदृढ गर्न महत्त्वपूर्ण आयाम थप्ने कम्पनीले अपेक्षा गरेको छ।

आइएफसी विश्व बैंक समूहको सबैभन्दा ठूलो विकास संस्था हो। यसले सदस्य राष्ट्रहरूमा उत्पादनमूलक लगानीमा स्वदेशी र विदेशी निजी पुँजीको अनुकूल प्रवाहलाई प्रोत्साहन र मद्दत गर्न केन्द्रित सहयोग गर्दै आएको छ।

कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सार्वजनिक सूचना


प्रकाशित मिति: २०८०/०७/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका

तपसिलमा उल्लेखित तपाई ऋणीले यस एसएनएस कोअपरेटिभ सर्भिस लिमिटेडको केन्द्रिय कार्यालय मार्फत प्राप्त गर्नु भएको ऋण रकम बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, बिलम्ब शुल्क आदि चुक्ता भुक्तान गर्न पटकपटक मौखिक, लिखित तथा फोन, मार्फत तारताकेता गर्दा समेत नतिरि नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएको हुँदा ऋणी तथा व्यक्तिगत जमानीकर्ता लगाएत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र संस्थाको केन्द्रिय कार्यालय डिल्लीबजार, काठमाण्डौको कर्जा तथा असुली शाखा वा सम्बन्धित सेवाकेन्द्रमा सम्पर्क राखी कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जना आदि रकम अविलम्ब चुक्ता भुक्तान गर्नुहोला, अन्यथा प्रचलित कानुन तथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको कर्जा असुली नियमावली २०७६ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।


तपसिल

१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : अमिता खड्का
बाबु : भक्त बहादुर खड्का
बाजे : कर्ण बहादुर खड्का
ना.प्र.नं. : १३-०१-७७-००९२५
जारी मिति : २०७७/०७/२६ (ओखलढुंगा)
ठेगाना : काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ६, बस्ने।



व्यक्तिगत धनजमानीकर्ता : प्रचण्ड खड्का
बाबु : भक्त बहादुर खड्का
बाजे : कर्ण बहादुर खड्का
ना.प्र.नं. : १३१०४३/२३९
जारी मिति : २०६८/०४/०२ (ओखलढुंगा)
ठेगाना : काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. ६, बस्ने।



धितोको विवरण

❖ अमिता खड्काको नाममा मालपोत कार्यालय साँखु, काठमाण्डौंमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौं जिल्ला साविक गागलफेदी गा.वि.स वडा नं. ७, नक्सा सिट नं. ७क स्थित कित्ता नं. २८१ को जम्मा क्षेत्रफल ६५१.८० वर्गमिटरको जग्गा र उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

नेपाल सरकार सावित डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था
एसएनएस को-अपरेटिभ सर्भिस लि.
SNS CO-OPERATIVE SERVICE LTD.
SNS CO-OPERATIVE LTD.
Head Office
Dillibazar, Kathmandu
Tel: 015900725

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
शाखा कार्यालय: पथरी, मोरङ्ग, फोन : ०२१-५५५४०१

को

शाखा कार्यालय पथरी, मोरङ्गको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०७/१६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय पथरी, मोरङ्गबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०/०६/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

१. ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य कार्यालय विराटनगर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/१०/१२ मा प्रा.फ.नं. ३०४९४/०७४/७५ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, बेलवारी न.पा. वडा नं. २ स्थित **श्री माई ज्वेलर्स** **प्रोप्राइटर: सुर्य खाती**

धितोमा रहेको सम्पतिको विवरण

घलिसा घतानेको नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गको लगातमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, हरैचा गा.वि.स./न.पा. वडा नं ५ (सिट नं ५ क) स्थित कि.नं. ११९३, ११९४ र २१५ को क्रमशः क्षेत्रफल ०-१-१०-०, ०-४-१-२ र ०-१-१०-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर, मोरङ्गमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/११/०५ मा प्रा.फ.र.नं. ३५२४६/०७७/७८ कायम भई दर्ता भएको मोरङ्ग जिल्ला, बेलवारी न.पा. वडा नं. १ स्थित **माता लक्ष्मी ज्वेलरी** **प्रोप्राइटर: घलिसा घताने**

धितोमा रहेको सम्पतिको विवरण

सुर्य खातीको नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गको लगातमा दर्ता श्रेस्ता कायम रहेको मोरङ्ग जिल्ला, बयरबन गा.वि.स./न.पा. वडा नं. ९ (सिट नं ९ ल) स्थित कि.नं. ४३५ र ४५९ को क्रमशः क्षेत्रफल ०-०-१०-० र ०-०-१०-२ (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. बाल कृष्ण खातीको नाति, ऋषी प्रसाद खातीको छोरा, तेह्रथुम जिल्ला, ओयाबजुङ गा.वि.स./न.पा. वडा नं. ८, स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बेलवारी गा.वि.स./न.पा. वडा नं. २ बस्ने **सुर्य खाती (ना.प्र.प.नं. ०८१०२५/६५२७, तेह्रथुम)**

२. ऋषी प्रसाद खातीको बुहारी, सुर्य खातीको पत्नी, मोरङ्ग जिल्ला, बेलवारी गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बेलवारी गा.वि.स./न.पा. वडा नं. २ बस्ने **घलिसा घताने (ना.प्र.प.नं.: ०५-०१-७०-१५०९६, मोरङ्ग)**

नोट: उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरु एकै भएको।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०७/१६ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय पथरी, मोरङ्गबाट प्राप्त गर्न सकिनेछ।

२. खुद्टाखुद्टै धितोको लागि खुद्टाखुद्टै आवेदन पनि दिन सकिनेछ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ।

५. शिलबन्दी बोलपत्र मिति २०८०/०७/३० गते बिहिबार सार्वजनिक विदा परेकोले मिति २०८०/०८/०१ गते शुक्रवार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय पथरी, मोरङ्गमा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।

६. शिलबन्दी बोलपत्र मिति २०८०/०८/०२ र मिति २०८०/०८/०३ गते सार्वजनिक विदा परेकोले मिति २०८०/०८/०४ गते सोमवार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय पथरी, मोरङ्गमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगातै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वचंले व्यहोर्नु पर्नेछ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय पथरी, मोरङ्गबाट भुक्तानी गरिनेछ। साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन।

९. सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खुद्टाखुद्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय पथरी, मोरङ्गमा सम्पर्क राखी बुझ्न सकिनेछ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०७/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्न तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

१. **ऋणीको विवरण:**

जीत बहादुर मगर/चन्द्र माया मगरको नाति, रित बहादुर मगर/रन माया मगरको छोरा, नेत्र कुमारी मगरको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०२ (साविक चितवन जिल्ला, चैनपुर गा.वि.स.,वडा नं.०७) बस्ने **रिषीराम मगर** (ना.प्र.नं. ८३१५/०६२, जारी मिति २०६२/०९/१८, जिल्ला प्रशासन कार्यालय चितवन)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. बम बहादुर मगरको नातिनी, जय बहादुर मगर/शान्ति मगरको छोरी, रित बहादुर मगर/रन माया मगरको बुहारी, रिषीराम मगरको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०२ (साविक चितवन जिल्ला, चैनपुर गा.वि.स.,वडा नं. ०७) बस्ने **नेत्र कुमारी मगर** (ना.प्र.नं. ३५३०१५/४७४, जारी मिति २०६३/१०/२४, जिल्ला प्रशासन कार्यालय चितवन)।

धितो सुरक्षणको विवरण :

१. **रिषीराम मगर**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. ०५ स्थित कित्ता नं. ५४७ र ५५० को क्षेत्रफल क्रमशः ५९२.६२ र ४२३.२८ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. **ऋणीको विवरण:**

प्रदेश औद्योगिक व्यवसाय ऐन,२०७६ को दफा १५ को उपदफा (१) को ग र दफा १५ को उपदफमा (२) को ग बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय बागमती प्रदेश भरतपुर चितवनमा मिति २०७७/१०/०७ मा प्रा.फ.र.नं. १०४३/०७७/०७८ कायम भई दर्ता रहेको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **एस वि कुखुरा पालन** (प्रोप्राइटर राम चन्द्र वास्तोला/पार्वती वास्तोलाको नातिनि, हरि वास्तोला/सावित्री वास्तोलाको छोरी, अच्युत राज रेग्मी/चन्द्र कला रेग्मीको बुहारी, विनय रेग्मीको पत्नी, चितवन जिल्ला भरतपुर म.न.पा. १४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. ०७ बस्ने **सलिना वास्तोला** (ना.प्र.न. ३५-०१-७५-०२६२०), जारी मिति २०७५/०२/२२, जिल्ला प्रशासन कार्यालय चितवन)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. गोविन्द प्रसाद रेग्मीको नाति, रेवती प्रसाद रेग्मी/भोज कुमारी रेग्मीको छोरा, चन्द्र कला रेग्मीको पती, गोरखा जिल्ला, ध्याल्चोक गा.वि.स, वडा नं ०५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. ०७ बस्ने **अच्युत राज रेग्मी** (ना.प्र.न. ४०६६१), जारी मिति २०५१/०१/१९, जिल्ला प्रशासन कार्यालय गोरखा)।

२. मित्रलाल अधिकारीको नातिनी, तोयानाथ अधिकारी/रमादेवी अधिकारीको छोरी, रेवती प्रसाद रेग्मी/भोज कुमारी रेग्मीको बुहारी, अच्युत राज रेग्मीको पत्नी, बर्दिया जिल्ला, कालिका गा.वि.स, वडा नं ०५ स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. ०७ बस्ने **चन्द्र कला रेग्मी** (ना.प्र.न. ११४५६), जारी मिति २०५७/०४/२९, जिल्ला प्रशासन कार्यालय बर्दिया)।

३. रेवती प्रसाद रेग्मी/भोज कुमारी रेग्मीको नाति, अच्युत राज रेग्मी/चन्द्र कला रेग्मीको छोरा, सलिना वास्तोलाको पती, चितवन जिल्ला भरतपुर म.न.पा. ०७ बस्ने **विनय रेग्मी** (ना.प्र.न. ३५-०१-७४-०३५२६), जारी मिति २०७४/०३/२३, जिल्ला प्रशासन कार्यालय गोरखा)।

धितो सुरक्षणको विवरण :

१. **चन्द्र कला रेग्मी**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, शिवनगर गा.वि.स./न.पा. वडा नं. ०७ स्थित कित्ता नं. १८८२ को क्षेत्रफल १६०.८३ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय नयाँ पर्सा, चितवन फोन नं. ०५६-५८३३२६/२७

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, पोखरा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८०।०७।१६)

यस शाखाबाट मिति २०८०।०६।१२ मा नयाँ पत्रिकामा तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: http://www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये सारभुतरुपमा प्रवाहग्राही भई न्यूनतम मूल्याङ्कित तपसिलमा उल्लेखित बोलपत्रदाता छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र (३) बमोजिम स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ।

सि.नं.	कार्य विवरण	ठेक्का नं.	छनोट भएको बोलपत्रदाता	स्वीकृत रकम रु (without Vat and PS)
1	500mm & 400mm dia. Pipe Protection work	04/NWSCPKR/ WORKS/2080-081	Chandra Bishnu Construction, Pokhara-09, Kaski	**85,36,252.00**

अमेरिकासँगको साझेदारी नेपालको प्राथमिकतामा : परराष्ट्रमन्त्री

लगानी र थप साझेदारीका लागि आह्वान

नयाँ पत्रिका

परराष्ट्रमन्त्री एनपी साउदले अमेरिकासँगको सम्बन्धलाई नेपालले सामाजिक जीवनका सबै क्षेत्रमा उच्च महत्त्व दिएको बताएका छन् । अमेरिकाको औपचारिक भ्रमणमा रहेका उनले युनाइटेड स्टेट्स इन्स्टिच्युट अफ पिसद्वारा आयोजित अन्तर्क्रियामा छिमेकीहरूसँगै अमेरिका नेपालको उच्च प्राथमिकतामा रहेको बताएका हुन् ।

नेपालको अबको प्राथमिकता आर्थिक समृद्धि भएको भन्दै उनले लगानी, साझेदारीलगायत सबै क्षेत्रमा सहयोगका लागि आह्वान पनि गरेका छन् । नेपालले बेलायतपछि कूटनीतिक सम्बन्ध स्थापना गरेको मुलुक अमेरिका भएको स्मरण गराउँदै साउदले दुई देश भौगोलिक रूपमा दुई फरक गोलार्द्धमा रहे पनि आपसी सम्बन्ध र सहकार्य मजबुत हुँदै गएको बताए ।

'कूटनीतिक सम्बन्ध स्थापनायता हाम्रो सम्बन्ध गतिशील साझेदारी राजनीतिक, आर्थिक, विकास, सांस्कृतिक सहकार्यमा विकसित भएको छ,' साउदले भने, 'दुवै देश र जनतालाई पारस्परिक सहयोग पुग्ने गरी लामो समयदेखि सहकार्य गर्दै आएका छौं ।' नेपाल र अमेरिकाबीच लोकतन्त्र, मानव अधिकार, जनताको



सशक्तीकरण साझा विषय भएको पनि उनले बताए । 'अमेरिका नेपालको सबैभन्दा ठूलो विकास साझेदार र एक भरपर्दो मित्र हो । नेपालमा ठूला परियोजनामा अमेरिकी लगानी र अनुदानलगायत साझेदारीले नेपालको सामाजिक-आर्थिक गतिशीलतामा ठूलो योगदान पुगेको छ,' उनले भने ।

दुई देशबीच जनस्तरको सम्बन्धसमेत वृद्धि हुँदै गएको साउदले बताए । 'प्रत्येक वर्ष करिब एक लाख अमेरिकी नागरिकको नेपाल भ्रमणले नेपालको पर्यटन उद्योगमा महत्त्वपूर्ण योगदान पुगेको छ । हामी आगन्तुकहरूको संख्या बढाउन चाहन्छौं । अमेरिकामा नेपाली प्रवासीहरूको बढ्दो उपस्थितिले पनि हाम्रो सम्बन्ध थप सुदृढ गर्न योगदान गरेको छ,' उनले भने ।

साउदले नेपालको आर्थिक प्रगति र समृद्धिको आकांक्षालाई सम्बोधन गर्न प्रत्यक्ष लगानी, प्रविधि हस्तान्तरण तथा निरन्तर आर्थिक सहयोगका लागि आह्वान गरे । यसका लागि नेपालले थप अवसर सिर्जना गर्न चाहेको पनि उनको भनाइ थियो । उनले विकासदेखि शैक्षिक र सांस्कृतिक सहयोग र जस्तरीय सम्पर्क सम्बन्धले नेपालका आधारभूत जनसंख्या लाभान्वित हुनुपर्नेमा जोड दिए ।

नेपाल दुई ठूला, शक्तिशाली, विश्वको द्रुत-बढ्दो अर्थव्यवस्थाबीच अवस्थित रहेको र दुवैसँग मैत्री सम्बन्ध कायम गर्दै आएका उनले बताए । 'हामी सबैसँग सार्वभौमको समानताको सिद्धान्त, आपसी सम्मान, सहयोग र पारस्परिक लाभका आधारमा सम्बन्ध सञ्चालन गर्दै आएका छौं । आर्थिक समृद्धि र विकासका लागि हाम्रो छिमेकको समृद्धिबाट लाभ लिन चाहन्छौं,' उनले भने, 'छिमेकी भारत र चीनबीच युगौं पुरानो सम्बन्ध छ । यी सम्बन्ध मैत्रीपूर्ण र निकट छन् । आपसी सहयोग र समझदारी एवं संवेदनशीलताको सम्बोधनबाट अघि बढेका छन् ।'

परराष्ट्रमन्त्री साउदले बुधबार अमेरिकामा डेभलपमेन्ट फाइनान्स कर्पोरेसनका प्रमुख कार्यकारी अधिकृत स्कट नाथनसँग भेटवार्ता गरे । उनले नेपालका विभिन्न क्षेत्रमा निजी क्षेत्रको लगानीलाई नेपाल सरकारले प्रवर्द्धन गरिरहेको बताए । अमेरिकी अन्तर्राष्ट्रिय सहायता एजेन्सी युएसएडका प्रशासक सामन्था पावरसँग पनि मन्त्री साउदले भेटवार्ता गरेको नेपाली दूतावासले जनाएको छ ।

दोस्रो चरणमा...

पृष्ठ १ बाट क्रमशः

पीडितहरूको आशंका छ ।

यसअघि उनीहरूकै बयानका आधारमा कांग्रेस नेता बालकृष्ण खाण, एमाले नेता टोपबहादुर रायमाझीलगायतका उच्चपदस्थ पक्राउ परेका थिए । हाल उनीहरू पनि पुर्पक्षका लागि जेलमा छन् । तर, दोस्रो चरणमा उच्चपदस्थहरूमाथिको अनुसन्धानमा प्रहरीले पनि चासो राखेको छैन ।

जिल्ला प्रहरी परिसर काठमाडौंले जेलमा रहेका पाँचजनालाई झिकाएर बयान गराएको स्रोत बताउँछ । निकै गोप्य रूपमा प्रहरीले उनीहरूको बयान गरेको छ ।

यसअघि संगठित अपराध, राज्यविरुद्धको कसुर, ठगी र लिखत किर्ते मुद्दा दायर भएको थियो । अहिले सामान्य ठगी मात्र चलाउनुपर्ने दबाब प्रहरीमाथि परेको छ । दोस्रो चरणको अनुसन्धानबारे जिल्ला प्रहरी परिसर काठमाडौंका अधिकारी औपचारिक रूपमा बोल्न मानेनन् ।

केन्द्रीय प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायत भने दोस्रो चरणमा पनि प्रहरीले सूक्ष्म रूपमै अनुसन्धान गरिरहेको दाबी गरे । 'नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धानमा प्रहरी अधिकारी फेरिँदैमा कुनै असर पर्दैन,' उनले भने, 'दोस्रो चरणमा पनि विस्तृतमै अनुसन्धान भइरहेको छ ।'

यसअघि अनुसन्धान प्रभावित गर्ने उद्देश्यले नै सरकारले काठमाडौंका उपत्यका अपराध अनुसन्धान कार्यालय, जिल्ला प्रहरी परिसर काठमाडौं र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुखलाई हटाएको थियो । हाल अनुकूल प्रहरी अधिकृत खटाएर गुमचुपमा दोस्रो चरणको अनुसन्धान सकाएर अदालतमा मुद्दा लैजाने तयारी छ । 'केही बिचौलिया मात्र दोस्रो चरणको अनुसन्धानमा तानिने सम्भावना छ,' प्रहरी स्रोतले भन्यो, 'सेटिङकै आधारमा अनुसन्धान चलिरहेको छ ।'

पहिलो चरणमा दायर भएको मुद्दालाई पनि प्रभावित पार्ने गरी दोस्रो चरणको अनुसन्धान भइरहेको स्रोत बताउँछ । 'थुनामा रहेका आरोपीहरू उच्च अदालतबाट छुट्ने प्रयासमा छन्,' स्रोत भन्छ, 'त्यसका लागि उच्चपदस्थलाई जोगाएर दोस्रो चरणको अनुसन्धानमा बयान फेराइएको छ ।' कारागार स्रोतका अनुसार बिचौलियाहरू केशव दुलाल र सानु भण्डारीसँग जेलमा रहेका उच्चपदस्थहरूले सहयोगीमार्फत बयानअघि कुराकानी गरेका थिए ।

थुनामा रहेका पूर्वमन्त्रीहरू खाण र रायमाझीसहित १६ जना हाल थुनामा पठाउने उच्च अदालतको आदेशविरुद्ध उच्च अदालत पाटन पुगेका छन् । गत २५ असोजमा उच्च अदालतले सो मुद्दामा लगाउको आदेश दिएको थियो ।

पूर्वमन्त्रीद्वय खाण र रायमाझीका साथै पूर्वगृहसचिव टेकनारायण पाण्डे, इन्द्रजित राई, पूर्वसभासद् आडटावा शेर्पा, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, हज कमिटीका पूर्वअध्यक्ष शमशेर मियाँ थुनामा छन् । खाणका स्वकीय सचिव नरेन्द्र केसी, टोपबहादुरका छोरा सन्दीप, बिचौलियाहरू केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, रामशरण केसी, गोविन्द चौधरी, हरिभक्त महर्जन र सागर राई जेलमै छन् । उनीहरू जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालत पुगेका छन् ।

यो मुद्दामा पक्राउ परेकामध्ये केशव तुलाधर, टंक गुरुङ र लक्ष्मी महर्जन भने धरौटीमा छुटेका थिए । ३० जनालाई प्रतिवादी बनाइएकोमा अन्य ११ जना अझै फरार छन् । मुद्दा दायर भएको पाँच महिनासम्म पनि १२ मध्ये एकजना पनि पक्राउ परेका छैनन् । जसमा प्रतीक थापा, अशोक पोखरेल, धीरेन राई, नीरज राई, दीपा हुमागाईं, राजेश अर्याल, मोहनराज राई, आशिष बुढाथोकी, विनिता लिम्बू, निरञ्जनकुमार खरेल, सुनील बुढाथोकी छन् । उनीहरूमध्ये प्रतीक, नीरज र अशोक मुख्य व्यक्ति हुन् । उनीहरू अनुसन्धान सुरु भएलगत्तै विदेश भागेका थिए ।

गृह मन्त्रालयमा प्रतिवेदन नै नक्कली बनाएकोलगायतका प्रमाणलाई आधार बनाई उनीहरूलाई थुनामा पठाइएको थियो । शरणार्थी समस्या समाधानका लागि बनेको अध्ययन प्रतिवेदन नै किर्ते गरी नेपालीको नाम राखेर अमेरिका लैजाने प्रयास भएको थियो । बालकृष्ण खाण गृहमन्त्री र टेकनारायण पाण्डे गृहसचिव हुँदा यस्तो किर्ते भएको प्रहरीको दाबी छ ।

रामबहादुर थापा र बालकृष्ण खाण गृहमन्त्री हुँदा बिचौलियाहरूले सिंगो मन्त्रालयलाई नै आफ्नो प्रभावमा पारेर नेपालीलाई भुटानी शरणार्थीको सूचीमा राखेर अमेरिका लैजाने प्रयास गरेका थिए । त्यसका लागि सुरुमा दर्तामा छुटेका शरणार्थीको विषयमा पूर्वसहसचिव बालकृष्ण पन्थीको नेतृत्वमा समिति बनाइएको थियो ।

सोही समितिको प्रतिवेदनमा नेपालीको नाम थपेर करोडौं उठाइएको थियो । जुन पैसा गृह मन्त्रालयका अधिकारीलाई बुझाएर आफ्नै नागरिकलाई शरणार्थी बनाएर अमेरिका लैजान पटक-पटक प्रयास भयो । तर, पाँच वर्षसम्म पनि सफल नभएपछि पीडितहरूले उजुरी गर्न थालेका थिए । खाण गृहमन्त्री हुँदासम्म प्रहरीले नै अनुसन्धान रोकेकोमा पछिल्लो समय अनुसन्धान सुरु भएको थियो । पहिलो चरणको अनुसन्धानमा प्रहरीले सरकारको पनि साथ पाएकोमा हाल जसरी हुन्छ यो अनुसन्धान कमजोर बनाउन दबाब परेको प्रहरी अधिकारीहरू बताउँछन् ।

'संक्रमणकालीन...

पृष्ठ १ बाट क्रमशः

सञ्चारकर्मीलाई प्रतिक्रिया नदिई बाहिरिएका थिए । प्रधानमन्त्री प्रचण्डले शीर्ष तहमा संक्रमणकालीन न्यायका विषयमा एउटा समझदारी बनेकाले छिट्टै टुंगो लाग्ने दाबी गरे । 'आज बिहान मात्रै नेपाली कांग्रेसका सभापति, एमालेका अध्यक्ष र म बसेका थियौं, एउटा अन्डरस्टान्डिङ बनेको छ, छिट्टै टुंगिन्छ यो,' प्रधानमन्त्रीले भने, 'हामीले पटक-पटक भिक्टिम नै सेन्टरमा रहने भनेका छौं । विधेयकमा पनि त्यही कुरा छ ।'

एमाले र कांग्रेस दुवैले गरेको चियापान कार्यक्रमले पार्टीहरूको बीचमा समझदारीको वातावरण बनाएको र आफूले पनि त्यसका लागि पहल गरेकोसमेत प्रधानमन्त्रीले बताए । 'मैले जहिले पनि दलहरूलाई एकैठाउँमा ल्याउन पहल गरेको छु । आज बिहानको मिटिङ पनि त्यही पहल हो । सकारात्मक भएको छ । अस्ति नेपाली कांग्रेसले गरेको शुभकामना आदानप्रदान र आज एमालेले गरेको कार्यक्रमले पार्टीहरूको बीचमा समझदारी बनाउन राम्रो वातावरण बनेको मैले महसुस गरेको छु,' उनले भने ।

त्यस्तै, एमाले अध्यक्ष ओलीले पीडितकेन्द्रित भएर सहमतिका साथ छिट्टै संक्रमणकालीन न्याय टुंगो लगाइने बताए । संक्रमणकालीन न्याय टुंगो लगाउँदा सर्वोच्च अदालतको आदेश र संयुक्त राष्ट्रसंघको मानवअधिकार परिषद्ले व्यवस्था गरेका सीमाहरूलाई समेत ध्यान दिइनुपर्ने उनको भनाइ छ ।

'अब छिट्टै सहमतिका साथ टुंग्याउने हो र भिक्टिम सेन्ट्रिक (पीडितकेन्द्रित) भएर टुंग्याउनुपर्छ । सर्वोच्च अदालतको आदेशलाई पनि मानेर टुंग्याउनुपर्छ । अन्तर्राष्ट्रिय समुदाय खासगरी मानव अधिकार काउन्सिलका कुरा पनि ध्यान दिनुपर्छ,' ओलीले भने । बुधबार बिहान प्रधानमन्त्री प्रचण्डसँग भेटघाट भएको बताउँदै उनले संक्रमणकालीन न्याय टुंग्याउने विषयमा परिस्थिति सकारात्मक दिशातिरै अगाडि बढेको संकेत पनि गरे । संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमणअगावै टुंग्याइएको भए सकारात्मक सन्देश जाने ओलीको संकेत थियो । 'हामीले अलिकति के मिस्टेक गरेछौं भने योभन्दा अगाडि नै टुंग्याउनुपर्थ्यो,' सहमतिको सम्भावनाबारे सञ्चारकर्मीले राखेको जिज्ञासामा ओलीले भने ।

देउवाले मुस्कुराउँदै फोटो खिचाए, प्रतिक्रिया दिएनन्

एमाले चियापानमा केपी ओलीसँग हात उठाएर र संयुक्त अभिवादनमार्फत खुसियाली साटेका कांग्रेस सभापति शेरबहादुर देउवा भने मौन देखिए । पछिल्लो राजनीतिक परिस्थिति र शान्ति प्रक्रियाका सन्दर्भमा सञ्चारकर्मीहरूले जिज्ञासा राख्न खोज्दा पनि देउवा केहीबेर मात्र मञ्चमा देखा परेर कार्यालय परिसरको पछिल्लो भागमा रहेको भिआइपी कक्षतिर गएका थिए । ओलीले सञ्चारकर्मीतिर फर्किएर सम्बोधन गर्न इसारा गरे पनि देउवाले फोटो मात्रै खिचाए, प्रतिक्रिया दिन रुचाएनन् । उनी प्रधानमन्त्री प्रचण्ड पुगेको करिब एक घण्टापछि चियापानमा पुगेका थिए ।

प्रफुल्ल मुद्रामा प्रचण्ड-ओली प्रचण्डसँगको सम्बन्धबारे ओलीले भने- राम्रै लक्षण छ अहिले त

प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीबीच बढेको राजनीतिक दूरी पनि घट्दै गएको संकेत एमाले चियापानमा देखियो । दुई नेता निरन्तर मुस्कानसहित भलाकुसारी गरिरहेका देखिन्थे । अहिले प्रचण्डसँगको सम्बन्ध सुमधुर रहेको व्याख्या ओली स्वयंले गरिदिए ।

प्रचण्डसँग कुनै तिक्तता नरहेको भन्दै ओलीले सुनाए, 'अघि प्रधानमन्त्री र म सँगै थियौं । तपाईंहरूले देखिहाल्नुभो, हाम्रो चेहरा, हाउभाउ देख्नुभो, हात हल्लाएको, मिलाएको देख्नुभो । मुस्कुराएको, खुसी भएको देख्नुभो । एउटै चाडमा, एकै ठाउँमा खुसियाली मनाएको देख्नुभो, राम्रै लक्षण छ अहिले त ।'

ओलीले चाडपर्वका अवसरमा आयोजित शुभकामना कार्यक्रममा राजनीतिक विषयमाथि टिप्पणी गर्नु वाञ्छनीय नहुने पनि बताए । 'चाडपर्व, शुभकामनाको कार्यक्रममा अरू खालका कुरा कहाँनेर कसको के कमजोरी रह्यो आदि कुराहरू निकाल्दा चाडको महत्त्व, गरिमामा अलिकति प्रश्नचिह्न खडा गर्छ,' उनले भने, 'हामी सँगै बसेर चिया खायौं, सँगै बसेर खुसियाली मनायौं, सँगै बसेर उत्सव मनायौं, त्यसपछि कुनै प्रकारका टीकाटिप्पणी वाञ्छनीय हुँदैन । सबैमा धेरैधेरै शुभकामना भन्न चाहन्छु ।'

चियापानमा भिआइपीसहितको बृहत् राजनीतिक जमघट

चियापान र शुभकामना आदान-प्रदान कार्यक्रममा एमाले नेता-कार्यकर्ताबाहेक विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूदेखि राज्यका निकायका व्यक्तित्वहरू, पूर्वराष्ट्रसेवक तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूको बृहत् जमघट भयो । कार्यक्रममा प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति देउवा, नेकपा एसका सम्मानित नेता झलनाथ खनाल, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मी, पूर्वसभामुख अग्नि सापकोटा, रास्वपा अध्यक्ष रवि लामिछाने, सभामुख देवराज घिमिरे, राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिना, जसपा अध्यक्ष उपेन्द्र यादव, तमलोपा अध्यक्ष महन्थ ठाकुर, जनमत पार्टीका अध्यक्ष सिके राउत, माले महासचिव सिपी मैनालीलगायत नेताहरू, मन्त्री तथा सांसदहरू, राज्यका विभिन्न निकाय र कूटनीतिक निकायका प्रमुखहरू, उद्योगी व्यवसायी, पेसाकर्मीसहितको जमघट थियो । कार्यक्रममा कर्मचारी क्षेत्रबाट उपल्लो तहका अधिकारी, राष्ट्रिय कलाकारहरूको भने उल्लेख्य उपस्थिति थिएन ।

चिनियाँ राजदूत चेन सोङ चियापानमा पुग्दा भारतीय राजदूत नवीन श्रीवास्तव बाहिरिसकेका थिए । भारतीय राजदूत बाहिरिएलगत्तै ओलीले चिनियाँ राजदूतलाई स्वागत गर्दै छोटो संवाद गरेका थिए ।

चियापान र शुभकामना कार्यक्रममा ओलीसहित एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, रामबहादुर थापा'बादल', महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, केन्द्रीय सल्लाहकार कमिटीका अध्यक्ष अमृत बोहोरालगायतले आगन्तुकलाई स्वागत गरेका थिए ।

चियापानमा गएनन् माधव नेपाल र घनश्याम भुसाल

ओलीसँग झलनाथको कानेखुसी, झाँक्रीले दिइन् बुकी

पार्टी फुटसँगै एमाले अध्यक्ष ओलीले एकीकृत समाजवादी र उसका नेताप्रति कटु टिप्पणी गर्दै आए पनि चियापानमा भने सहभागिताका लागि निम्ता गरेका थिए । तर, एमाले चियापानमा उक्त पार्टीका अध्यक्ष माधवकुमार नेपाल, महासचिव घनश्याम भुसाललगायत अधिकांश नेता सहभागी भएनन् ।

एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल, सचिव रामकुमारी झाँक्रीलगायत केही नेता मात्र सहभागी भए । खनालले मञ्चमा रहँदा ओलीसँग पटक-पटक कानेखुसीसहित संवाद गरेका थिए । त्यस्तै, झाँक्रीले बुकीफूलसहित अध्यक्ष ओलीलाई शुभकामना दिएकी थिइन् ।

१२ बुँदे...

पृष्ठ १ बाट क्रमशः

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले दलहरूबीच स्वच्छ प्रतिस्पर्धा हुनुपर्छ र व्यवस्थामाथि उठेका प्रश्नको सामूहिक जवाफ दिनुपर्छ भन्ने नै छलफलको सार रहेको बताए । '१२बुँदे समझदारीपछिको शान्ति प्रक्रिया, संविधान निर्माणदेखि अहिलेको उपलब्धिबारे जनतालाई बुझाउन नसकेको हो कि हामी आफैंले बुझ्न नसकेको हो, समीक्षा गर्नुपर्छ । प्राप्त उपलब्धिको रक्षाका लागि दलहरूबीच स्वच्छ प्रतिस्पर्धा हुनुपर्छ । व्यवस्थामाथि उठेका प्रश्नको भने सामूहिक जवाफ दिनुपर्छ भन्ने छलफलको सार हो,' विश्वकर्माले भने । बुधबार नै पार्टी कार्यालय पेरिसडाँडामा आयोजित उपत्यकाका केन्द्रीय सदस्यहरूको बैठकमा प्रचण्डले गणतन्त्रविरुद्ध षड्यन्त्र भइरहेको बताएका छन् । उनले १२ बुँदे समझदारी, शान्ति सम्झौता र संविधान निर्माणका पक्षधर शक्ति एकैठाउँमा उभिनुपर्नेमा जोड दिए । हिजो विभिन्न काण्ड मच्चाउनेहरूले नै आज शान्ति र जनताको कुरा गरिरहेको भन्दै प्रचण्डले चेतावनी दिए, 'जनताको भावना भड्काएर परिवर्तन उल्टाउन सकिन्छ कि भन्ने कसैले नसोच्दा हुन्छ । त्यस्ता षड्यन्त्र लोकतान्त्रिक शक्तिहरू मिलेर परास्त गरिन्छ ।'

मार्क्सवादी ज्ञान केन्द्रको प्रदेश भेला सम्पन्न

टीकापुर/ मार्क्सवादी ज्ञान केन्द्रको भर्चुअल माध्यमबाट बुधबार राति भएको दोस्रो प्रदेश भेलाले सर्वसम्मतिबाट दुर्गाप्रसाद भण्डारीको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरेको छ । नवनिर्वाचित प्रदेश समितिमा उपाध्यक्ष अर्जुन रावल, सचिव कमला ज्ञवाली, सहसचिव गणेशराज गिरी, कोषाध्यक्ष आशा भण्डारी छन् । त्यस्तै, सदस्यहरूमा हरिप्रसाद जोशी, बलराम चौधरी, होमबहादुर साउद र सुरेन्द्र देवकर चयन भएका छन् । चार सदस्य भूगोलका आधारमा पछि कार्यसमिति बैठकले थप्नेसमेत भेलाले निर्णय गरेको छ ।

भेलाको उद्घाटन सत्रलाई प्रमुख अतिथि मार्क्सवादी ज्ञान केन्द्रका केन्द्रीय अध्यक्ष एवं प्रधानमन्त्रीका प्रेसविज्ञ मनहरि तिमिल्सैना, विशिष्ट अतिथिहरू क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय कार्यालय सदस्य गुणराज लोहनी, एमालेका पूर्वप्रदेश सचिव तथा प्रदेश सांसद धर्मराज पाठक, माओवादीका प्रदेश सचिव जनक बुढा, एकीकृत समाजवादीका सुदूरपश्चिम प्रदेश सचिव सुरेन्द्रमान कार्कीले सम्बोधन गरेका थिए ।

नवनिर्वाचित कार्यसमितिलाई प्रमुख अतिथि मनहरि तिमिल्सैना, बन्दसत्रका अध्यक्षमण्डलका अध्यक्ष तथा ज्ञान केन्द्रका केन्द्रीय सचिव रेशमकुमार अधिकारी, केन्द्रीय कोषाध्यक्ष सागर अधिकारी, कोशी प्रदेश अध्यक्ष दुष्यन्त भट्टराई, बाग्मती प्रदेश अध्यक्ष कार्लविक्रम थापा, सुदूरपश्चिम पूर्वसंयोजक राजुराम सार्की भुल, एकीकृत समाजवादीका टीकापुर नगर अध्यक्ष तथा मार्क्सवादी अध्ययनकर्ता रंगप्रसाद अधिकारी, डा. चक्रप्रसाद अधिकारी, जगतप्रसाद उपाध्याय, शुभम विष्टलगायतले शुभकामना मन्तव्यसहित बधाई ज्ञापन गरेका थिए ।

'क' श्रेणी...

पृष्ठ १ बाट क्रमशः

र अनुगमन गर्ने गर्छ । मुख्यतः राष्ट्रिय मानव अधिकार आयोगमा पछिल्लोपटक (तत्कालीन केपी ओली नेतृत्वको सरकारले) भएको नियुक्ति पारदर्शी र संविधानसम्मत नभएको निष्कर्षसहित घटुवाको सिफारिस गरेको थियो ।

गानरी विधानको १८.१ धाराअनुसार घटुवाको सिफारिस एक वर्षसम्म लागू नहुने र सफाइको मौका दिइने व्यवस्था थियो । सोही व्यवस्थाअनुसार नेपालले सफाइ पाउँदै आफ्नो घटुवा जोगाएको हो । गानरीको स्तर निर्धारणसम्बन्धी उपसमितिले पठाएको पत्रमा नेपालबाट प्राप्त भएको सूचना पूर्णतः पेरिस सिद्धान्तअनुसार भएको भन्दै सन्तुष्टि व्यक्त गरिएको छ । 'हाम्रो सिफारिसलाई सम्बोधन हुने गरी मानव अधिकार आयोगसम्बन्धी विधेयक ल्याउन आयोगले पहल गरेकोमा हामी प्रशंसा गर्दछौं,' स्तर निर्धारण उपसमितिले पठाएको पत्रमा उल्लेख छ । साथै, उपसमितिले संवैधानिक नियुक्तिउपर सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको र ६ डिसेम्बरमा मुद्दाको बहस तोकिएको विषय आफूहरूको नोटमा रहेको उल्लेख गरेको छ । आयोगको श्रेणी घटुवा हुने र अन्तर्राष्ट्रिय मञ्चमा छवि धमिलिने खतरा भएपछि गत २ कात्तिकमा सरकारले आयोगसम्बन्धी कानुन बनाउन सैद्धान्तिक सहमति दिएको थियो ।

तत्कालीन ओली नेतृत्वको सरकारले सन् २०२१ को जुनमा मानव अधिकार आयोगसहितका संवैधानिक निकायमा अध्यादेशको बलमा नियुक्ति गरेको थियो । जसमा, संवैधानिक परिषद्कै सदस्य रहेका तत्कालीन सभामुख र प्रमुख प्रतिपक्षी दलका नेताले आपत्ति जनाएका थिए । नियुक्ति सिफारिसको बैठकमा पनि उनीहरू उपस्थित थिएनन् र नियुक्ति संविधानविपरीत भएको भन्दै सर्वोच्चमा मुद्दासमेत परेको थियो, जुन अहिले पनि विचाराधीन छ ।

मानव अधिकार आयोगको स्वायत्तता मिच्ने गरी अपारदर्शी र संविधानविपरीत पदाधिकारीको नियुक्ति भएको भन्दै नेपालका मानव अधिकारसम्बन्धी संघसंगठनहरूले जेनेभास्थित गानरीमा उजुरी गरेका थिए । अक्टोबरमा बसेको गानरीको बैठकले सो उजुरीका आधारमा नेपालमाथि विशेष समीक्षा गर्ने निर्णय गर्दै छानबिन थालेको थियो । नियुक्ति पारदर्शी नदेखिएपछि छानबिन थालेको एक वर्षपछि स्तर निर्धारणसम्बन्धी उपसमितिले घटुवाको सिफारिस गरेको थियो । यसरी घटुवा सिफारिसमा नेपालसँगै श्रीलंका पनि परेको छ ।



धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिमम प्रदेश, नेपाल

ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल, माटो आदिको बिक्री कर संकलनका लागि विद्युतीय बोलपत्र सम्बन्धि ७ (सात) दिने सूचना

ठेक्का नः 21/DSMC/2080/081
तेश्रो पटक प्रकाशित मितिः २०८०/०७/१६ गते

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२(क) बमोजिम यस धनगढी उप-महानगरपालिकाले आफ्नो क्षेत्र भित्र भएर बग्ने मोहना, खुटिया र शिवगंगा नदी/खोला मा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) ले तोकेको घाटगद्दी स्थलमा धनगढी उप-महानगरपालिकाको आर्थिक ऐन-२०८० को दफा १६, अनुसूची १४ बमोजिम ढुंगा, गिट्टी, वालुवा, भरान, ग्राभेल र माटो संकलन उत्खनन गरिदा बिक्रीकर (रोयल्टी) संकलन गर्नका लागि ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीको लागि सूचना बमोजिमको शर्तको अधिनमा रही ७ (सात) दिने विधुतीय बोलपत्र आव्हान गरिएको छ ।यस संग सम्बन्धित विस्तृत सूचना धनगढी उ.म.न.पा.को वेभसाइट www.dhangadhimun.gov.np र bolpatra.gov.np/egp बाट हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कुमारी बैंक लिमिटेड शाखा कार्यालय कलैया, बाराको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०७/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय कलैया, बाराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो २५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्वन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

तपसिल

ऋणीको विवरण:

१. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा मिति २०७२/११/०६ मा प्रा.फ.र न. ४०१५/२०७२/७३ कायम भई दर्ता रहेको बारा जिल्ला, कलैया न.पा.वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहेको **आईस इलेक्ट्री हाउस**,(प्रोप्राइटर विसून दयाल साह कानूको नाति, बागड साह कानूको छोरा, गिता देविको पति, बारा जिल्ला, कलैया न.पा.वडा नं. ८, बस्ने **माहाविर कुमार गुप्ता** (ना.प्र.नं.३३१०५५/९४२६, जारी मिति २०६७/०९/२८, जिल्ला प्रशासन कार्यालय बारा) ।

२. बागड साह कानूको नातिनी, बासदेव साह कानूको छोरी, माहाविर कुमार गुप्ताको पत्नी बारा जिल्ला, कलैया न.पा. वडा नं. ८, बस्ने **गिता देवि** (ना.प्र.नं. ३३/०१/७२/०४४२२ जारी मिति २०७२/०९/०१, जिल्ला प्रशासन कार्यालय बारा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. दयाल साह कानूको नाति, बागड साह कानूको छोरा, गिता देविको पति, बारा जिल्ला, बारा जिल्ला, कलैया न.पा.वडा नं. ८, बस्ने **माहाविर कुमार गुप्ता** (ना.प्र.नं.३३१०५५/९४२६, जारी मिति २०

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार १६ कार्तिक ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

■ आइसिसी टी-२० विश्वकप एसियन छनोट

ओमान र नेपालबीच श्रेष्ठताको परीक्षा

सुरुवाती दुवै खेल जितेका नेपाल र ओमान समूह 'ए'को विजेता बन्न आज प्रतिस्पर्धा गर्दै

रमेश सुवेदी/नयाँ पत्रिका

आयोजक नेपाल र ओमान बिहीबार त्रिवि क्रिकेट मैदानमा एक-आपसमा प्रतिस्पर्धा गरिरहँदा एउटै लक्ष्य हुनेछ। दुवै टोली समूह 'ए'को विजेताका रूपमा सेमिफाइनलमा प्रवेश गर्न चाहन्छन्। समूह विजेता हुँदा समूह 'बी'को उपविजेतासँग भिड्नुपर्ने हुन्छ। समूह 'ए'को उपविजेताका रूपमा सेमिफाइनलमा खेलिरहँदा सम्भवतः उपाधि दाबेदार मानिएको युएईसँग खेल्नुपर्ने अवस्था आउन सक्छ। यस्तो समीकरण तयार हुँदा विश्वकप खेल्ने सपना बनाइरहेका नेपाल, ओमान र युएईमध्ये एक टोली सेमिफाइनलबाट बाहिरिनेछ।

समूह 'बी'भन्दा 'ए'मा रहेका नेपाल र ओमानले जितबाहेक अन्य विकल्प नतिजा हेरेका छैनन्। प्रतियोगिताको फाइनल पुग्ने दुई टोलीले अर्को वर्ष वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आयोजना गर्ने आइसिसी टी-२० विश्वकपमा स्थान बनाउनेछन्। नेपाल सन् २०१४ पछि पुनः एकपटक विश्वकप खेल्ने नजिक पुगेको छ। नेपाल दोस्रोपटक आइसिसी टी-२० विश्वकप खेल्न दुई खेल टाढा छ।

समूह 'ए'मा नेपाल र ओमान अपराजित छन्। दुवै टोलीले सुरुवाती दुई खेल जित्दै समान चार अंक बटुलेका छन्। तर, रनरेटमा ओमान शीर्ष स्थानमा छ। नेपाल चार अंकका साथ दोस्रो स्थानमा छ। नेपालका कप्तान रोहितकुमार पौडेलले मलेसियालाई पराजित गरेपछि सेमिफाइनलमा समूह विजेताकै रूपमा प्रवेश गर्ने जनाएका थिए। यद्यपि, उपविजेता हुँदा पनि खासै फरक नपर्ने उनको धारणा थियो।

'हाम्रो लक्ष्य सबै खेल जितेर उपाधि जित्ने हो, यद्यपि सेमिफाइनलमा स्थान बनाए पनि समूह विजेताका रूपमा हामी अगाडि बढ्छौं,' उनले भनेका थिए, 'हामीलाई सेमिफाइनलमा जोकोही टोली आए पनि फरक पर्दैन।' पछिल्लो समय उच्च लयमा रहेको नेपाल ओमानविरुद्ध जितका साथ अगाडि बढ्ने योजना छ। पछिल्ला पाँच खेलमा नेपाल एक खेलमा ओमानसँग पराजित भएको थियो। कप्तान पौडेलको कप्तानीमा नेपालले एक वर्षयता ब्याटिङ, बलिङ र फिल्डिङमा सानदार प्रदर्शन गरिरहेको छ।

'हाम्रो लक्ष्य विश्वकप हो। हामी हरेक खेल जित्दै अगाडि बढ्छौं। कुनै पनि टोलीलाई कमजोर मान्दैनौं,' कप्तान रोहितले भनेका छन्। नेपालले पहिलो खेलमा सिंगापुरमाथि ८ विकेटको जित निकालेको थियो। पहिलो खेलमा सिंगापुरविरुद्ध ओपनर कुशल भुर्तेलले ४८ बलमा ७४ रनको योगदान दिएका थिए। सिंगापुरले ९ विकेट गुमाउँदै एक सय ४५ रनको लक्ष्य प्रस्तुत गरेको थियो। नेपालले १६.३ ओभरमा दुई विकेट गुमाउँदै जित हात पारेको थियो। दोस्रो खेलमा नेपालले मलेसियालाई ६ विकेटको जित हात पाऱ्यो।



अंक तालिका					
समूह ए					
टोली	खेल	जित	हार	अंक	रनरेट
ओमान	२	२	०	४	१.३५
नेपाल	२	२	०	४	१.३२
मलेसिया	२	०	२	०	-१.२४
सिंगापुर	२	०	२	०	- १.३७
समूह बी					
युएई	२	२	०	४	१.४९
बहराइन	२	१	१	२	०.१६
हङकङ	२	१	१	२	-०.१०
कुवेत	२	०	२	०	-१.६२

मलेसियाले ९ विकेट गुमाउँदै नेपाललाई एक सय ६६ रनको लक्ष्य दिएको थियो। कुशल मल्लको ६५ रन सहयोगमा नेपालले १२ बलअघि जित निकालेको हो। नेपालको इनिङ्समा कुशलले सात छक्का र दुई चौका प्रहार गरे। ओपनर कुशल भुर्तेलले ४३ रनको योगदान गरे। बलिङतर्फ अभिनाश बोहराले चार विकेट लिए।

हेड टु हेडमा नेपाल बलियो

टी-२० अन्तर्राष्ट्रिय खेलमा नेपाल र ओमानबीच अहिलेसम्म चारपटक प्रतिस्पर्धा भएको छ। जसमा नेपालले पछिल्ला तीन खेलमा जित हात पारेको छ। ओमानको पक्षमा एक खेल छ। नेपालले गत वर्ष भएको विश्वकप छनोटका दुवै खेलमा ओमानलाई हराएको थियो। पछिल्लो भेटमा नेपालले ९ विकेटको जित निकालेको हो। ओमानले दिएको ८९ रनको लक्ष्य नेपालले १६.२ ओभरमा पूरा गरेको हो। २२ बलअघि जित निकाल्ने क्रममा कुशल भुर्तेलले अर्धशतकीय इनिङ्स खेलेका थिए।

सन्दीप लामिछानेले चार ओभरमा मात्र १३ रन खर्चेर तीन विकेट लिएका थिए। त्यो खेल खेलका सन्दीप र भुर्तेलसँगै आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, अभिनाश बोहरा, विवेक यादव अहिले टोलीमा छन्। फेब्रुअरीमै भएको पहिलो खेलमा ओमान ३९ रनले पराजित भएको थियो। फेब्रुअरीमै भएको खेलमा नेपाल ६ विकेटले जित निकाल्न सफल भयो। सन् २०१९ मा भएको पहिलो भेटमा भने ओमान ६ विकेटले जित निकाल्न सफल भएको हो।

मलेसियाले सिंगापुरसँग खेल्दै

समूह 'ए'मा जितविहीन मलेसिया र सिंगापुरबीच प्रतिस्पर्धा हुँदै छ। दुवै टोली समूह चरणबाटै बाहिरिएका छन्। समूह 'बी'बाट युएईको सेमिफाइनल सम्भावना बलियो छ। युएईसँगै बहराइन र हङकङमध्ये दुई टोलीले अन्तिम चार स्थान तय गर्नेछन्। युएईको चार तथा बहराइन र हङकङको समान दुई अंक छ। अंकविहीन कुवेत पुछारमा छ। समूह 'बी'मा युएई र हङकङबीच खेल हुनेछ। बहराइनले कुवेतको सामना गर्दै छ।

पुरस्कार दिने होडबाजी

आइसिसी टी-२० विश्वकप एसियन छनोटमा नेपाली टोलीलाई पुरस्कार दिने होडबाजी चलिरहेको छ। नेपाल विश्वकपमा पुग्दा नोबेल मेडिकलले प्रोत्साहनस्वरूप १५ लाख रुपैयाँ पुरस्कारको घोषणा गरेको छ। कलेजले बुधबार विज्ञप्ति जारी गर्दै विश्वकप छनोट भए अफिसियलसहितको नेपाली टोलीलाई एकमुष्ट १५ लाख दिने घोषणा गरेको हो। यसैगरी, विश्वकप छनोटमा शतक प्रहार गर्ने खेलाडीलाई डिसहोमले १० लाख रुपैयाँ दिने भएको छ। यसअघि, अर्ना बियरले नेपाली खेलाडीलाई आकर्षक पुरस्कारको घोषणा गरेको थियो।

डिसहोमको डिस फाइबरनेटले एकै खेलमा शतक र ५ विकेट लिने खेलाडीलाई २० लाख रुपैयाँ दिने जनाएको छ। एकै खेलमा ५ विकेट लिएमा ५ लाख, अर्धशतक बनाएमा १ लाख, कम्तीमा ३ विकेट लिएमा १ लाख, कम्तीमा ३५ रन बनाएमा ५० हजार र कम्तीमा ३ क्याच वा स्टम्पिङका लागि ५० हजार रुपैयाँ दिने डिएच फाइबरनेटले जनाएको छ।

खेल संक्षेप

प्रदेशस्तरीय राष्ट्रपति कप २६ पुसदेखि

कास्की/ गण्डकी प्रदेशस्तरीय राष्ट्रपति कप रनिङ सिल्ड प्रतियोगिता २६ देखि २८ पुससम्म हुने भएको छ। प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजनामा बुधबार पोखरामा सरोकारवालाहको बैठकले प्रतियोगिताको मिति तय गरेको हो। प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्यसचिव श्रीधर शर्माको अध्यक्षतामा बसेको बैठकमा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष, विभिन्न ६ खेलका पदाधिकारी तथा प्रतिनिधिलगायतको सहभागिता रहेको थियो। पुस दोस्रो साताभित्रमा प्रदेशका ११ जिल्लामा जिल्लास्तरीय प्रतियोगिता गर्नुपर्ने निर्णय बैठकले गरेको छ। जिल्लास्तरीय रनिङ सिल्ड विजेता खेलाडी तथा टिम प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुनेछन्। प्रतियोगितामा ६ खेलमा प्रतिस्पर्धा हुनेछ।

रग्बी टोलीले एसियाली सेभेन खेल्ने

काठमाडौं/ नेपाली राष्ट्रिय रग्बी टोलीले कतारमा हुने एसियाली रग्बी सेभेन्स प्रतियोगितामा सहभागिता जनाउने भएको छ। प्रतियोगितामा १५ राष्ट्रको सहभागिता रहेको छ। प्रतियोगितामा सहभागी हुने राष्ट्रिय पुरुष रग्बी टोली बुधबार कतारको दोहा प्रस्थान गरेको छ। नेपाली टोलीमा १२ खेलाडी छन्। खेलाडीमा विक्रम पुरी, यदु अधिकारी, नवीन गिरी, कार्ल्भिन जोशी, नवीनबहादुर मगर, कपिल सापकोटा, पुजन फेवाली, रमितबहादुर मल्ल, सुरोज राणा, सबिन महत, मनोज मगर र महेश सुनार रहेका छन्। नेपालले पहिलो खेल शुक्रबार पाकिस्तानसँग खेल्नेछ। टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बिदाइ गरेका छन्।

कोहलपुर गोल्डकप सुरु

बाँके/ कोहलपुर गोल्डकप फुटबल प्रतियोगिता बुधबारदेखि सुरु भएको छ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले प्रतियोगिताको उद्घाटन गरेका छन्। मुख्यमन्त्री चौधरीले खेलकुदको विकासलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको बताए। 'सबैलाई बाँध्ने काम खेलकुदले बाहेक अरूले गर्न सक्दैन, यसमा सबै धर्म, जाति र सम्प्रदाय अटाउन सक्छन्,' चौधरीले भने। प्रदेश खेलकुद परिषद्का सदस्यसचिव जयप्रसाद भट्टराईले प्रदेश सरकारले रातो किताबमा बजेट विनियोजन गरी प्रतियोगितालाई दीर्घकालीन रूपमा सञ्चालन गर्न सहयोग गर्नुपर्ने बताए।

ब्याडमिन्टनमा श्रेष्ठकै निरन्तरता

काठमाडौं/ रामजीबहादुर श्रेष्ठ नेपाल ब्याडमिन्टन संघको अध्यक्षमा पुनः निर्वाचित भएका छन्। नयाँ बानेश्वरमा संघको छैटौं अधिवेशनले श्रेष्ठको अध्यक्षतामा ३८ सदस्यीय कमिटी निर्विरोध चयन गरेको हो। पूर्वराष्ट्रिय च्याम्पियनसमेत रहेका श्रेष्ठ लगातार दोस्रो कार्यकालका लागि अध्यक्षमा निर्वाचित भएका हुन्। पहिलोपटक उनी ०७२ सालमा अध्यक्ष चुनिएका थिए। उनीसँग महासचिवको पनि अनुभव छ। श्रेष्ठको नयाँ केन्द्रीय कमिटीमा १० उपाध्यक्ष, एक महासचिव, एक उप-महासचिव, ५ सचिव, एक कोषाध्यक्ष, एक सह-कोषाध्यक्ष र १९ सदस्य छन्।

■ पलेशालाई प्रधानमन्त्री दाहालको बधाई



काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद्का संरक्षक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चीनको हाङझाउमा भएको चौथो एसियाली पारा खेलकुदको तेक्वान्दोमा नेपाललाई एक मात्र कांस्य पदक दिलाएकी पलेशा गोवर्धनलाई बुधबार बधाई दिएका छन्। प्रधानमन्त्री दाहालले पलेशालाई सिंहदरबारमा भेटी बधाई दिएका हुन्। प्रशिक्षक कविराज नेगी लामा र व्यवस्थापक रामचन्द्र श्रेष्ठलाई पनि प्रधानमन्त्री दाहालले बधाई दिए। पलेशाले के-४४ क्याटेगोरीको महिला ५७ केजीमुनि कांस्य पदक जितेकी थिइन्। पलेशाले जितेको पदक नेपालले एसियाली पारा खेलकुदमै जितेको पहिलो पदक हो।

■ आइसिसी एकदिवसीय विश्वकप- २०२३

दक्षिण अफ्रिका शीर्ष स्थानमा

तीन सय ५८ रनको लक्ष्य पछ्याएको न्युजिल्यान्ड ३५.३ ओभरमा एक सय ६७ रनमै धराशायी

पुने/ दक्षिण अफ्रिकाले न्युजिल्यान्डलाई एक सय ९० रनको फराकिलो अन्तरले हराउँदै आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको शीर्ष स्थानमाथि कब्जा जमाएको छ। पुनेमा पहिलो ब्याटिङ गरेको दक्षिण अफ्रिकाले ५० ओभरमा चार विकेट गुमाएर तीन सय ५७ रनको विशाल योगफल खडा गरेको थियो। प्रत्युत्तरमा न्युजिल्यान्डले ३५.३ ओभरमा सबै विकेट गुमाउँदै एक सय ६७ रन मात्र जोड्यो। जितसँगै दक्षिण अफ्रिकाले सात खेलबाट १२ अंक जोडेको छ। न्युजिल्यान्ड आठ अंकका साथ चौथो स्थानमा सीमित भएको छ।

दक्षिण अफ्रिकाको जितमा ओपनर क्विन्टन डी कोक र भान डे दुसानले शतकीय इनिङ्स खेलेका थिए। दक्षिण अफ्रिकाले न्युजिल्यान्डलाई सन् १९९९ को विश्वकपपछि हराएको हो। दुई दशकपछि दक्षिण अफ्रिकाले न्युजिल्यान्डमाथि विश्वकपमा सानदार जित निकाल्न सफल भयो। चालू विश्वकपमा दक्षिण अफ्रिकाले सात खेल खेल्यो। यसक्रममा चारपटक दक्षिण अफ्रिकाले तीन सय ५० रनमाथिको योगफल खडा गरेको छ। डी कोकले आफ्नो २१औं एकदिवसीय अन्तर्राष्ट्रिय शतक पूरा गरे।



उनले सन् २०१५ र २०१९ को संस्करणमा पनि शतक लगाएका थिए। न्युजिल्यान्डविरुद्धको खेलमा दक्षिण अफ्रिकाले अन्तिम २० ओभरमा दुई सय दुई रन बनाएको थियो। पहिलो ब्याटिङ गरेको दक्षिण अफ्रिकाले ३१ देखि ५० ओभरसम्म तीन विकेट मात्र गुमाएको थियो। यसक्रममा डेभिड मिलरले ३० बलमा दुई चौका र चार छक्का प्रहार गरी ५३ रन बनाए। भान डेरले एक सय १८ बलमा एक सय ३३ रन जोडे। उनले नौ चौका र पाँच छक्का ठोके।

डी कोकको विश्वकपमा चौथो शतक

दक्षिण अफ्रिकाका ओपनर डी कोकले आइसिसी एकदिवसीय विश्वकपमा चौथो शतक प्रहार गरेका छन्। उनले विश्वकपअन्तर्गत न्युजिल्यान्डविरुद्धको महत्त्वपूर्ण खेलमा शतकीय इनिङ्स खेलेका हुन्। उनले एक सय तीन बलमा शतक पूरा गरेका हुन्। चालू विश्वकपमा उनले श्रीलंकाविरुद्ध सय रन, अस्ट्रेलियाविरुद्ध एक सय ९ र बंगलादेशविरुद्ध एक सय ७४ रनको इनिङ्स खेलेका थिए। एकै विश्वकपमा सर्वाधिक शतक लगाउने भारतका कप्तान रोहित शर्मा हुन्। डी कोक एकै विश्वकपमा चार शतक संख्या पूरा गर्ने विश्वका तेस्रो र दक्षिण अफ्रिकाका पहिलो खेलाडी हुन्।

न्युजिल्यान्डविरुद्धको इनिङ्समा उनले एक सय १६ बलमा १० चौका र तीन छक्का प्रहार गरेका थिए। उनले आफ्नो इनिङ्समा एक सय १४ रन बनाए।

लक्ष्य पछ्याएको न्युजिल्यान्डको इनिङ्समा केशव महराजले ४६ रन खर्चेर सर्वाधिक चार विकेट लिए। न्युजिल्यान्डका लागि ग्लेन फिलिप्सले सर्वाधिक ६० रनको योगदान दिए। उनले ५० बलमा समान चार चौका र छक्का प्रहार गरे। यसैगरी, विली योङ्डले ३७ बलमा पाँच चौकाको सहयोगमा ३३ रन बनाए।

दोस्रोपटक मध्यपूर्वी एसियामा विश्वकप हुने



जुरिच/ अस्ट्रेलियाले अन्तिम समयमा आयोजनाको दाबेदारी प्रस्तुत नगर्ने भएपछि साउदी अरेबियाले सन् २०३४ को फिफा विश्वकप फुटबल प्रतियोगिता गर्ने निश्चित भएको छ। ११ वर्षपछि हुने विश्वकपमा अहिले साउदी अरेबिया मात्र एक्लो दाबेदारका रूपमा अगाडि बढेको छ। फिफा अध्यक्ष जियानी इन्फान्टिनोले साउदी अरेबियाबाहेक अन्य कुनै पनि राष्ट्रले आयोजनाको दाबेदारी प्रस्तुत नगरेको जनाएका छन्। यससँगै उनले साउदी अरेबियाले नै विश्वकप आयोजना गर्ने जनाएका छन्। सन् २०३४ को विश्वकप आयोजनामाथि दाबी प्रस्तुत गर्न मंगलबार रातिसम्म डेटलाइन थियो। यस अवधिमा साउदी अरेबिया र अस्ट्रेलिया मात्र अगाडि थिए। तर, अन्तिम डेटलाइनमा अस्ट्रेलियाले दाबी प्रस्तुत नगर्ने जनायो।

अस्ट्रेलियन फुटबलका प्रमुख जेम्स जोहान्सनले अस्ट्रेलिया ११ वर्षपछि विश्वकप आयोजक बन्न इच्छुक नभएको स्पष्ट पारेका छन्। 'हामी सन् २०३४ को विश्वकप आयोजना गर्न तयार छैनौं,' जेम्सले भनेका छन्, 'साउदी अरेबियालाई प्रमुख दाबेदारका रूपमा हामीले पनि लिएका छौं।' साउदी अरेबियाले सञ्चालन गरिरहेको प्रो लिगमा युरोपियन खेलाडीहरूको आमगनले पनि विश्वकप आयोजना गर्न सक्ने राष्ट्रका रूपमा आफूले लिएको उनले बताए।

अस्ट्रेलियाले दाबेदारीबाट नाम फिर्ता लिएपछि साउदी अरेबियाले सन् २०३४ को फिफा विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्नेछ

'वर्तमान समयमा साउदी प्रो लिगमा हामी कसैले पनि नसोचेको रकम बगिरहेको छ, त्यस किसिमको लगानी हामी गर्न सक्दैनौं,' जेम्सले अस्ट्रेलियाले विश्वकप आयोजना गर्न नसक्नुको कारणमध्ये भनेका छन्, 'सरकार पनि फुटबल प्रतियोगिता आयोजना तयार छैन, धेरै समस्या आउने भएकाले हामीले दाबेदारी प्रस्तुत नगरेका हौं।'

फिफाका अध्यक्ष इन्फान्टिनोले फुटबललाई समग्र विश्वलाई एकता दिने खेलका रूपमा टिप्पणी गरेका छन्। 'फुटबलले विश्वलाई अन्य कुनै खेलजस्तै एकताबद्ध गर्दछ, विश्वकप एकता र समावेशीकरणको सन्देश दिने उत्कृष्ट माध्यम हो,' उनले भनेका छन्, 'फरक-फरक देशका विभिन्न संस्कृति कसरी सँगै हुन सक्छन् भन्ने प्रमाण पनि फुटबल हो।'

सन् २०३४ को विश्वकप आयोजनाका लागि साउदीबाहेक अन्य कुनै राष्ट्रले दाबेदारी नदिए पनि यसको अन्तिम निर्णय भने फिफाको कार्यसमिति बैठकले गर्नेछ। साउदी अरेबिया मध्यपूर्वी एसियामा विश्वकप गर्ने दोस्रो खाडी राष्ट्र हो। गत वर्ष कतारले विश्वकप आयोजना गरेको थियो। जसमा अर्जेन्टिनाले फाइनलमा फ्रान्सलाई टाइब्रेकरमा हराएको थियो।

युरोपियन राष्ट्रलाई समस्या

अरब राष्ट्रमा फुटबल प्रतियोगिता हुँदा विश्वका अन्य फुटबल खेल्ने राष्ट्रलाई समस्या पर्न सक्छ। सामान्य गरी विश्वकप फुटबल प्रतियोगिता जुन र जुलाई महिनामा हुन्छ। तर, यस समयमा खाडी क्षेत्रमा अत्यधिक गर्मी हुन्छ। गर्मी मौसममा फुटबल प्रतियोगिता गर्न सम्भव हुँदैन। यस कारण साउदी अरेबियाले पनि विश्वकप जाडो मौसममै गर्नुपर्ने हुन्छ। यस किसिमको खेल तालिका प्रकाशित हुँदा युरोपियन लिग प्रभावित हुन सक्छ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com